निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/- Pages-8

वर्ष २०: अङ्क: २९२, वि.सं. २०८३, कार्तिक १५ गते, आइतवार, १ नोभेम्बर, २०२६ POSTAL REGD NO. WB/SKM/119/2024-2026 RNI NO.SIKNEP/2007/21386 01 NOVEMBER, 2026, SUNDAY, GANGTOK

गान्तोकमा कम्प्युटेशनल म्याथम्याटिक्स एण्ड एप्लिकेशन्स सम्बन्धी दुईदिने अन्तरराष्ट्रिय सम्मेलन सम्पन्न



गान्तोक, ३१ अक्टोबरः कम्प्युटेशनल म्याथम्याटिक्स एण्ड एप्लिकेशन्स (आईसीसीएमए २०२६) विषयक दोस्रो अन्तरराष्ट्रिय सम्मेलन ३० अक्टोबरमा गान्तोकमा सफलतापूर्वक सम्पन्न भएको छ।

गान्तोकस्थित एउटा होटलमा २९ र ३० अक्टोबरमा आयोजित यस सम्मेलनको आयोजन संयुक्त रूपमा नेशनल इन्स्टिट्युट अफ् टेक्नोलोजी (एनआईटी) सिक्किम, एनआईटी सिलचर र एनआईटी नागाल्याण्डले गरेका थिए। यस अन्तरराष्ट्रिय कार्यक्रममा भारत तथा विदेशका शिक्षाविद्, अनुसन्धानकर्ता, विद्वान् र विशेषज्ञहरू भेला भई कम्प्युटेशनल म्याथम्याटिक्स (गणितीय गणना)-को क्षेत्रमा भइरहेका नयाँ विकासक्रम र यसका विविध प्रयोगहरूबारे गहन विमर्श गरे।

आईसीसीएमए २०२६ को उद्घाटन २९ अक्टोबरमा विशिष्ट शिक्षाविद् तथा अतिथिहरूको उपस्थितिमा गरिएको थियो। सिक्किम सरकारका शिक्षामन्त्री राजु बस्नेतले उद्घाटन सत्रमा मुख्य अतिथिका रूपमा सहभागिता जनाए। स्लोभाकियाको स्लोभाक एकाडेमी अफ् साइन्सेसकी प्राध्यापक इभाना बुडिन्स्का, दिल्ली टेक्नोलोजिकल युनिभर्सिटीका प्राध्यापक आरके शर्मा र एनआईटी पटनाका निर्देशक प्राध्यापक प्रदीप कुमार जैनले कार्यक्रममा विशिष्ट अतिथिका रूपमा उपस्थिति जनाए। उद्घाटन सत्रमा एनआईटी सिक्किमका निर्देशक तथा मुख्य संरक्षक प्राध्यापक महेश चन्द्र गोभिल, सम्मेलनका अध्यक्ष डा. केदारनाथ दासका साथै अन्य विशिष्ट अतिथि, सहभागी र आयोजक समितिका सदस्यहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राजु बस्नेतले भारत र विदेशका अनुसन्धानकर्ता तथा विद्वानहरूलाई एकै ठाउँमा ल्याएकोमा तीनवटै एनआईटीलाई बधाई दिए। उनले वैज्ञानिक ज्ञान र नवाचारलाई अघि बढ़ाउन शैक्षिक सहकार्यको महत्त्वमाथि जोड़ दिए।

आधुनिक विज्ञान तथा प्रविधिमा गणितको आधारभूत भूमिकाबारे चर्चा गर्दै मन्त्री बस्नेतले आर्टिफिशियल इन्टेलिजेन्स (कृत्रिम बुद्धिमत्ता), चिकित्सा क्षेत्र, इञ्जिनियरिङ र मौसम पूर्वानुमानजस्ता क्षेत्रमा गणितको बढ्दो सान्दर्भिकताका बारेमा बताए। उनले सिक्किम राज्यका विद्यार्थीहरूका लागि ज्ञान, अवसर र व्यापक अनुभव प्रदान गर्ने शैक्षिक तथा अनुसन्धानमूलक पहलहरूमा सिक्किम सरकारको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

प्राध्यापक इभाना बुडिन्स्काले आफ्नो सम्बोधनमा अन्तरराष्ट्रिय शैक्षिक सहकार्यको महत्त्वबारे प्रकाश पारिन्। उनले भारत र स्लोभाकियाका अनुसन्धानकर्ता तथा संस्थाहरूलाई थप सहकार्य गर्न र ज्ञान तथा विशेषज्ञताको आदान-प्रदानमार्फत अर्थपूर्ण समन्वय (सिनर्जी) सिर्जना गर्न प्रोत्साहित गरिन्। यस अवसरमा बोल्दै प्राध्यापक आरके शर्माले सैद्धान्तिक र कम्प्युटेशनल गणितबीचको पूरक सम्बन्धलाई प्रकाश पारे। उनले जटिल समस्याहरूको समाधान अन्वेषण र अनुमान गर्न कम्प्युटेशनल विधिहरूले शक्तिशाली उपकरण प्रदान गर्ने भए पनि यस्ता नतिजाहरूको वैधता र विश्वसनीयता स्थापित गर्न गणितीय सिद्धान्त र

➡रहल पृष्ठ ७ मा

सिक्किम आइडलको अन्तरराष्ट्रिय उड़ान

सिक्किममा ६-८ दिसम्बरसम्म फिजिकल अडिशन

● देव दर्जी

गान्तोक, ३१ अक्टोबरः सिक्किमको प्रतिष्ठित गायन रियालिटी शो सिक्किम आइडल तेस्रो संस्करणमा प्रवेश गरेसँगै राज्य स्तरदेखि अन्तरराष्ट्रिय स्तरमा आफ्नो नौलो यात्रा शुरु गर्न अग्रसर भएको छ। यद्यपि, उक्त प्रतियोगिताको वरिष्ठ वर्गलाई मात्रै अन्तरराष्ट्रिय स्वरूपमा आयोजन गरिने भएको छ। कनिष्ठ वर्गलाई राज्यस्तरमै आयोजन गरिनेछ।

सिक्किमलाई विश्वको सांस्कृतिक नक्सामा स्थापित गर्न, पर्यटन प्रवर्द्धन गर्न तथा प्राकृतिक सुन्दरताको अवलोकन गराउन हेतु यस प्रतियोगितालाई अन्तरराष्ट्रियस्तरमा लैजाने योजना बनाइएको आयोजक समितिले बताएको छ। शनिवार आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै मुख्य कार्यक्रम सञ्चालन अधिकारी डा. मनोज राईले प्रतियोगिताका प्राविधिक पक्षहरूमाथि प्रकाश पारे। उनले भने, ''सिक्किम आइडलको वरिष्ठ वर्गमा संसारका जुनै पनि क्षेत्रबाट प्रतियोगीले अंशग्रहण गर्न सक्नेछन्। आजैदेखि अनलाइन अडिशन शुरु भएको छ। फिजिकल अडिशन काठमाड़ौँ, देहरादून, गुवाहाटी र बिर्तामोड़मा ३० नोभेम्बरमा हुनेछ। सिलगढ़ी, दार्जीलिङ र कालेबुङमा ३ दिसम्बरमा आयोजन हुनेछ। सिक्किममा ६, ७ र ८ दिसम्बरमा अडिशन आयोजन गरिनेछ।



सिक्किम आइडल आयोजक समितिका प्रतिनिधि।

फिजिकल अडिशन

३० नोभेम्बरः देहरादून, गुवाहाटी, काठमाड़ौँ, बिर्तामोड़
३ दिसम्बरः सिलगढ़ी, कालेबुङ, दार्जीलिङ
६,७ र ८ दिसम्बरः सिक्किमका सबै जिल्ला

सिक्किममा कनिष्ठ र वरिष्ठ वर्गका लागि एउटै स्थानमा अडिशन आयोजन हुनेछन्। हामी सिक्किमका छः वटै जिल्लामा जानेछौँ। अनलाइन अडिशन आजदेखि शुरु भएर २५ नोभेम्बरसम्म हुनेछ। त्यसपछि पाँच दिन भने प्राप्त भएका भिडियोहरू जाँच गर्नेछौँ। हामी अनलाइन अडिशनबाट छनोट भएकाहरूलाई पहिलो प्राथमिकता दिएर पछि फिजिकल अडिशन गर्नेछौँ।'' वरिष्ठ वर्गमा १५ वर्षदेखि अधिक उमेर समूहका प्रतियोगीहरूले भाग लिन सक्नेछन् भने कनिष्ठ वर्गमा १४ वर्षभन्दा मुनिका प्रतियोगीले अंशग्रहण गर्न सक्नेछन्।

निर्णायकहरूबारे पछि जानकारी प्रदान गरिने डा. राईले बताए।

''अनलाइन अडिशनपछि सिलगढ़ी र गान्तोकमा प्रि-मेगा अडिशन आयोजन गरिनेछ। दुईवटा प्रि-मेगा अडिशनपछि मेगा अडिशन आयोजन गरिनेछ। गान्तोकमा आयोजन हुने मेगा अडिशनमा दुवै वर्गबाट शीर्ष १६-१६ जना प्रतियोगीलाई गाला चरणका लागि छनोट गर्नेछौँ। फाइनलका लागि दुवै वर्गबाट शीर्ष पाँच-पाँचजना प्रतियोगीलाई छनोट गर्नेछौँ।''

प्रतियोगीहरूले sikkimidolint@gmail.com

➡रहल पृष्ठ ७ मा

पुलिस निरीक्षक सिलाश तामाङ प्रतिष्ठित केन्द्रिय गृहमन्त्री दक्षता पदकका लागि छनोट



गान्तोक, ३१ अक्टोबरः हाल गान्तोक ट्राफिक शाखामा कार्यरत सिक्किम पुलिसका निरीक्षक सिलाश तामाङ प्रतिष्ठित केन्द्रिय गृहमन्त्री दक्षता पदकका लागि छनोट भएका छन्।गृह मन्त्रालयद्वारा स्थापित यो राष्ट्रिय स्तरको पुरस्कारले पुलिसकर्मी तथा अन्य अधिकारीहरूले पुऱ्याएको उत्कृष्ट सेवा र उनीहरूको व्यावसायिक उत्कृष्टताको कदर गर्दछ। ३१ अक्टोबरमा घोषणा गरिए अनुसार, यस वर्ष देशभरिबाट कुल ४९० जना कर्मचारीलाई यो पदकका लागि छनोट गरिएको छ। उनलाई यो पुरस्कार हत्या र बलात्कारका घटनाहरूको उत्कृष्ट अनुसन्धान गरी दोषीहरूलाई आजीवन कारावासको सजाय दिलाउन सफल भएकोमा प्रदान गरिन लागेको हो।

तीनदिने ब्लुमिङ याङ्गाङ-२०२६ समाप्त



याङ्गाङ, ३१ अक्टोबरः याङ्गाङ पर्यटन विकास समिति (वाईटीडीसी)-द्वारा आयोजित ब्लुमिङ याङ्गाङ २०२६ को दोस्रो संस्करण शनिवार याङ्गाङमा सम्पन्न भएको छ। सिक्किम सरकारका मन्त्री पुरण कुमार गुरुङले मुख्य अतिथिका रूपमा यस कार्यक्रममा सहभागिता जनाए।

समापन समारोहमा सिक्किम विधानसभाकी उपाध्यक्ष तथा क्षेत्र विधायक राजकुमारी थापा, खाद्य प्रशोधन विभागका सल्लाहकार सीएल गुरुङ, पञ्चायती राज विभागकी सल्लाहकार रोमा तामाङ, याङ्गाङका एसडीएम केएल दाहाल, बीडीओ निदे भोटिया, तेस्रो इण्डियन रिजर्भ बटालियन (आईआरबीएन) माङ्लेकी कमान्डेन्ट लिण्डा पाल्मु, बागवानी विभागका सचिवलगायत विभिन्न विभागका सल्लाहकार, अध्यक्ष, सरकारी अधिकारी, एसकेएम पार्टीका कार्यकर्ता, समाजसेवी, वाईटीडीसीका सदस्य र सर्वसाधारणको उपस्थिति थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य अतिथि मन्त्री पुरण कुमार गुरुङले ब्लुमिङ याङ्गाङको अवधारणा ल्याई यसको आयोजना गरेकोमा याङ्गाङ पर्यटन विकास समितिको प्रशंसा गरे। उनले वाईटीडीसीको यस नवीन प्रयासप्रति आफ्नो समर्थन व्यक्त गर्नुका साथै पुष्प खेती, पर्यटन र स्थानीय उद्यमशीलतालाई प्रवर्द्धन गर्न समितिले गरिरहेको निरन्तर प्रयासको सराहना गरे। मन्त्रीले कार्यक्रममा आमन्त्रण गरेकोमा समितिलाई धन्यवाद ज्ञापन गर्दै जमिनी स्तरमा अवसर सिर्जना गर्न समुदाय-केन्द्रित पहलहरूको महत्त्वमाथि प्रकाश पारे।

क्षेत्र विधायक तथा उपाध्यक्ष राजकुमारी थापाले आफ्नो सम्बोधनमा ब्लुमिङ याङ्गाङ आयोजना गर्नुको मुख्य उद्देश्यबारे जानकारी दिइन्। उनले यस पहललाई पुष्प खेतीको प्रवर्द्धन, स्थानीय जीविकोपार्जनको सुदृढ़ीकरण, उद्यमशीलतालाई प्रोत्साहन र याङ्गाङलाई एक उदीयमान पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने मञ्चका रूपमा परिकल्पना गरिएको बताइन्।

उनले स्थानीय जनताको जीवनमा सकारात्मक प्रभाव पार्नका लागि सम्बन्धित सरकारी विभागहरूसँग सहकार्य गर्दै वाईटीडीसीले खेलेको महत्त्वपूर्ण भूमिकामाथि पनि जोड़ दिइन्। समन्वयात्मक प्रयासमार्फत, यस पहलले स्थानीय मानिसहरूलाई-विशेष गरी किसान र उद्यमी बन्न चाहनेहरूलाई-फूल खेती, मूल्य अभिवृद्धि र यससँग सम्बन्धित अन्य गतिविधिहरूमा आयआर्जनको दिगो स्रोतका रूपमा अवसर खोज्न प्रोत्साहित गरिरहेको छ।

२९ देखि ३१ अक्टोबरसम्म सञ्चालित तीनदिने महोत्सवले फूल उत्पादक, किसान, उद्यमी, कारिगर, सरकारी निकाय र आगन्तुकहरूलाई एउटै मञ्चमा भेला गरायो। यसले याङ्गाङ र समग्र नाम्ची जिल्लाको पुष्प खेतीसम्बन्धी सम्भावना, कृषि विविधता, पर्यटनका अवसर र सांस्कृतिक सम्पदालाई उजागर गऱ्यो।

नाम्ची जिल्ला स्तरमा आयोजित यस महोत्सवको दोस्रो संस्करणमा ५१ भन्दा अधिक प्रदर्शनी कक्ष (स्टल) थिए, जहाँ विभिन्न प्रकारका फूल, सजावटी बिरुवा र पुष्प खेतीजन्य उत्पादहरू राखिएका थिए। यस प्रदर्शनीले स्थानीय उत्पादक र उद्यमीहरूलाई आफ्ना काम प्रदर्शन गर्ने, ज्ञान आदान-प्रदान गर्ने तथा आफ्ना गतिविधि

➡रहल पृष्ठ ७ मा

लोक भवनमा राष्ट्रिय एकता दिवस पालन, सरदार वल्लभभाइ पटेलको प्रतिमामा माल्यार्पण



गान्तोक, ३१ अक्टोबर (हिस): राष्ट्रिय एकता दिवसको अवसरमा सिक्किमको लोक भवन परिसरमा भारतका लौहपुरुष सरदार वल्लभभाइ पटेलको जयन्ती श्रद्धापूर्वक पालन गरिएको छ। यस अवसरमा सिक्किमका राज्यपाल दुष्यन्त गौतमको तर्फबाट आयुक्त एवं सचिव जितेन्द्र सिंह राजेले लोक भवन परिसरमा स्थापित सरदार वल्लभभाइ पटेलको प्रतिमामा माल्यार्पण गरी श्रद्धाञ्जली अर्पण गरे।

लोक भवनका अनुसार, कार्यक्रममा लोक भवन सचिवालयका अधिकारी तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। माल्यार्पणपछि उपस्थित सबैले देशको एकता, अखण्डता र सुरक्षालाई कायम राख्ने प्रतिबद्धतासहित राष्ट्रिय एकता दिवसको शपथ ग्रहण गरे। आयुक्त राजेले राष्ट्रिय एकता र अखण्डताका महान् शिल्पकार सरदार वल्लभभाइ पटेलप्रति श्रद्धाञ्जली अर्पण गर्दै भारतलाई एकताको सूत्रमा बाँध्न उनले पुऱ्याएको अतुलनीय योगदान र राष्ट्रप्रतिको अटुट समर्पणले सबैलाई सदैव प्रेरित गरिरहने बताए।

उल्लेखनीय छ, सरदार वल्लभभाइ पटेल स्वतन्त्र भारतका प्रथम उपप्रधानमन्त्री तथा गृहमन्त्री थिए। देशका ५०० भन्दा अधिक रियासतहरूको एकीकरण गरी अखण्ड भारत निर्माणमा उनले ऐतिहासिक भूमिका निर्वाह गरेका थिए। यही योगदानका कारण उनलाई 'भारतका लौहपुरुष' भनेर चिनिन्छ। उनको जयन्तीको अवसरमा प्रत्येक वर्ष ३१ अक्टोबरलाई राष्ट्रिय एकता दिवसका रूपमा मनाइन्छ।

योकसममा आयोजित बलिहाङ तोङ्नाम उत्सवमा विधायक सुदेश सहभागी



गेजिङ, ३१ अक्टोबर (आईपीआर): मानेबुङ-देन्ताम समष्टिका विधायक तथा पर्यटन एवं नागरिक उड्डयन विभागका सल्लाहकार सुदेशकुमार सुब्बा शनिवार योकसममा जारी तीनदिने 'बलिहाङ तोङ्नाम' उत्सवको दोस्रो दिन मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए।

३० अक्टोबरदेखि शुरु भएको यो उत्सव लिम्बू समुदायको समृद्ध सांस्कृतिक सम्पदा, परम्परा र पहिचानलाई मनाउन तथा प्रवर्द्धन गर्न आयोजन गरिएको हो। यस कार्यक्रमले यस क्षेत्रमा सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्य पनि राखेको छ।

यस अवसरमा सड़क तथा पुल विभागका अध्यक्ष बीएम लिम्बू, भवन तथा आवास विभागकी विशेष कर्तव्य अधिकारी सपना लिम्बू, याङ्थाङका विधायकका विशेष कर्तव्य अधिकारी पूजन राई, गेजिङका जिल्ला अध्यक्ष डीएस लिम्बू, राज्य औषधीय वनस्पति

➡रहल पृष्ठ ७ मा

पाकिममा जिल्ला सड़क सुरक्षा समितिद्वारा सड़क सुरक्षा उपायहरूको समीक्षा

पाकिम, ३१ अक्टोबर (आईपीआर): पाकिमका अतिरिक्त जिल्लापाल पुलकितको अध्यक्षता तथा पाकिमका पुलिस अधीक्षक छिरिङ शेर्पाको उपस्थितिमा शनिवार पाकिमस्थित एडीसीको कार्यकक्षमा जिल्ला सड़क सुरक्षा समिति (डीआरएससी)-को बैठक सम्पन्न भयो।

बैठकमा सड़क सुरक्षासम्बन्धी विभिन्न विषयमाथि विचार-विमर्श गरिनुका साथै जिल्लाभरि सड़क सुरक्षा संयन्त्रलाई सुदृढ़ पार्ने उपायहरूको समीक्षा गरियो।

बैठकको क्रममा समितिले अघिल्ला बैठकहरूमा गरिएका निर्णयहरूको समीक्षा गऱ्यो। यस क्रममा दुर्घटनाको उच्च जोखिम भएका क्षेत्र, ट्राफिक नियमन, कानून कार्यान्वयनका उपाय, सड़क पूर्वाधार र अन्य सड़क सुरक्षासम्बन्धी विषयहरूमा चर्चा केन्द्रित रह्यो। सदस्यहरूले राष्ट्रिय राजमार्ग र अन्य महत्त्वपूर्ण सड़क खण्डहरूमा सड़क सङ्केत, गति सीमा, सड़क मार्किङ र सुरक्षा उपायहरूमा सुधार ल्याउने विषयमा पनि चर्चा गरे।




अध्यक्षले राष्ट्रिय राजमार्गमा पेट्रोल पम्प र सार्वजनिक शौचालयजस्ता अत्यावश्यक सुविधा जनाउने पर्याप्त सङ्केत राख्नुपर्ने साथै घुमाउरा मोड़ र ब्लाइण्ड स्पट (नदेखिने मोड़)-हरूमा सावधानीमूलक सङ्केत राख्नुपर्ने आवश्यकतामाथि जोड़ दिए। यसबाहेक, वाहनसम्बन्धी कागजात, प्रदूषण नियन्त्रणका उपाय, निरीक्षण प्रक्रिया र अधिकृत केन्द्रहरूको कार्यप्रणालीबारे पनि चर्चा भयो। अन्य विषयहरूमा आपतकालीन प्रतिक्रिया संयन्त्र, आपतकालीन हेल्पलाइन नम्बरहरूबारे जनचेतना, ट्रकहरूको आवतजावतको नियमन, सड़क निगरानी क्यामेराहरूको कार्यक्षमता, मादक पदार्थ सेवन गरी वाहन चलाउने प्रवृत्ति र अवैध पार्किङजस्ता कुराहरू सामेल थिए।

बैठकमा सिक्किम इन्स्पायर्स पहलअन्तर्गत पर्यटन प्रवर्द्धन र महिलाहरूका लागि जीविकोपार्जनका अवसरहरू सिर्जना गर्ने विषयमा पनि चर्चा गरियो। समितिका सदस्यहरूले सड़क सुरक्षाका चुनौतीहरूबारे आफ्ना अवलोकन र चिन्ता व्यक्त गरे; जसमा वाहन बिग्रिने समस्या र जोखिमपूर्ण सड़क खण्डहरूमा उचित सुरक्षा प्रबन्धको आवश्यकताजस्ता विषयहरू समेटिएका थिए।

चर्चापछि अध्यक्षले एनएचआईडीसीएल (राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड) लाई रम्फू-रानीपुल राजमार्गमा पर्याप्त सड़क सङ्केत राख्न सुनिश्चित गर्न निर्देशन दिए। विद्यार्थी तथा अन्य सड़क प्रयोगकर्ताहरूको सुरक्षा सुनिश्चित गर्न पाकिमस्थित सेन्ट जेभियर्स स्कूलको प्रवेशद्वारमा स्पिड ब्रेकर (गति अवरोधक) राख्न पनि निर्देशन दिइयो।

बैठकमा सड़क तथा पुल विभागका एसई टीएन अधिकारी, पाकिमका उप-आरटीओ डीपी शर्मा, आयुषका एमओ डा. कुलजन लामा र पाकिमका एमईओ सञ्जु प्रधानलगायत समितिका सदस्यहरूको उपस्थिति थियो।

राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री मोदीद्वारा सरदार पटेललाई श्रद्धाञ्जली, राष्ट्रिय एकता दिवस पालन



नयाँ दिल्ली, ३१ अक्टोबर (हिस): देशभर शनिवार लौह पुरुष सरदार वल्लभभाइ पटेलको १५१औँ जयन्ती मनाइयो। यस अवसरमा राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदील लगायत धेरै वरिष्ठ नेताहरूले उनीप्रति श्रद्धाञ्जली अर्पण गरे। देशमा यस दिनलाई 'राष्ट्रिय एकता दिवस' का रूपमा पनि मनाइन्छ।

राष्ट्रपति द्रौपदी मुर्मू लगायत विभिन्न विशिष्ट व्यक्तित्वहरूले राष्ट्रपति भवनको गणतन्त्र मण्डप तथा दिल्ली स्थित सरदार पटेल चोकमा सरदार वल्लभभाइ पटेललाई पुष्पाञ्जली अर्पण गरे। यस क्रममा राष्ट्र निर्माण तथा देशको एकीकरणमा उनले पुऱ्याउनु भएको ऐतिहासिक योगदानको स्मरण गरियो। उपराष्ट्रपति सीपी राधाकृष्णनले सामाजिक सञ्जाल एक्स मार्फत सरदार पटेललाई श्रद्धाञ्जली अर्पण गर्दै उनको असाधारण जीवन राष्ट्रिय एकता, दृढ़ सङ्कल्प तथा निःस्वार्थ सेवाको शक्तिको प्रमाण भएको बताए। उनले राष्ट्रिय एकता दिवसका अवसरमा राष्ट्र निर्माणमा सरदार पटेलको महान् योगदानलाई देशले कृतज्ञतापूर्वक स्मरण गरिरहेको बताए। उनको विरासतले आज पनि एकता र प्रगतिको दिशामा भारतलाई मार्गदर्शन गरिरहेको उनले उल्लेख गरे। प्रधानमन्त्री नरेन्द्र मोदीले सरदार पटेलको स्मरण गर्दै उनले आफ्नो सम्पूर्ण जीवन सशक्त, समृद्ध र समर्थ भारतको निर्माणमा समर्पित गरेको बताए। प्रधानमन्त्रीले भारत माताको सेवामा सरदार पटेलले गरेको त्याग र समर्पण विकसित तथा आत्मनिर्भर भारतको निर्माणका लागि प्रेरणाको ठूलो स्रोत भएको बताए।

लोकसभा अध्यक्ष ओम बिरलाले सरदार पटेलको सपना स्वतन्त्र भारतको निर्माण गर्नु मात्र नभई विविधता देशको शक्ति र राष्ट्रिय एकता पहिचान बन्ने एउटा सशक्त, आत्मनिर्भर तथा एकताबद्ध राष्ट्रको स्थापना गर्नु पनि रहेको बताए। उनले सरदार पटेलको जयन्तीमा मनाइने राष्ट्रिय एकता दिवसले देशको एकता, अखण्डता तथा सुरक्षाप्रति प्रत्येक नागरिकको कर्तव्यको स्मरण गराउने बताए। उनले सरदार पटेलका आदर्शहरू आत्मसात् गर्दै सशक्त, समरस तथा विकसित भारतको निर्माणमा योगदान पुऱ्याउन जनतासँग अपिल गरे। रक्षामन्त्री राजनाथ सिंहले स्वतन्त्रता सङ्ग्राममा सरदार पटेलको योगदान तथा स्वतन्त्रतापछि सयौँ रियासतहरूलाई भारतमा एकीकरण गर्ने कार्य उनको अदम्य साहस, अटल सङ्कल्प तथा राष्ट्रप्रतिको समर्पणको उदाहरण भएको बताए। उनले सरदार पटेलको दूरदर्शी नेतृत्व, असाधारण सङ्गठनात्मक क्षमता तथा राष्ट्रसेवाको भावनाले आगामी पुस्तालाई सधैँ प्रेरित गरिरहने बताए। केन्द्रिय गृह तथा सहकारिता मन्त्री अमित शाहले सरदार पटेललाई श्रद्धाञ्जली अर्पण गर्दै उनले आफ्नो अदम्य साहस तथा दूरदर्शिताका माध्यमबाट विभिन्न रियासतमा विभाजित भारतलाई एकताको सूत्रमा बाँधेर सशक्त राष्ट्रको जग बसालेको बताए। उनले सरदार पटेलले अखिल भारतीय सेवाहरूको स्थापना गरेर देशको प्रशासनिक व्यवस्थालाई बलियो आधार प्रदान गरेको बताए। खेड़ा तथा बारडोली सत्याग्रहका माध्यमबाट किसानहरूको अधिकारका लागि उनले गरेका सङ्घर्ष जनसेवा र नेतृत्वको अतुलनीय उदाहरण भएको उनले उल्लेख गरे। अमित शाहले सरदार पटेलको त्याग, समर्पण तथा देशभक्तिले प्रत्येक नागरिकलाई 'एक भारत, श्रेष्ठ भारत' निर्माणका लागि प्रेरित गरिरहने बताए।

स्टयाच्यु अफ युनिटीमा पुष्पवृष्टि

लौहपुरुष सरदार वल्लभभाइ पटेलको १५१औँ जयन्तीका अवसरमा शनिवार प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको केवड़िया स्थित एकतानगरमा रहेको स्टयाच्यु अफ युनिटी पुगेर उनलाई पुष्पाञ्जली अर्पण गरे। यस अवसरमा हेलिकप्टरबाट सरदार पटेलको विशाल प्रतिमामाथि पुष्पवृष्टि पनि गरियो। प्रधानमन्त्री राष्ट्रिय एकता दिवस समारोहमा सहभागी भए भने राष्ट्रिय एकता परेडमा पनि सहभागी हुनेछन्। सरदार पटेलको जयन्तीका अवसरमा आयोजित कार्यक्रममा प्रधानमन्त्रीले उनको प्रतिमा सामू नमन गर्दै देशको एकता र अखण्डता कायम राख्न उनले पुर्याएको योगदानको स्मरण गरे। समारोहपछि प्रधानमन्त्रीले ४०० करोड़ रुपियाँभन्दा बढ़ीका विकास परियोजनाहरूको उद्घाटन गरे। एकतानगरमा प्रधानमन्त्रीले 'भारत पर्व' को उद्घाटन गर्नुका साथै विभिन्न स्टलहरूको निरीक्षण गरे। उनको उपस्थितिमा लगभग ३०० कलाकारले प्रसिद्ध कृति 'आनन्दमठ' मा आधारित नाट्य प्रस्तुति दिए। त्यसपछि उनले 'एकता प्रकाश पर्व' को अवलोकन गरे। प्रधानमन्त्री नर्मदा घाटमा आयोजित नर्मदा महाआरतीमा पनि सहभागी भए। यस क्रममा उनले धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूमा सहभागिता जनाए।

राष्ट्रिय एकता दिवसका अवसरमा एकतानगरमा आयोजित कार्यक्रमहरूको उद्देश्य सरदार वल्लभभाइ पटेलको राष्ट्र निर्माणमा रहेको योगदान तथा राष्ट्रिय एकता र अखण्डताको सन्देश जनजनसम्म पुऱ्याउनु हो। उल्लेखनीय छ, प्रधानमन्त्री मोदी ३० र ३१ अक्टोबरमा दुईदिने गुजरात भ्रमणमा छन्। शुक्रवार उनले बनासकाँठाको भीलड़ीमा १४ हजार करोड़ रुपियाँभन्दा बढ़ीका विकास परियोजनाहरूको उद्घाटन तथा शिलान्यास गरेका थिए। साथै, प्रधानमन्त्री किसान सम्मान निधि योजनाको २४औँ किस्ता अन्तर्गत किसानहरूको खातामा लगभग १९ हजार करोड़ रुपियाँ हस्तान्तरण गरेका थिए।

प्रधानमन्त्री मोदीद्वारा गुजरातको एकतानगरमा 'भारत पर्व २०२६'को सीसीआईसी पेभिलियनको भ्रमण



नयाँ दिल्ली, ३१ अक्टोबर (हिस): प्रधानमन्त्री नरेन्द्र मोदीले शनिवार गुजरातको केवड़िया स्थित एकतानगरमा आयोजित 'भारत पर्व २०२६' का क्रममा सेन्ट्रल कटेज इन्डस्ट्रिज कर्पोरेसन अफ इन्डिया लिमिटेड (सीसीआईसी) को पेभिलियनको भ्रमण गरे। केन्द्रिय कपड़ा मन्त्रालय अनुसार, प्रधानमन्त्रीको यस भ्रमणले सीसीआईसीलाई आफ्नो समृद्ध विरासत, कारीगर तथा बुनकरहरूसँगको दीर्घकालीन सम्बन्ध र भारतको परम्परागत हातबुनाइ तथा हस्तकलालाई प्रवर्द्धन गर्ने निरन्तर प्रयासहरू प्रदर्शन गर्ने उत्कृष्ट अवसर प्रदान गरेको छ। यो पेभिलियनले कारीगर तथा बुनकरहरूलाई राम्रो बजार र दिगो जीविकोपार्जनका अवसरहरू उपलब्ध गराएर उनीहरूलाई सशक्त बनाउने निगमको यात्रालाई दर्शाउँछ। यी पहलहरू मार्फत सीसीआईसीले 'भोकल फर लोकल' र 'लोकललाई ग्लोबल बनाउने' दृष्टिकोणमा सक्रिय योगदान पुऱ्याउँदै परम्परागत हस्तकलालाई ठूला घरेलु तथा अन्तरराष्ट्रिय बजारसँग जोड़िरहेको छ। यस अवसरमा सीसीआईसीका प्रबन्ध निदेशक बिमल गोपालाचारी, निगमका अन्य अधिकारी, कारीगर तथा बुनकरहरू पेभिलियनमा उपस्थित थिए।

पेभिलियनमा देशका विभिन्न भागका कारीगरहरूको उत्कृष्ट सीप र हस्तकलालाई प्रदर्शन गरिएको छ। यसमा विशेषगरी गुजरातका कारीगरहरूले एगेट तथा अर्धबहुमूल्य पत्थर र बारीक एप्लिक वर्क (टालटुलको काम) बाट तयार पारेका परम्परागत कलाकृतिहरू आकर्षणको केन्द्र बनेका छन्। भारतको गौरवशाली कला तथा संस्कृतिलाई प्रस्तुत गर्ने यो प्रदर्शनी १५ नोभेम्बरसम्म एकतानगरमा दर्शक तथा पर्यटकहरूका लागि खुला रहनेछ। उल्लेखनीय छ, सीसीआईसीले भारतीय हातबुनाइ तथा हस्तकलाको समृद्ध र विविध विरासतको उत्सव मनाउँछ। यसले देशभरिका उत्कृष्ट कलाकौशल, सिर्जनशीलता र परम्परागत उत्पादनहरूको विस्तृत शृङ्खलालाई एउटै मञ्चमा ल्याउँछ। यो भारतको जीवन्त सांस्कृतिक विरासत र स्वदेशी कलाका स्वरूपहरूको चिरस्थायी सुन्दरताको प्रतीक हो।

उत्तराखण्ड हेलिकप्टर दुर्घटना

ज्योतिर्मठ, ३१ अक्टोबर (हिस): उत्तराखण्डको चमोली जिल्लामा ज्योतिर्मठ नजिकै शुक्रवार भएको हेलिकप्टर दुर्घटनामा छः जनाको मृत्यु भएपछि शनिवार पनि घटनास्थलमा उद्धार अभियान जारी रहेको छ। दुर्घटनास्थल दुर्गम तथा उच्च पहाड़ी क्षेत्रमा रहेकाले राहत तथा उद्धार टोलीले कठिनाइको सामना गर्नुपरिरहेको छ। यो समाचार तयार गर्दासम्म दुर्घटनामा ज्यान गुमाएका सबै छः जनाको शव सुरक्षित रूपमा निकाल्ने प्रयास भइरहेको थियो। जिल्ला प्रशासन अनुसार भारतीय सेना, भारतह्रतिब्बत सीमा पुलिस (आईटीबीपी), राज्य विपद् प्रतिकार बल (एसडीआरएफ), राष्ट्रिय विपद् मोचन बल (एनडीआरएफ), पुलिस, वन विभाग र जिल्ला प्रशासनका टोलीहरू पाण्डुकेश्वरतर्फबाट कठिन पहाड़ी बाटो हुँदै पैदल उकालो चढ़ेर घटनास्थलमा पुगेका थिए। टोलीहरू सबै छः जना मृतकको शव सुरक्षित रूपमा निकाल्ने कार्यमा जुटेका थिए भने उद्धार अभियानलाई सहज र सुरक्षित बनाउन वरपरका उच्च पहाड़ी गाउँहरूतर्फबाट वैकल्पिक पैदल मार्गहरूको पनि खोजी गरिएको थियो। दुर्गम भौगोलिक अवस्था र मौसमका चुनौतीबीच अभियानमा खटिएका सुरक्षाकर्मी तथा अन्य कर्मीहरूको सुरक्षामा पनि विशेष ध्यान दिइएको छ। जिल्लाधिकारी गौरव कुमारले जिल्ला प्रशासनले सबै सम्बन्धित निकायहरूसँग निरन्तर समन्वय गरिरहेको बताए।

केन्द्रिय गृहमन्त्री दक्षता पदक २०२६ घोषणा

देशभरिका ४९० पुलिस अधिकारी तथा जवान सम्मानित हुने

असम पुलिसका १९ अधिकारी एवं जवानहरूलाई केन्द्रिय गृहमन्त्री दक्षता पदक



नयाँ दिल्ली, ३१ अक्टोबर (हिस): लौह पुरुष सरदार वल्लभभाइ पटेलको जयन्तीको अवसरमा केन्द्र सरकारले साल २०२६ का लागि 'केन्द्रिय गृहमन्त्री दक्षता पदक' घोषणा गरेको छ। यस वर्ष देशभरिका विभिन्न राज्य, केन्द्रशासित प्रदेश, केन्द्रिय सशस्त्र पुलिस बल (सीएपीएफ) तथा केन्द्रिय पुलिस सङ्गठन (सीपीओ) का कूल ४९० अधिकारी तथा जवानलाई यस प्रतिष्ठित पदकबाट सम्मानित गरिनेछ।

केन्द्रिय गृह मन्त्रालय अनुसार, पुलिस कार्य, अनुसन्धान, गुप्तचर सेवा तथा फोरेन्सिक विज्ञान लगायत विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गर्ने अधिकारी तथा कर्मचारीलाई यो सम्मान प्रदान गरिन्छ। सुरक्षा तथा अनुसन्धान निकायहरूमा उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहन गर्नु र उत्कृष्ट सेवालाई मान्यता दिनु यसको उद्देश्य हो।

केन्द्रिय गृह मन्त्रालयले १ फरवरी, २०२४ मा जारी गरेको अधिसूचना मार्फत 'केन्द्रिय गृहमन्त्री दक्षता पदक' स्थापना गरेको थियो। यस पुरस्कार अन्तर्गत पुलिस तथा सुरक्षा सङ्गठनमा असाधारण कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मानित गरिन्छ। यसमा राज्य पुलिस बल, केन्द्रशासित प्रदेशका पुलिस, विशेष गुप्तचर शाखा, केन्द्रिय पुलिस सङ्गठन, केन्द्रिय सशस्त्र पुलिस बल, राष्ट्रिय सुरक्षा गार्ड (एनएसजी) तथा असम राइफल्सका अधिकारी र जवान समावेश छन्। केन्द्रिय गृहमन्त्री दक्षता पदक मुख्यतः चार क्षेत्रमा उत्कृष्ट योगदानका लागि प्रदान गरिन्छ। पहिलो, पुलिस तथा सुरक्षा बलले विभिन्न अभियानमा असाधारण कार्यसम्पादन गर्दै उल्लेखनीय उपलब्धि हासिल गरेबापत। दोस्रो, गम्भीर तथा जटिल मामिलाको अनुसन्धानमा सराहनीय कार्य गर्ने पुल अधिकारी तथा कर्मचारीलाई। तेस्रो, केन्द्र तथा राज्यस्तरमा अदम्य साहस, समर्पण र उत्कृष्ट गुप्तचर कार्य गर्ने कर्मचारीलाई। चौथो, केन्द्र तथा राज्य सरकार अन्तर्गत फोरेन्सिक विज्ञानको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने सरकारी वैज्ञानिकलाई यो पदक प्रदान गरिन्छ।

यस पदकको घोषणा प्रत्येक वर्ष ३१ अक्टोबरमा सरदार वल्लभभाइ पटेलको जयन्तीका अवसरमा गरिन्छ। प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्व तथा केन्द्रिय गृह एवं सहकारिता मन्त्री अमित शाहको मार्गदर्शनमा शुरु गरिएको यस पहलको उद्देश्य पुलिस तथा सुरक्षा व्यवस्थामा व्यावसायिक दक्षतालाई प्रोत्साहन गर्नु हो। गृह मन्त्रालय अनुसार, यस सम्मान मार्फत आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा विशिष्ट उपलब्धि हासिल गरेका अधिकारी तथा जवानहरूको योगदानलाई मान्यता दिइन्छ। केन्द्रिय गृहमन्त्री दक्षता पदकको उद्देश्य पुलिस तथा सुरक्षा सङ्गठनहरूमा उच्च व्यावसायिक मापदण्डलाई प्रोत्साहन गर्नु, उत्कृष्ट सेवालाई राष्ट्रियस्तरमा मान्यता प्रदान गर्नु तथा अधिकारी र कर्मचारीहरूको मनोबल बढ़ाउनु हो। साल २०२६ मा ४९० अधिकारी तथा जवानलाई यस सम्मानका लागि छनोट गरिनुले देशभरिका पुलिस, सुरक्षा, अनुसन्धान तथा गुप्तचर निकायमा कार्यरत कर्मीहरूको योगदानलाई उजागर गरेको छ।

केन्द्रिय गृहमन्त्री दक्षता पदकको लागि असम पुलिसका १९ जना अधिकारी एवं जवानहरू छनोट भएका छन्। विभिन्न क्षेत्रमा उनीहरूको पेशागत दक्षता तथा उल्लेखनीय योगदानको लागि यो सम्मान प्रदान गरिनेछ। प्राप्त जानकारी अनुसार गुप्तचरको क्षेत्रमा असम पुलिसका तीन जना कर्मीहरूलाई यस प्रतिष्ठित पदकको लागि चयन गरिएको छ जसमा अतिरिक्त पुलिस अधीक्षक मृण्मय बोरा, वरिष्ठ पुलिस अधीक्षक प्रशान्त सैकिया एवं हवलदार दीपक बोरा सामेल छन्। यी तीनजना कर्मचारीहरू बाहेक असम पुलिसको विभिन्न शाखामा कार्यरत अन्य १६ जना अधिकारी एवं जवानहरूलाई पनि विभिन्न श्रेणीमा पदकको लागि छनोट गरिएको छ। यो सम्मानले पुलिसकर्मीहरूको कार्यकुशलता, समर्पण तथा आ–आफ्नो क्षेत्रमा पुऱ्याएको योगदानलाई मान्यता प्रदान गर्छ।

भगवान् बुद्धका पवित्र अवशेष आइपुग्यो तवाङ

इटानगर, ३१ अक्टोबर (हिस): भगवान बुद्धका पवित्र अवशेषहरू आज तवाङ आइपुगेका छन्। यसलाई भारतीय वायुसेनाले नयाँ दिल्लीबाट तवाङसम्म सुरक्षित पुऱ्यायो।अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डुले भगवान बुद्ध (शाक्यमुनी) का पवित्र अवशेषहरू सुरक्षित रूपमा ल्याएकोमा भारतीय वायुसेनाप्रति कृतज्ञता व्यक्त गरे। उनले भने, ''तपाईंको व्यावसायिक दक्षता, समर्पण एवं सेवाको कारणले महान आध्यात्मिक महत्त्वको यो क्षण अरुणाचल प्रदेश र लाखौँ बौद्ध भक्तहरूसम्म आइपुगेको छ। यस ऐतिहासिक अवसरको हिस्सा बनेकोमा भारतीय वायुसेनालाई धन्यवाद। यो अरुणाचल प्रदेशमा ऐतिहासिक आध्यात्मिक यात्राको शुरुवात हो।''

अवशेषलाई आगामी तीन हप्तासम्म तवाङ, बोमडिला र नामसाईमा सार्वजनिक दर्शनको लागि राखिने छ। मुख्यमन्त्री पेमा खाण्डुले नयाँ दिल्लीको राष्ट्रिय सङ्ग्रहालयबाट ल्याइएका यी पवित्र अवशेषहरूलाई स्वागत गरे। उनले यसलाई अरुणाचल प्रदेशको लागि ठूलो सम्मान र राज्यको बौद्ध समुदायका लागि ऐतिहासिक क्षण बताए। सोशल मिडियाको एक पोस्टमा खाण्डुले भने, ''तवाङमा यी पवित्र अवशेषहरूलाई स्वागत गर्नु अरुणाचल प्रदेशको लागि ठूलो सम्मानको कुरा हो। यस ऐतिहासिक अवसरले भगवान बुद्धको करुणा, शान्ति, ज्ञान र विश्वव्यापी भाइचाराको अनन्त शिक्षाप्रति हाम्रो सामूहिक प्रतिबद्धतालाई अझ गहिरो बनाओस्।'' अवशेषहरूको ऐतिहासिक महत्त्वलाई प्रकाश पार्दै मुख्यमन्त्रीले बताए, ''उत्तर प्रदेशको सिद्धार्थनगर जिल्लामा अवस्थित प्राचीन 'पिपरहवा स्तूप'बाट यी अवशेषहरू प्राप्त भएको छ। यो एउटा पुरातात्विक स्थल हो जसको प्राचीन 'कपिलवस्तु'सँग गहिरो सम्बन्ध छ जुन शाक्य वंशको जन्मस्थल थियो–जुन वंशसँग भगवान बुद्ध सम्बन्धित थिए। त्यसपछि अवशेषहरू सार्वजनिक दर्शनको लागि तवाङ लगिएको थियो। घोषित कार्यक्रम अनुसार यी अवशेषहरूलाई नोभेम्बर १ देखि ७– सम्म ऐतिहासिक तवाङ मठमा ८ देखि १३ नोभेम्बरसम्म बोमडिलाको थुबचोङ्ग गत्सेल लिङ्ग मठमा अनि नोभेम्बर १४ देखि २० सम्म नामसाईको गोल्डेन पगोडामा प्रदर्शन गरिनेछ। आगामी २ र ३ नोभेम्बरको दिन तवाङमा 'बौद्ध धर्मः हिमाली क्षेत्र तथा त्यसभन्दा अलगै प्रसार' विषयमा अन्तर्राष्ट्रिय सम्मेलन पनि आयोजना गरिनेछ जसमा भारत र विदेशका बौद्ध भिक्षु, विद्वन एवं प्रतिनिधिहरू सहभागी हुनेछन्। यी अवशेषहरू आगामी २१ नोभेम्बरमा नयाँ दिल्लीको राष्ट्रिय सङ्ग्रहालयमा फर्काइनेछ।



पञ्जाबमा आपद्वारा ४० उम्मेदवारको पहिलो सूची जारी

मुख्यमन्त्री भगवन्त मान धुरीबाट चुनाउ लड्ने

चण्डीगढ़, ३१ अक्टोबर (हिस): पञ्जाबमा सत्तारूढ़ आम आदमी पार्टी (आप)ले विधानसभा चुनाउको तयारी तीव्र पार्दै शनिवार ४० जना उम्मेदवारको पहिलो सूची जारी गरेको छ। मुख्यमन्त्री भगवन्त मानले चण्डीगढ़मा सूची सार्वजनिक गरे। यसअघि शुक्रवार दिल्लीमा पार्टीको संसदीय बोर्डको बैठकमा उम्मेदवारहरूको सूची जारी गर्ने सहमति बनेको थियो। सूचीमा मुख्यमन्त्री भगवन्त मान र धनशोधन सम्बन्धी मुद्दामा जेलमा रहेका पूर्वमन्त्री सञ्जीव अरोड़ा सहित धेरै वर्तमान विधायकलाई पुनः उम्मेदवार बनाइएको छ। पञ्जाब विधानसभाको वर्तमान कार्यकाल मार्च २०२७ मा समाप्त हुँदैछ।

त्यसअघि राज्यमा विधानसभा चुनाउ हुने प्रस्ताव छ। पञ्जाबमा कूल ११७ विधानसभा सिट छन्, जसमध्ये हाल ९४ सिटमा आम आदमी पार्टीका विधायक छन्। पहिलो सूचीमा वित्तमन्त्री हरपाल चीमा, स्वास्थ्यमन्त्री बलबीर सिंह र स्थानीय निकाय मन्त्री हरजोत बैंसको नाम समावेश नभएपछि राजनीतिक वृत्तमा चर्चा शुरु भएको छ।

बटालादेखि लुधियाना सेन्ट्रलसम्मका उम्मेदवार

भगवन्त मानले सार्वजनिक गरेको सूची अनुसार, बटालाबाट वर्तमान विधायक अमन सिंह शेरी कलसी, अजनालाबाट कुलदीप सिंह धालीवाल, अमृतसर साउथबाट इन्द्रबीर सिंह निज्जर, तरनतारनबाट हरमीत सिंह सन्धु, खेमकरणबाट सरवन सिंह धुन, नकोदरबाट इन्द्रजीत कौर मान, करतारपुरबाट बलकार सिंह, दसुहाबाट कर्मबीर सिंह घुम्मन, उडमुड़बाट जसवीर सिंह राजा गिल, होसियारपुरबाट ब्रह्मशङ्कर जिम्पा, चब्बेवालबाट इशाङ्क कुमार चब्बेवाल, गढशङ्करबाट जय किशन रोड़ी, बलाचौरबाट सुश्री सन्तोष कटारिया, रूपनगरबाट दिनेश चड्ढा, साहिबजादा अजीत सिंह नगरबाट कुलवन्त सिंह, फतेहगढ साहिबबाट लखबीर सिंह राय, अमलोहबाट गुरिन्दर सिंह गैरी वडिङ, समरालाबाट जगतार सिंह दयालपुरिया, लुधियाना इस्टबाट दलजीत सिंह ग्रेवाल भोला, आत्मनगरबाट कुलवन्त सिंह सिद्धू र लुधियाना सेन्ट्रलबाट अशोक पराशर पप्पीलाई उम्मेदवार बनाइएको छ।



लुधियाना वेस्टदेखि पटियालासम्मका उम्मेदवार

यसैगरी, लुधियाना वेस्टबाट सञ्जीव अरोड़ा, लुधियाना नर्थबाट चौधरी मदनलाल बग्गा, पायलबाट मनविन्दर सिंह ज्ञासपुरा, निहाल सिंह वालाबाट मनजीत सिंह, बाघा पुरानाबाट अमृतपाल सिंह सुखानन्द, मोगाबाट डा.अमनदीप कौर अरोडा, धर्मकोटबाट दविन्दरजीत सिंह, जलालाबादबाट जगदीप सिंह गोल्डी, फाजिल्काबाट नरिन्दरपाल सिंह सवना, मुक्तसर साहिबबाट जगदीप सिंह काका बराड, कोटकपुराबाट कुलतार सिंह सन्धवाँ, जैतोंबाट अमोलक सिंह, तलवण्डी साबोबाट बलजिन्दर कौर, सरदूलगढबाट गुरप्रीत सिंह बनावाली, भदौडबाट लाभ सिंह उगोके, महलकलाँबाट कुलवन्त सिंह पण्डोरी, अमरगढबाट जसवन्त सिंह गज्जनमाजरा, धुरीबाट भगवन्त मान र पटियालाबाट अजीत पाल सिंह कोहलीलाई उम्मेदवार बनाइएको छ।

CHANGE OF NAME

I, **R. S. Upadhyaya,** s/o Late Darwari Lal Upadhyay, resident of Makan No. 102 Devri, District Panna, Madhya Pradesh, do hereby declare that I have changed my name from **R.S Upadhyaya** to **Ram Sundar Upadhyay** and henceforth I shall be known as **Ram Sundar Upadhyay** in all-purpose, vide affidavit no. A 543730 sworn before the Oath Commissioner at **Gangtok, Sikkim on 30th day of October 2026. Ram Sundar Upadhyay** and **R.S. Upadhyaya** both are same and one identical person.

CHANGE OF NAME

I, **Krishna Upadhyaya**, W/o Ram Sundar Upadhyay, resident of Makan No. 102 Devri, District Panna, Madhya Pradesh, do hereby declare that I have changed my name from **Krishna Upadhyaya** to **Krishana Upadhyay** and henceforth I shall be known as **Krishana Upadhyay** in all-purpose, vide affidavit no. A 543731 sworn before the Oath Commissioner at **Gangtok, Sikkim** on **30th day of October 2026**. **Krishana Upadhyay** and **Krishna Upadhyaya** both are same and one identical person.

CHANGE OF NAME

I, **Saurabh Upadhyaya**, s/o Ram Sundar Upadhyay, resident of CN18/2, Deorali Bazaar, Gangtok District, Sikkim do hereby declare that I have changed my name from **Saurabh Upadhyaya** to **Saurabh Upadhyay** and henceforth I shall be known as **Saurabh Upadhyay** in all-purpose, vide affidavit no. A 543732 sworn before the Oath Commissioner at **Gangtok, Sikkim** on **30th day of October 2026**. **Saurabh Upadhyay** and **Saurabh Upadhyaya** both are same and one identical person.

नेशनल कन्फ्रेन्सका ४१ मध्ये २४ विधायक असन्तुष्ट मुख्यमन्त्री उमर अब्दुल्लाहको सरकारमाथि सङ्कट

श्रीनगर, ३१ अक्टोबरः गत मङ्गलवार भएको मन्त्रिमण्डल विस्तारपछि शनिवार साँझ श्रीनगरमा नेशनल कन्फ्रेन्सका विधायकहरूको महत्त्वपूर्ण बैठक बस्यो। यो बैठक लोलाबका विधायक कैसर जमशेद लोनको निवासमा आयोजना गरिएको थियो। प्राप्त जानकारीअनुसार बैठकमा कम्तीमा १८ जना विधायक सहभागी भएका थिए भने अन्य छ जना विधायकले अनलाइन माध्यमबाट आफ्नो उपस्थिति जनाएका थिए।



यसरी असन्तुष्ट पक्षमा २४ जना विधायक रहेको चर्चाले जम्मु-कश्मीरको राजनीतिमा हलचल पैदा गरेको छ। यी विधायकहरूको असन्तुष्टि मन्त्रिमण्डलमा स्थान नपाएको विषयमा मात्र सीमित नरहेको बताइएको छ। उनीहरूले मुख्यमन्त्रीका सल्लाहकार नासिर असलम वानीलाई हटाउनुपर्ने, उपमुख्यमन्त्री सुरिन्दर चौधरीसहित केही मन्त्रीलाई मन्त्रिमण्डलबाट बाहिर राख्नुपर्ने र पूरै मन्त्रिमण्डल पुनर्गठन गर्नुपर्ने माग गरेका छन्।

यसका साथै पार्टीभित्र आन्तरिक लोकतन्त्र कायम गर्नुपर्ने, विधायकहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउनुपर्ने र चुनावी घोषणापत्र कार्यान्वयन गर्न स्पष्ट कार्ययोजना तयार गर्नुपर्ने माग पनि उठाइएको छ। पार्टी र सरकार केही सीमित व्यक्तिहरूको वरिपरि केन्द्रित हुँदै गएको असन्तुष्ट विधायकहरूको आरोप छ। विधायकहरू जनतामाझ जानुपर्ने भए पनि सरकारका निर्णयहरूमा उनीहरूको आवाजलाई पर्याप्त महत्त्व दिइएको छैन। बैठकमा केही वरिष्ठ नेताहरू भावुक भएको र पार्टी नेतृत्व तथा मुख्यमन्त्रीका सल्लाहकारको व्यवहारप्रति गुनासो व्यक्त गरेको खबर पनि बाहिर आएको छ।

यस घटनाक्रमले पार्टीभित्रको असन्तुष्टि निकै गहिरो रहेको सङ्केत गरेको छ। वास्तवमा उमर अब्दुल्लाह सरकारको पहिलो मन्त्रिमण्डल विस्तार नै पार्टीभित्र नयाँ राजनीतिक विवादको कारण बनेको छ। मङ्गलवार उपराज्यपाल मनोज सिन्हाले अली मोहम्मद सागर, शमीमा फिरदौस, मीर सैफुल्लाह र अल्ताफ अहमद कालूलाई मन्त्री पदको शपथ गराएका थिए। यससँगै मुख्यमन्त्रीसहित मन्त्रीहरूको सङ्ख्या नौ पुगेको छ, जुन ९० सदस्यीय विधानसभाका लागि निर्धारित अधिकतम सीमा हो। तर, यस विस्तारले सबैलाई सन्तुष्ट पार्नुको सट्टा धेरै वरिष्ठ विधायकलाई असन्तुष्ट बनाएको छ।

अब्दुल मजीद लरमीको सार्वजनिक असन्तुष्टि यसको सबैभन्दा ठूलो उदाहरण बनेको छ। मन्त्रिमण्डलमा स्थान नपाएपछि उनी भावुक भएका थिए। उनले आफू मन्त्रिमण्डलमा सहभागी हुन योग्य रहेको बताएका थिए। उनले मन्त्री बनाइएका एक विधायकले माध्यमिक तहको परीक्षा समेत उत्तीर्ण नगरेको, जबकि आफू कानुन विषयमा स्नातक रहेको भन्दै प्रश्नसमेत उठाएका थिए।

अर्कोतर्फ मुबारक गुलका समर्थकहरूले पार्टी मुख्यालयमा प्रदर्शन गरेका थिए। गुललाई महासचिव बनाइएपछि सङ्गठनात्मक तहमा भएका निर्णयहरूले पनि विवाद बढाएका थिए। अहिले उनलाई महासचिव पदबाट हटाएर सलमान अली सागरलाई उक्त पदमा कायम राख्ने घटनाक्रमले पार्टीभित्र अन्योल थपेको छ। मुबारक गुलले ४ नोभेम्बरमा पत्रकार सम्मेलन गरेर पार्टीभित्र भइरहेका घटनाक्रमबारे खुलासा गर्ने घोषणा गरेका छन्। उनको यो भनाइले आगामी दिनमा नेशनल कन्फ्रेन्सका लागि थप समस्या खडा गर्न सक्ने देखिएको छ।

अर्कोतर्फ पार्टी नेतृत्वले विद्रोहका खबरलाई बढाइचढाइ गरेर प्रस्तुत गरिएको दाबी गरिरहेको छ। पार्टी प्रवक्ता इफरा जानले २० जना विधायकको बैठकलाई लिएर प्रश्न उठाएकी छन् भने महासचिव सलमान अली सागरले असन्तुष्टिलाई सामान्य आन्तरिक छलफलको संज्ञा दिएका छन्। उनका अनुसार विधायकहरूलाई आफ्ना गुनासा राख्ने अधिकार छ र नेतृत्वले ती विषयमा विचार गर्नेछ।

तर, राजनीतिक प्रश्न के हो भने यदि सबै कुरा सामान्य छ भने किन एकपछि अर्को वरिष्ठ नेताको असन्तुष्टि सार्वजनिक भइरहेको छ? मुबारक गुलले पत्रकार सम्मेलन गर्ने घोषणा गर्नु, आगा रुहुल्लाहले राजीनामा दिनु र विधायकहरूको सामूहिक बैठक बस्नुले आखिर पार्टीभित्र कस्तो राजनीतिक असहजताको सङ्केत गरिरहेको छ?

९० सदस्यीय विधानसभामा नेशनल कन्फ्रेन्सका ४१ जना विधायक छन्। छ जना स्वतन्त्र विधायकको समर्थन र कङ्ग्रेसका छ जना विधायकको बाहिरबाट प्राप्त सहयोग सरकारको शक्ति हो। यस्तो अवस्थामा २४ जना विधायक असन्तुष्ट पक्षमा रहेको खबरले सरकारको राजनीतिक स्थिरतामाथि प्रश्न खडा गरेको छ। जम्मु-कश्मीरको राजनीतिमा अहिले उमर अब्दुल्लाहको परीक्षा भइरहेको छ। सरकारले अब्दुल्लाह परिवारको राजनीतिक नेतृत्वलाई केन्द्रमा राखेर अघि बढ्ने हो वा नेशनल कन्फ्रेन्सलाई सत्तामा पुऱ्याउन भूमिका खेलेका विधायकहरूलाई पनि समान सहभागिता दिने हो भन्ने विषयमा उनले निर्णय गर्नुपर्नेछ।

अब ३ र ४ नोभेम्बरका मिति नेशनल कन्फ्रेन्सका लागि निकै महत्त्वपूर्ण बनेका छन्। एकातिर आगा रुहुल्लाहले पार्टी र संसद्बाट बिदा हुने घोषणा गर्नेछन् भने अर्कोतर्फ मुबारक गुलले पार्टीभित्रको घटनाक्रम सार्वजनिक गर्ने तयारी गरेका छन्। अब प्रश्न मन्त्रिमण्डलमा स्थान पाउने विषयमा मात्र सीमित छैन। यो नेशनल कन्फ्रेन्सको राजनीतिक भविष्य, नेतृत्व र जम्मु-कश्मीरका जनतासँग गरिएका वाचाको विश्वसनीयतासँग पनि जोडिएको छ। कश्मीरको राजनीतिमा अहिले विपक्षी र सरकारबीचको सङ्घर्षभन्दा पनि नेशनल कन्फ्रेन्सभित्र नेतृत्व र असन्तुष्ट पक्षबीचको टकराव प्रमुख रूपमा देखिन थालेको छ।

आशुतोष दीक्षित बने भारतीय वायुसेनाको २९औँ प्रमुख

नयाँ दिल्ली, ३१ अक्टोबरः एयर चिफ मार्सल आशुतोष दीक्षित अक्टोबर ३१, २०२६ मा भारतीय वायुसेनाको २९ औँ प्रमुख (सीएएस) का रूपमा कार्यभार सम्हालेका छन्। ४२ वर्षको सेवापछि सेवानिवृत्त भएका एयर चिफ मार्सल एपी सिंहको स्थानमा उनले यो जिम्मेवारी सम्हालेका हुन्।



राष्ट्रिय रक्षा एकेडेमीका पूर्वछात्र दीक्षित डिसेम्बर ६, १९८६ मा भारतीय वायुसेनाको फाइटर स्ट्रिममा भर्ना भएका थिए। चार दशक लामो उनको करियरमा सञ्चालन, उडान परीक्षण, क्षमता विकास र संयुक्त स्टाफ जिम्मेवारीहरूमा व्यापक अनुभव समावेश छ। उनी एक कुशल फाइटर पाइलट, योग्य उडान प्रशिक्षक र प्रयोगात्मक परीक्षण पाइलट हुन्। उनसँग मिराज-२०००, विभिन्न मिग भेरियन्ट, ज्यागुआर र विभिन्न ट्रान्सपोर्ट विमानहरू गरी ३,३०० घण्टाभन्दा बढी उडान भरेको अनुभव छ। भारतीय वायुसेनाको आधुनिकीकरणमा योगदानका लागि चिनिने उनले ज्यागुआर र मिग-२७ स्तरोन्नति परियोजनाहरूलाई अन्तिम रूप दिनुका साथै एलसीए एमके-आई तेजसको प्रारम्भिक तथा अन्तिम सञ्चालन अनुमति (आईओसी र एफओसी) पूरा गर्न मुख्य भूमिका खेलेका थिए।

उनको सञ्चालन कमान्ड भूमिकाहरूमा मिराज-२००० स्कायरन, पश्चिमी क्षेत्रको फरवार्ड बेस सपोर्ट युनिट र प्रमुख फाइटर ट्रेनिङ बेसका रूपमा रहेको एयर फोर्स स्टेसन बिदरको नेतृत्व समावेश छ। उनले साउदर्न एयर कमान्डमा एयर डिफेन्स कमान्डर, साउथ वेस्टर्न एयर कमान्डमा सिनियर एयर स्टाफ अफिसर र वायुसेनाको उपप्रमुखका रूपमा पनि सेवा गरिसकेका छन्।

उनले सेन्ट्रल एयर कमान्डको कमान्डिङ-इन-चिफका रूपमा नेतृत्व गरेका थिए। पछि उनले 'अपरेसन सिन्दुर' का क्रममा चिफ्स अफ स्टाफ कमिटीका अध्यक्षका लागि एकीकृत रक्षा स्टाफ प्रमुखका रूपमा सेवा गरे। वायुसेना प्रमुख नियुक्त हुनुअघि उनी वायुसेनाको उपप्रमुख थिए। एयर चिफ मार्सल दीक्षितले डिफेन्स सर्भिस कमान्ड एन्ड स्टाफ कलेज, बङ्गलादेश र नेसनल डिफेन्स कलेज, नयाँ दिल्लीबाट स्नातक गरेका छन्। राष्ट्रका लागि उनले गरेको विशिष्ट सेवाको कदर गर्दै वायु सेना पदक, विशिष्ट सेवा पदक, अति विशिष्ट सेवा पदक र परम विशिष्ट सेवा पदकबाट सम्मानित गरिएको छ।

पाइलट मच्छार यूएईका राष्ट्रपतिबाट सम्मानित



नयाँ दिल्ली, ३१ अक्टोबरः यूएईका राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नाह्यानले विमानमा भएको आतंकवादी घटनाका क्रममा साहसपूर्वक सुरक्षित अवतरण गर्न सफल भारतीय पाइलट स्मित मच्छारलाई सम्मान गरेका छन्। गत सेप्टेम्बरमा उडानमा भएको आतंकवादी घटनाको क्रममा यात्रु सुरक्षाप्रतिको साहस, व्यावसायिकता र प्रतिबद्धताको लागि भारतीय पाइलट क्याप्टेन मच्छार र अन्य फ्लाईदुबई चालक दलका सदस्यहरूलाई फर्स्ट क्लास अर्डर अफ जायद दोस्रो प्रदान गरिएको हो।

दुबईका युवराज, उपप्रधानमन्त्री र रक्षामन्त्री महामहिम शेख हमदान बिन मोहम्मद बिन रशिद अल मकतूमले पुरस्कार प्रदान गरेका थिए। शेख हमदानले चालक दलका सदस्यहरूको कार्यको प्रशंसा गरे, उनीहरूको कामप्रतिको जिम्मेवारी र समर्पणको भावनाको प्रशंसा गरे। समारोहपछि, चालक दलका सदस्यहरूले सम्मानको लागि यूएईका राष्ट्रपतिलाई धन्यवाद दिए र आफ्नो गर्व व्यक्त गरे। उनीहरूले यो सम्मानले उड्डयन पेशेवरहरूले आफ्नो जिम्मेवारी पूरा गर्दा देखाएको समर्पण, सेवा र प्रतिबद्धताको मूल्यप्रति नेतृत्वको प्रशंसालाई प्रतिबिम्बित गर्ने बताए।

जीएसएलवी-एफ१८ मिशनको सफल प्रक्षेपणमा उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा इसरोलाई बधाई

नयाँ दिल्ली, ३१ अक्टोबर (हिस): उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी तथा रक्षामन्त्री राजनाथ सिंहले शनिवार जीएसएलवी-एफ१८ मिशनको सफल प्रक्षेपणका लागि इसरोको टोलीलाई बधाई दिएका छन्। उपराष्ट्रपतिले एक्समा लेख्दै जीएसएलवी-एफ१८ मिशन मार्फत एनभीएस-३ नेभिगेशन उपग्रहलाई निर्धारित कक्षमा स्थापित गरिएको बताए। यस उपलब्धिले भारतको स्वदेशी 'नाविक' नेभिगेशन प्रणालीलाई सुदृढ़ बनाउनुका साथै उपग्रहमा आधारित नेभिगेशन क्षमतामा वृद्धि गरेको र अन्तरिक्ष प्रविधि तथा आत्मनिर्भरताको क्षेत्रमा देशको बढ्दो क्षमतालाई दर्शाएको उनले बताए।

प्रधानमन्त्री मोदीले यो अभियान स्वदेशी 'नाविक' नेभिगेशन प्रणालीलाई बलियो बनाउने दिशामा महत्त्वपूर्ण कदम भएको बताए। उन्नत क्षमता सहितको एनभीएस-०३ उपग्रहले महत्त्वपूर्ण प्रविधिमा आत्मनिर्भर बन्ने प्रयासलाई अगाडि बढ़ाउनुका साथै देशवासीलाई लाभ पुग्ने नेभिगेशन सेवा उपलब्ध गराउन सहयोग गर्ने उनले बताए।

रक्षामन्त्री राजनाथ सिंहले यस उपलब्धिले रणनीतिक तथा महत्त्वपूर्ण प्रविधिमा देशको क्षमता अभिवृद्धि गरेको बताए। यो नवाचार र प्राविधिक आत्मनिर्भरतामा आधारित 'आत्मनिर्भर भारत'को परिकल्पनाको प्रतिबिम्ब भएको उनले उल्लेख गरे। केन्द्रिय सड़क परिवहन तथा राजमार्ग मन्त्री नितिन गडकरीले यस उपलब्धिलाई भारतको स्वदेशी 'नाविक' नेभिगेशन प्रणाली सुदृढ़ बनाउने तथा प्राविधिक आत्मनिर्भरता र नेभिगेशन क्षमतामा सुधार गर्ने दिशामा अर्को महत्त्वपूर्ण उपलब्धि बताए। केन्द्रिय विज्ञान तथा प्रविधिमन्त्री डा.जितेन्द्र सिंहले पनि अन्तरिक्ष प्रविधिमा भारतको बढ़्दो क्षमता र स्वदेशी नेभिगेशन प्रणालीलाई सुदृढ़ बनाउने प्रतिबद्धताको प्रमाणका रूपमा यस उपलब्धिलाई उल्लेख गरेका छन्। उल्लेखनीय छ, भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) ले शुक्रवार श्रीहरिकोटा स्थित सतीश धवन अन्तरिक्ष केन्द्रबाट तेस्रो पुस्ताको नेभिगेशन उपग्रह एनभीएस-०३ सफलतापूर्वक प्रक्षेपण गर्यो। जीएसएलवी-एफ१८ रकेटमार्फत राति ११ बजेर ५१ मिनेटमा प्रक्षेपण गरिएको उक्त उपग्रहलाई निर्धारित जियोसिंक्रोनस ट्रान्सफर अर्बिट (जीटीओ) मा स्थापित गरियो।

अरुणाचल प्रदेशमा प्रस्तावित बाँधविरुद्ध झन् चर्कयो जनआक्रोश

इटानगर, ३१ अक्टोबरः अरुणाचल प्रदेशमा सियाङ नदीमा निर्माण गर्न लागिएको बृहत् जलविद्युत् बाँध परियोजना 'सियाङ अपर मल्टिपर्पज प्रोजेक्ट'विरुद्ध स्थानीय बासिन्दाहरूको विरोध प्रदर्शन तीव्र बन्दै गएको छ। भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको राज्य सरकारले प्रस्तावित परियोजनालाई अगाडि बढाउन खोजेपछि आदिवासी समुदायहरू आफ्नो जल, जमिन, संस्कृति र पहिचानको रक्षाका लागि आन्दोलित भएका छन्। यस आन्दोलनले हालैका दिनहरूमा हिंसात्मक रूप लिएपछि सरकारले प्रदर्शनकारीहरूमाथि कडा धरपकड सुरु गरेको छ भने धरपकडसँगै जनआक्रोश थप चुलिएको छ।



अरुणाचल प्रदेशका सियाङ, पूर्वी सियाङ र माथिल्लो सियाङ जिल्लामा बसोबास गर्ने बहुसङ्ख्यक 'आदि' जनजातिका लागि सियाङ केवल एउटा नदी मात्र नभएर उनीहरूको इतिहास, संस्कृति र आस्थाकी देवी अर्थात् 'आने सियाङ' अर्थात् 'आमा सियाङ' हो। स्थानीयबासीका अनुसार बाँध निर्माणले उनीहरूको ऐतिहासिक बस्ती र सांस्कृतिक सम्पदा पूर्ण रूपमा विस्थापित र नष्ट गर्नेछ। 'सियाङ इन्डिजिनस फार्मर्स फोरम' (यसआईएफएफ)का प्रवक्ता तागोरी मिजेका अनुसार, 'सियाङ बिना आदि समुदायको अस्तित्व सम्भव छैन; बाँधले हाम्रो इतिहास र पहिचान मेटाउन सक्दैन।'

परियोजनाको विरोध र सरकारद्वारा गरिएको धरपकडविरुद्ध राजधानी इटानगरका सडकहरूमा सयौँ नागरिक उत्रिए। आकाशदीपदेखि इन्दिरा गान्धी पार्क सम्म निकालिएको उक्त र्यालीमा 'बहने दो बहने दो, सियाङ को बहने दो' (सियाङलाई बग्न देऊ) र 'बाँध हटाऊ, सियाङ बचाऊ' जस्ता नारा गुञ्जिएका थिए।

उक्त प्रदर्शनमा 'जेन-जी' युवाहरूको उल्लेख्य सहभागिता देखियो। 'ककरोच जनता पार्टी' (सिजेपि)का अरुणाचल संयोजक कार्लम रिङ्गुले गिरफ्तार गरिएका सबै आन्दोलनकारीलाई तुरुन्त रिहा गर्न र तैनाथ गरिएको 'र्यापिड एक्सन फोर्स' (आरएएफ) फिर्ता गर्न माग गरे। प्रदर्शनकारीहरूले 'स्थानीय सहमतिलाई कुल्चने अनुमति राष्ट्रिय हित हुन सक्दैन' र 'आत्मसम्मानबिनाको विकास वास्तविक विकास होइन' जस्ता प्लेकार्डहरू बोकेर मुख्यमन्त्री पेमा खाण्डुविरुद्ध कडा नाराबाजी गरेका थिए। अक्टोबर महिनाको शुरुमा रिगा गाउँमा सुरक्षाकर्मीको क्याम्पमा आगजनी भएपछि तनाव सुरु भएको थियो । पछि अक्टोबर २३ मा पासीघाटमा १२ घण्टे बन्दका क्रममा स्थिति थप हिंसात्मक बन्यो । प्रहरीले अश्रुग्यास र स्टन ग्रेनेड प्रहार गरेपछि आक्रोशित प्रदर्शनकारीहरूले ६ वटा प्रहरी गाडी, एनएचपीसीको कार्यालय तथा भाजपाका स्थानीय विधायकहरू र प्रदेश अध्यक्षको घरमा तोडफोड तथा आगजनी गरेका थिए। यस घटनापछि सरकारले 'अरुणाचल प्रदेश गैरकानुनी गतिविधि रोकथाम ऐन'जस्तो कडा कानुन प्रयोग गरी पासीघाट, गेकु र रिगा लगायतका क्षेत्रबाट दर्जनौँ स्थानीय तथा कार्यकर्ताहरूलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा शान्तिपूर्ण विरोधमा संलग्न व्यक्तिहरू र सामान्य नागरिकसमेत रहेको भन्दै पीडित परिवारजनले चिन्ता व्यक्त गरेका छन्।

राज्य सरकारले चीनले तिब्बततर्फ सियाङ नदीमा गरिरहेको निर्माणलाई सन्तुलनमा राख्न र राष्ट्रिय सुरक्षाका दृष्टिले यो बाँध आवश्यक भएको दाबी गर्दै आएको छ। तर, आन्दोलनकारी तथा कानुन व्यवसायी नादो पाडाका अनुसार सियाङ नदीको ७० प्रतिशतभन्दा बढी भाग भारतमै रहेकाले राष्ट्रिय सुरक्षाको नाममा स्थानीयको भावना कुल्चिनु आधारहीन छ।

विपक्षी दल कंग्रेसले सरकारले जनताको असहमतिलाई दबाउन अर्धसैनिक बल र कडा कानुनको प्रयोग गरेर दमनकारी नीति अख्तियार गरेको आरोप लगाएको छ। कंग्रेस प्रदेश अध्यक्ष बोसिराम सिरामले सरकारले स्थानीय कर्मचारी र गाउँका अगुवाहरूलाई समेत धम्क्याएको बताएका छन् । अर्कोतर्फ, राज्यका मन्त्री ओजिङ तासिङले कंग्रेसले युवाहरूलाई उक्साएर र मदिरा बाँडेर हिंसा फैलाएको आरोप लगाउँदै अधिकांश जनता बाँधको पक्षमा रहेको दाबी गरेका छन्। अरुणाचल प्रदेशको सियाङ क्षेत्रमा जारी यो तनाव विकासका नाममा स्थानीय आदिवासी समुदायको आत्मनिर्णयको अधिकार, वातावरणीय सन्तुलन र सांस्कृतिक अस्तित्वमाथि उत्पन्न चुनौतीको उदाहरण बनेको छ भने शक्ति प्रयोग गरेर आन्दोलन दबाउन खोज्दा असन्तोष अझै चुलिने संकेत देखिएको छ।

जेपी नड्डाले दिलाए राष्ट्रिय एकता दिवसको शपथ

नयाँ दिल्ली, ३१ अक्टोबर (हिस): केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जेपी नड्डाले शनिवार नयाँ दिल्ली स्थित कर्तव्य भवन-१ मा स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालय र रसायन तथा मल मन्त्रालयका अधिकारी एवं कर्मचारीहरूलाई राष्ट्रिय एकता दिवसको शपथ दिलाए। लौह पुरुष सरदार वल्लभभाइ पटेलको जयन्तीका अवसरमा उक्त कार्यक्रम आयोजना गरियो। यस अवसरमा अधिकारी तथा कर्मचारीहरूले राष्ट्रको एकता, अखण्डता र सुरक्षा कायम राख्ने प्रतिबद्धता दोहोर्याए। सरदार वल्लभभाइ पटेलले देशको एकता र अखण्डता सुदृढ़ बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। उनको विरासतले आज पनि राष्ट्र निर्माण र राष्ट्रिय एकताका लागि प्रेरणा प्रदान गर्दै आएको छ। यसको उद्देश्य देशको एकता, अखण्डता र सुरक्षाप्रति नागरिकहरूको प्रतिबद्धता सुदृढ़ गर्नुका साथै राष्ट्रिय एकताको महत्त्वलाई उजागर गर्नु हो।

केन्द्रिय कर्मचारीको महँगी भत्ता ३ प्रतिशतले बढ्यो

नयाँ दिल्ली, ३१ अक्टोबरः प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा बुधवार बसेको मन्त्रिमण्डल बैठकले केन्द्र सरकारका कर्मचारीको महँगी भत्ता ३ प्रतिशत बढाउने निर्णयलाई स्वीकृति दिएको छ। दीपावलीको ठीकअघि गरिएको यस निर्णयले केन्द्र सरकारका १ करोड १६ लाखभन्दा बढी कर्मचारी र पेन्सनभोगीलाई खुसी बनाएको छ।



सरकारले कर्मचारी र पेन्सनभोगीलाई बढ्दो महँगीको सामना गर्न सहयोग पुऱ्याउने उद्देश्यले वर्षमा दुईपटक जनवरी र जुलाईमा महँगी भत्ता तथा महँगी राहतको समीक्षा गर्छ। कर्मचारीहरूले अक्टोबरको पहिलो सातामै यससम्बन्धी घोषणा हुने अपेक्षा गरेका थिए। तर, ६ अक्टोबरमा बसेको मन्त्रिमण्डल बैठकमा सरकारले भत्ता बढाउनेबारे कुनै घोषणा गरेन।

१४ अक्टोबरको बैठकअघि फेरि आशा जागेको थियो, तर सरकारले त्यसको सट्टा रेल कर्मचारीका लागि कार्यसम्पादनमा आधारित बोनस घोषणा गऱ्यो। १६ अक्टोबरमा सरकारले केन्द्रीय कर्मचारीका लागि कार्यसम्पादनमा आधारित नभएको बोनस घोषणा गरे पनि महँगी भत्ता बढाउनेबारे केही बताएन। त्यसपछि २१ अक्टोबरको बैठकपछि घोषणा हुने अपेक्षा गरिएको थियो, तर उक्त बैठक नै बसेन।

केन्द्रीय सूचना तथा प्रसारणमन्त्री अश्विनी वैष्णवले मन्त्रिमण्डलको निर्णयबारे जानकारी दिँदै चाडपर्वअघि गरिएको यो वृद्धि कर्मचारी र पेन्सनभोगीका लागि प्रधानमन्त्री मोदीको दीपावली उपहार भएको बताए। उनले महँगी भत्ता र महँगी राहतको दरमा ३ प्रतिशत वृद्धि गरिएको जानकारी दिए। यससँगै मूल तलब र मूल पेन्सनको ६० प्रतिशत रहेको दर बढेर ६३ प्रतिशत पुगेको छ।

यस निर्णयबाट करिब ४८ लाख ५४ हजार केन्द्रीय सरकारी कर्मचारी र ६८ लाख ७१ हजार पेन्सनभोगी लाभान्वित हुनेछन्। भत्ता वृद्धिका कारण सरकारमाथि प्रत्येक वर्ष करिब १० हजार करोड रूपियाँको अतिरिक्त आर्थिक भार पर्ने अनुमान गरिएको छ। यद्यपि, छैटौँ र पाँचौँ केन्द्रीय वेतन आयोगको तलबमानअन्तर्गत पर्ने कर्मचारीका लागि भत्ता वृद्धिसम्बन्धी विवरण छुट्टै प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरिनेछ।

उल्लेखनीय छ, महँगी भत्ता सरकारी कर्मचारीलाई उनीहरूको मूल तलबका आधारमा दिइन्छ। यसको उद्देश्य बढ्दो मूल्यवृद्धिका कारण दैनिक खर्चमा पर्ने असरलाई केही हदसम्म कम गर्नु हो। त्यसैगरी, पेन्सनभोगीलाई बढ्दो महँगीको सामना गर्न सहयोग पुर्याउन महँगी राहत दिइन्छ। यी दुवैको गणना मूल तलब वा मूल पेन्सनका आधारमा तोकिएको दरअनुसार गरिन्छ।

सरकारले सामान्यतया वर्षमा दुईपटक जनवरी र जुलाईमा महँगी भत्ता तथा महँगी राहतको दरमा परिवर्तन गर्छ। महँगी र जीवनयापनको बढ्दो लागतलाई ध्यानमा राखेर यस्तो निर्णय गरिन्छ। अहिले गरिएको वृद्धि जुलाई २०२६ देखि लागू हुनेछ। त्यसैले योग्य कर्मचारी र पेन्सनभोगीले जुलाईदेखि बढेको दरअनुसार भुक्तानी पाउनेछन्। नियमअनुसार, निर्णय सार्वजनिक भएको मितिसम्मको बाँकी रकमसमेत भुक्तानी गर्नुपर्ने हुन सक्छ।

यसअघि अप्रेलमा केन्द्रीय मन्त्रिमण्डलले महँगी भत्ता र महँगी राहतमा २ प्रतिशत वृद्धि गर्ने निर्णयलाई स्वीकृति दिएको थियो। त्यसपछि यो दर मूल तलब र मूल पेन्सनको ६० प्रतिशत पुगेको थियो।

साहित्य

हिमाली बेला ४

वर्ष–२०; अङ्क–२९२; वि.सं. २०८३, कात्तिक १५ गते; गान्तोक, आइतवार, १ नोभेम्बर, २०२६

कथा

बाध्यता



युवा बराल
बिरिङ, पाकिम

''सब चोर! यो पनि चोर! त्यो पनि चोर! सब चोर! लाटा पनि चोर! बाठा पनि चोर! सब चोर! हामी गरीब निमुखा पनि चोर! धनी मानीहरू पनि चोर!'' मनमा उठेको तर अरूको सामुन्ने भन्न नसकेको भड़ास वेपर्वाहसँग ओकल्दै डम्बर बहादूर उर्फ डीबी उर्फ डमरु ओहालै लाग्यो। ऊ बर्बराउँदै गएको हेर्ने एमके टीआरहरू खित्का थुन्दै हाँस्दै थिए।

मञ्चमा कुनै स्थानीय नेता हातको मुड़की बजाउँदै भाषण छाँटिरहेको छ। भाषण सुन्न भनेर भेला भएका जनताहरू सुझ न बुझ थपड़ी बजाइरहेका छन्। मञ्च पनि खचाखच छ, प्राङ्गण पनि भरिभराउ।

दुई तीन घण्टाको समय चार–पाँच जना तथाकथित नेताहरूले खाइसकेका छन्। घाम टण्टालापूर छ। दिन ढलिसकेको छ। तर मिटिङ्ग आधा बिच मै छोड़ेर नहिँड़ने निर्देश हुँदा प्रायजसो जनताहरू आधा भाषण गर्ने ठाउँमा, आधा मन घरमा राखेर त्यहाँ उपस्थित छन्।

''ला गाईलाई घाँस! लाबाख्रा पगाहा लगाएर हिँड़ेको झुण्ड्यो होला! मेरो त सासु बिमारी त्यतिकै निस्लोट ज्वरोमा छोड़ेर आएकी!'' जस्ता उच्छवासहरू त्यहाँ मन्द मन्द गुञ्जयमान छन्। खास खास खुस खुस मात्र छ त्यहाँ। कोही उठेर हिँड़न सक्नेवाला छैनन्।

''डर! हो डर लाग्छ तिनीहरूलाई। कस्तो होला यो डर' भन्ने चिज पनि। यो डर जसको आड़मा त्यत्रो विशाल जमघट जुटेको छ। मान्छेलाई लाग्ने डर; एउटा शासनको, अर्को भाषणको र अझ अर्को राशनको!''

सबैभन्दा ठूलो मनको डर।

डीबीलाई लागेन कि डर! त्यो त त्यत्रो जनताहरू चुपचाप बसिरहेको माझबाट जुरुक्कै उठेर हिँड़ेको हो। अनि अलिक टाड़ा पुगेपछि व्यक्त गर्ननसकेको मनको औड़ाहा बोलिपठाएको हो। अर्कालाई स्वन्तत्र 'चोर' भन्न पाउँदा कति शान्त बनेको हो उसको छाती!

बाटो मास्तिर सुर्ति खान भनेर छलिएर बसेका एमके, टीआर, विर्खे र अन्यहरूले डीबी उर्फ डम्बर उर्फ डमरुको चर्तिकला देखेर छक्कै परेका हुन्। तर त्यस्को स्वभाव नै त्यस्तो। त्यो एकलै बोल्दै हिँड़छ। मन नपरेको कुरा बर्बराइरहन्छ। ऊ हल्का भैरहन्छ। ऊ बगिरहन्छ। सड्लो।

झण्डी डाँड़ामा कुनै पार्टीको मिटिङ चलिराखेको छ। गाउँको घर, घरको परिवार र परिवारको हरेक सदस्यलाई भेला गरिन्छ यहाँ – अलिकति लोभ, अलिकति आशा, अलिकति विश्वास, अलिकति सपना र केही आश्वासनहरूका ठेली थमाउन। गाउँ– यही डाँड़ामा बसेर आफ्नो उज्वल भविष्यको परिकल्पना गर्छ र खुब रमाउँछ। खुब ताली पड़काउँछ। अनि साँझपख मनभरी डर बोकेर फर्किन्छ, आफ्नो घर।

गाउँको हरघरमा गाई बाख्रा कराइराखेको छ। बुड़ा–बुड़ी, लाटा–लाटी र नानीहरू भोकाइरहेका छन्। गाउँको सुनसानलाई बिथोल्दै चर्को ध्वनी ओकल्दै घन्किरहेछ माइकको आवाज। भाषणको रापिलो आगोले मान्छेको मन पगाल्ने काम चलिराखेको छ।

मनगड़न्ते कुराको जादुले सुन्ने मान्छेको विचार परिवर्तन गर्ने कोशिश भइराखेको हुन्छ। आवाजको प्रवाह र हाव–भावको जोशिलो माध्यमबाट मान्छेको दिमागमा आफ्नो समूहको नीति, सिद्धान्त अनि कार्यक्रमको प्रचार प्रसार गर्ने काम भैराखेको छ। भनौं विस्तारै विस्तारै मान्छेको मनमा डर भर्ने प्रयोजन चलिरहेको छ।

डरको खेती भइराखेको वारीको सिमाना मिचेर हिँड़ेको डीबी'ले घर पुग्ने बित्तिकै भर्खरै पश्चेत बाउले घर छाउन भनेर दिएको सहुलियत तीस पन्ना च्यादरबाट छ: पन्ना अलगै छुट्यायो।

त्यसपछि घरछेउको चप्लेटि ढुँङ्गामा टुक्सुक्क बसेर बिँड़ी सल्कायो। धुवाँ फुस्स हावामा छोड़ेर गोजीबाट नोकियाको ब्लाक एण्ड वाइट फोन निकाल्यो। नम्बर मिलायो। फोन कानमा टँसायो। केही क्षण पर्खेर बिस्तारै बोल्यो– ''दुईजना मान्छे लिएर राति दश बजेदेखि उता आउनु! एउटाको पाँच सौ हो ; पैसा चैं लिएरै आउनु है, क्याश!''

चट्ट फोन काटेपछि फेरि बिँड़ी मुखमा च्यापेर लामो चुस्यो। निकैबेर धुवाँ मुखभित्रै रुमल्याएर आकाशतिर एकैसाथ ह्वास्स छोड़यो। त्यो धुवाँ डल्लो पर्दै निकै माथीसम्म गुड़ुल्किँदै उड़िरह्यो अनि पातलो बन्दै शून्यमा विलिन भयो।

उसले फेरि फोन मिलायो– ''हजूर मालिक! एक बोरा चामल, दुइ लिटर खाने तेल, पाँच केजी आलु, एक केजी नुन। पुरानो हिसाब भोलि मिलाउने छु, चुक्ता। यो आजको लेखिराख्नु।''

''मौकामा पछि पर्नु हुँदैन'', डीबीले दृड़ सङ्कल्प गरिछाड़यो।

यतिबेला उसका भोकाएका छोरा–छोरीहरू स्कूलबाट फर्किएर घरभित्र पस्दैथिए। दीपा, गोमा, रमेश, इन्द्रे र सरिता। ❐

कथा

बण्डा



धन 'नीरव' प्रधान
तुरूक, नाम्ची

एउटा घटना त्यस्तो पनि जो मेरै आँखाले देखेको हो। बलेँसीमा तप्केका पानीबाट फोका– फोका उठेर–फुटेर जीवनको क्षणिकतालाई बयान गरिरहेको थियो। फोकाहरू अलिक पर पुग्दै फुट्दै थियो। बलेँसीदेखि भित्रपट्टिको ओभानोतिर उभिएर मैले हेरेको त्यो नाटक जस्तै लाग्ने तर सत्य कथा यथार्थ घटना तितो टर्रो खल्लो र बेस्वाद झैं लाग्ने दृश्यहरू घटनाको मूक दर्शकनै भएर।

कसको पक्ष लिएर वाद–विवाद गर्नु मैले। मलाई लाग्ने पक्षले म त्यहाँ आओस्, उनीहरूको 'सपोर्ट'मा बसेर कुरा गरिदेओस् अवश्य सोच्दा हुन्। त्यसैले ती दुई मप्रति आशावादी दृष्टि बेला–बेला फ्याँक्थे। फेरि मलाई नलाग्ने (?) विपक्षमा रहेका ती दुईले नआओस्को खातिर मपट्टि पिठ्यूँ फर्काइदिएको पनि छ। पल्लो घरमा साँझपख एउटा खेल हुँदैछ, खेल हेर्दैछु तर निराश घटनाको मूक दर्शकनै भएर।

''तँहरू यो घरबाट निस्किहाल, जहाँ जान्छस् जा, तर यहाँ एकछिन पनि बस्नु पर्दैन'' भन्यो। त्यस घरको मालिक मूल व्यक्तिले भन्यो ''आजदेखि यस घरमा तेरो निम्ति कुनै ठाउँ छैन।''

कसैको निम्ति आफ्नै घरभित्र पनि ठाँवै नहुनु जस्तो बिडम्वनाजन्य कुरा केही होला र!! कसैले पनि मेरै भनेर कुनै वस्तुलाई च्याप्प समातेर राख्न खोजे पनि त्यो समातिराखेको वस्तुमा केही समयपश्चात नै भ्रम भइदिन्छ। जादुवालाको चटकमा डोरी समाउनु लगाएर त्यसलाई सर्पका परिणत गरिदिन्छ। त्यसबेला समात्ने मान्छे अत्तालिन्छ फ्यात्त फ्याँकिन्छ अघिको डोरी, अहिले डर भयो। अब उसको दिमागमा त्यो डरले शासन गरिरहन्छ धेरै कालसम्म। मेरो बाबुले सानु छँदा (झ्याङको काँक्रा लम्केर टिप्ने प्रयत्नमा भुइँमा साँपलाई कुल्चेको कथा गर्नुहुन्छ। त्यसपछि दुई–तीन वर्षसम्म बारीतिर मकैको ढोड़ टेकिपठाउँदा पनि झसङ्ग हुन्थे अरे। यसरी आफै सित सम्बन्धित वरिपरिका विषयवस्तुहरूले मान्छेलाई 'इतिटेड' गरिरहन्छन्।

घरबाटै निकालिमाग्ने उनीहरूका छोरा–बुहारी रहेछन्। साह्रै मन परेको छोरा–बुहारी थिइन्, केही समयअघि साह्रै मन नपर्ने छोरा–बुहारी भइन् अहिले। 'वस्तुमा भ्रमको सृजना यी यसरी हुन्छ। आँखाको भ्रम मनको भ्रम!!!'

आफ्नै छोरो हो (लाई) पनि साँझपख घरबाट निकाली खेदनु पर्ने अभिनय गर्नुपर्‍यो, हाउभावको प्रदर्शन गर्नु पर्‍यो, साथै स्वाङ पार्नुपर्‍यो। नाटक खेल्नु पर्‍यो। नाटक जस्तै देखिने वास्तवमा होइन नाटक। घरकी मूल मालिकनी जसलाई 'आमा' भन्छन् छोरोले अनि बुहारीले पनि त्यसै भन्छिन्। आमा भित्र कोठातिर बस्छिन्। सिकुवा हो 'ग्राउण्ड जिरो' नाटकको मञ्चभन्दा पनि हुने। मानौं उनी मञ्चदेखि नपथ्यतिर ओझेल हुन्छिन्। बाहिर त्यस्तै गन्गन् छ बाबुको भित्रपट्टिको ठूलो आवाजले बाहिर निस्केर सबैको कान रन्काउँछ। थाल– बटुका भित्रको भुइँमा झरेका छन्। 'न्यूटनको' गुरुत्वाकर्षण शक्तिले त्यो झर्ने वस्तुलाई तलतिर तानेछ अनि ठूलो आवाज प्रसारण भएछ। सिल्बर र स्टिलका केही थाल – बटुकाका एउटा लाबरको ढाकीमा कोचारेर आमा बाहिर निस्किन्छन्।

''लू यो लिएर बाटो लागिहाल् तँहरू!''

माया छ क्या हो! आमाको हृदयमा छोरा – बुहारीलाई पकाई खाने थाल बटुका दिन्छिन् त हँ!

बाबुचाहिँले एकक्षण त्यो भाँड़ाबर्तन हेरेपछि स्वात भित्र पस्छन्। बाहिर गनगन त्यस्तै आमाको। अचम्म बाबुले झनै झर्का थाल– बटुका लिएर आउँछन् साथै अलिकता चामल, दुई डल्ला इस्कुस पनि।

''लू यो पनि लैजा''।

अझ बेसी माया देखाउँछन् त बाबुले किन माया छ कि दया छ हँ बाबुकोमा!

त्यहाँको स्थिति देख्दा एउटा अन्योल सृष्टि भए झैं देखिन्थ्यो , हेरिन्थ्यो, बुझिन्थ्यो। दुईजनाको गन्गन् सुनिन्थ्यो, दुईजना अझ मौन रहन्थे। अघि म मात्रै थिएँ अहिले त्यहाँ रमिता देख्ने धेरै भए। आवाजले तानेका कानहरू ठाड़ा– ठाड़ा पार्दै त्यहाँ आएका मान्छेहरू!!

त्यो घरमा कहिल्यै शान्ति भएको देखेनौं, जहिल्यै झगड़ा हुन्छ। रक्सीको झोल पियो अनि झगड़ा गर्यो। रिस पोख्ने साधन भयो त्यी सीधा–सोझा छोरा–बुहारी, बरू बण्डा दिएर अलग्गै छुट्याइदिनु नी पहिल्यै। हेर्नुनी तिनीहरूले आज साँझपख घरबाट निकाल्नु आँटे ती दुइलाई बुहारी पनि दोजिया छिन्। यस्तो स्थितिमा उनीहरू कहाँ जाने? कस्तो निर्दयी रहेछन् यिनीहरू त! गए केही त बोलिदिऊँ। होइन घर झगड़ा हो, उनीहरू बाइछन्, मिल्छन्, पछि आफू पो नराम्रो भइन्छ। यस्तै तर्कहरूमा अल्झिबसेका थियौं। त्यहाँ हामी रमिते भएर बसिरहयौं। हेरिरहयौं रमिता मन मनमै मज्जा मानेर? दयाको ढोङ गरेर निर्दयी भएर!

मलाई लाग्यो मात्र ती दुईलाई घरमा ल्याएर राख्नु पऱ्यो आज जुन सङ्घर्षको बाटोमा ती दुई निस्किनु परेको छ त्यसमा सफल भए भने, त्यसलाई पार गर्न सके उनीहरू स्वनिर्भर बन्न सक्नेछन्। त्यसैले मैले त्यहाँ केही भन्न खोजिनँ। यथार्थ घटनाभित्र पसेर म वास्तविक पात्र हुन खोजिनँ। पानी एक तमासले परिरहेकै छ। लाग्छ जस्तो कि ती दुईजनाको परिस्थितिमा प्रकृति पनि रोइरहेछ। रात पर्दैछ। ती दुईजना पोको बोकेर घरबाट विदा हुन लागेको छन्। आँगनमा ओर्लेका छन् बाबु र आमा भित्र पस्छन् र दैलो ड्याम्म लगाउँछन्। रातले साँझको अन्तिम प्रहरमा खुट्टा टेकेको छ, अब साँझ बस्दैन, रात हिँड्दछ। त्यही रातको कालो हात समातेर अन्धकारतिर ती दुई पर पुगेको देखियो, त्यसपछि त्यो आकृति देखिन पनि छोड्यो। सबै आ–आफ्नो घरतिर लागे। अब शुरु हुन्छ कथा!

रात बित्यो, दिनहरू पनि बित्दैगए। बित्ने विषयहरूले नबिती धर पाउँदैनन्। नयाँ, नवीन, नौलो भन्ने आवाजहरू अण्डा, ओम्रा र चल्ला सबै स्थिति पार गरेर पखेटा पलाउने ठाउँमा पुगिसकेका छन्। सबै कुरा सङ्कुचित भएर कस – कसको भाग बण्डामा परेर मेरो – मेरो भन्नु थालेका समयमा फराकिला ठाउँहरू साँघुरो भइबसेका छन्। धेरैको 'सपोर्टले' उठेका शिरहरूले सबैलाई केही न केही बण्डा दिएर प्रसन्न पारेर आफू गजक्क परेर सत्तासीन भएर बस्ने वातावरण बनाएको छन्। यो पनि एउटा खुशीको कुरा हो। संसार साँघुरो भएको आँखाले देखिरहेका दृश्य हो, भोगिरहेका यथार्थ योजनाहरू शुरु भएपछि पर्खालहरू भत्किनथालेको छन्। मान्छे हिँड्नु होइन, कुद्रे, उड्ने ठाउँ चाहियो। जसको दम छ र 'सपोर्टको' कम छैन त्यो एकैक्षणमा कहाँ–कहाँ पुग्दछन् पत्तो पाईदैन। घरभित्र बाघ हुने र आफ्नैहरूमाथि घात–प्रतिघात अनि आघात पुऱ्याउनेहरूले समयमा विसर्जनको तातो सास फेर्नु परेको घटना देखिबसेका छौं हामीले, सबै, सबैले।

सरकारले फ्याँक्यो सूचनाको झटारो, कि जसले अवैध रूपमा सरकारी जमीनमा घर खड़ा गरेका छन्। उक्त घरहरू सबैमा 'डोजर' लगाइने छन्। यस्तो अप्रत्याशित सूचनाको पालन गर्नै पर्नेछ भन्ने हस्तक्षेपीकरणको सामु विवश आखिर त्यो घर पनि त भत्किने नै भयो। जमीन मापन गर्नेहरूले 'तिम्रो घर भत्काउनु पर्छ' भन्ने निर्णय सुनाए। यो तिम्रो बण्डा होइन, यो सरकारको बण्डा हो भन्दा ती दुई प्राणी छक्क, अक्क न बक्क पर्नुको अवस्था आयो।

वास्तवमा हाम्रो के चाहिँ आफ्नो छ हौकेही त छैन्। माया गरी हुर्काएका कायालाई त्याग्नु पर्ने जीवनको पूर्ण सत्यको परिभाषा बोकेरै बाँच्नु विवश जीवन हाम्रो हो। मर्दाखेरि छ: फूट जमीनमा चिरनिन्द्रा निदाउने हो। समय र परिस्थितिकै दास हौं। हाम्रो बण्डामा परेको त्यही छ : फूट माटो हो, जमीन हो, हाम्रो बण्डा!

'मेरो घरमा नबस' भन्नेहरू घरविहीन भयो, समय चक्र यसरी घुम्यो मान्छेको भाग्यमा भग्नावशेषमा। भ्रममा।

एक साँझ एउटा घरको आँगनमा एउटा कलिलो बालक उफ्रिरहेको थियो, रमाइरहेको थियो अनायसै आँगनमा दुई वृद्ध/ वृद्धाको बोझिल शरीर कतैबाट आएर त्यहाँ उभियो। उदाङ्गो दैलोबाहिर भित्रको उज्योलोले बाहिर पनि प्रकाश छरिरहेथ्यो, बालक भित्र पसेर तोते बोलीमा के–के भन्दै बाबु आमाको औंलीमा समातेर बाहिर निस्कियो। केही क्षणमा सबै भित्र पसे, घरको ढोका खुल्लै थियो। भित्र बत्ती झलमल्ल बलिरहेथ्यो। वातावरणमा एक प्रकारको आनन्द थपिएर अब एउटा सुखान्त कथाको शुरुवात हुन लागेको थियो। ❐

काल्पनिक कथा

मृत्युको कामना



शङ्कर शर्मा
पत्थरझोड़ा, डुवर्स

बलबहादुरको अन्तिम क्षण साह्रै कष्टदायी बनेको छ। कम्मरदेखि मुनिको भाग अचल बनेको छ। दिशा–पिसाबको होस रहँदैन। दिनभरि मुढ़ो झैं ओछ्यानमा लड़िरहन्छन्। छोराहरूले स्याहार गर्न नसक्ने भएपछि उनलाई कान्छी छोरीको मा ल्याइएको छ। कान्छी छोरीको आफ्नै घर गृहस्थी छ। सासु ससुराको सेवा गर्नुपर्छ। घरधन्दा सम्हाल्नु पर्छ।तर पनि आफ्नो पिताको हालत देख्न नसक्दा उनले हेरचाह गर्न बिरामी पितालाई घरमा ल्याएर राखेकी छन्।

उनको बाबालाई ल्याउँदा सासूले भन्दै थिइन्– ''घरको काम धन्दा गर्छौं कि बिरामी पिताको स्याहार सुसार गर्छौं। दुई भाइ छोराहरू छन् त! अहिले आफ्नै बाउ पनि बोझ भयो अरे तिनीहरू लाई? यस्तो बिरामीलाई घरमा राखेपछि घर नै दुर्गन्ध गन्हाउँछ। छर–छिमेकीले खिसी–टुहुरी गर्छन्। एक दुई दिन यता राखेर दाजु–भाइकोमा पुराइदिई हाल।''

उनका लोग्ने र ससुरा बा केही बोल्न सकेनन्। आजसम्म घरमा सासूको बात काट्ने हिम्मत कसैले गरेका छैनन्। मुख बजाउनु उनलाई कसैले भ्याउँदैनन्। उनको यही आदतले गर्दा छर–छिमेकी पनि उनीदेखि दूर दूर हुने गर्छन्।

बलबहादुरले यो सब कुरा भित्रकोठाबाट सुनिरहेका थिए। कसैको बोझ भएर बाँच्न जस्तो ठूलो पीड़ा अरू केही होइन रहेछ भन्ने अनुभव भयो उसलाई। उसले स्वर्गवास भइसकेको आफ्नै श्रीमतीलाई सम्झियो।

कति खुसीहाल जिन्दगी थियो उनीहरूको। सानो सानो कुराको श्रीमतीले धेरै ख्याल राख्थिन्। बिरामी हुँदा दिनरात सेवा गर्थिन्। समय–समयमा दवाई–पानी दिन्थिन्। मिठो–मिठो खाने कुरा पकाएर जबरजस्ती खुवाउँथिन्। भन्थिन्– म छैन भने कसरी बाँच्छौ। सबै मेरो भरमा छ। हरेक कुरा मैले सम्हाली दिनुपर्छ।

त्यतिबेला बलबहादुर मुसुक्क हाँसेर भन्थ्यो– ''तिमी चाहिँ कहाँ जान्छौ र मलाई छोड़ेर?''

त्यतिबेला लाग्थ्यो जिन्दगी सधैँ यसरी खुसी साथ बित्छ भनेर। तर ती दिनहरू अहिले याद मात्र बनेका छन्। दिनहरू बितेर जाँदा रहेछन्।

श्रीमतीको आकस्मिक निधन हुँदा ऊ धेरै रोएको थियो। उसकी श्रीमतीले दुई छोरा र एक छोरी छोड़ेर गएकी थिइन्। बलबहादुर एक्लैले दुःख गरेर बाल बच्चा हुर्काएका थियो। ऊ सोच्दथ्यो– छोराहरूलाई राम्रो संस्कार दिएको छु। आफ्नो छोरा–छोरी माथि धेरै भरोसा थियो उसलाई बुढ़ेसकालको साहारा बन्छ भनेर।

समय बित्दै गयो।

जेठा र कान्छा छोराको बिहेदान गरिदियो उसले। बिहेपछि छोरा बुहारीले गरिखावोस् भनेर उनीहरू लाई आ–आफ्नो हिस्सा–बण्डा पनि गरिदियो।

छोरा–छोरीको बिहेदान गर्दा बलबहादुर धेरै खुशी थियो। त्यो दिन पनि उसले आफ्नी श्रीमतीलाई सम्झेको थियो।

हिस्सा बण्डा पाएपछि छोराहरूले आ–आफ्ना जिवीकोपार्जन गर्न थाले।

बलबहादुर हट्टाकट्टा र जाँगरिलो मान्छे थियो। त्यसैले ऊ छोराहरूको भरमा बस्न परेन। खेतीपाती गरेर आफ्नो जीवन धान्न थाल्यो। तर अचानक एकदिन ऊ गाड़ी दुर्घटनामा पऱ्यो। अस्पताल पुऱ्याएपछि थाहा भयो अबउप्रान्त कम्मर मुनिकै भाग नचल्ने भएछ। बुढ़ा अब थला परे। गाउँ–घर छर–छिमेकीले धेर थोर सहयोग गरेर शहरको ठूलो अस्पताल पुराए। बुढ़ाले आफ्नो सर–सम्पत्ति उपचार कै निम्ति बेच–बिखान गरे। तर पनि उसको शरीरको उपचार हुन सकेन।

अस्पतालबाट बुढ़ालाई जेठा छोराले हामी हेरचाह गर्छौं बाबाको भन्दै घर लगे।

शुरु–शुरुमा त जेठी बुहारीले समय–समयमा दिसा–पिसाब सोहोर्ने र लुगा फेरिदिने काम मनलाएर गरिन्। कहिले काँही बाहिर घाममा झिकाएर नुहाइदिन्थिन्। तातो तेलले शरीर मालिस गरिदिन्थिन्।

तर महिना दिन बित्दा नबित्दै उनले भन्न थालिन्– ''आ.. हामी मात्रै कति स्याहार गर्नु। पुराइदिँउ न कान्छाको मा। ऊ पनि त छोरा हो। हामीलाई मात्रै के को कराकर।''

बलवीरले भित्र कोठाबाट यो कुरा सुनिरहेका थिए। जेठाले भन्यो– ''तिमी केही दिनको लागि माइत जाउ न अन्त। म यहाँ बाबालाई हेर्ने मान्छे भएन भनेर कान्छाकोमा पुराइदिन्छु। तिमी माइत गएनौ भने छर–छिमेकीले के भन्छ फेरि।''

नभन्दै भोलिपल्ट ''माइतमा आमा बिरामी भइछिन्'' भन्दै ठूलो बुहारी माइतिर लागिन्।

''यहाँ बाबालाई हेर्ने मान्छे भएन'' भन्दै जेठाले कान्छो भाइलाई तुरुन्तै बोलाई पठायो।

कान्छा छोराले लगेर केहीदिन राखेको मात्र के थियो उनीहरू कमाउन भनेर शहरतिर जाने भए। ''हाम्रो पनि छोरा–छोरीको भविष्य बनाउनु पर्छ। यसरी तिम्रो मर्न आँटेको बाउलाई मात्र रूँगेर हुदैन। पुराइदेउ कान्छी बहिनीकोमा। आखिर ऊ पनि त छोरी हो।''

छोरा–बुहारीहरूको वचनले बुढ़ाको मन भाँच्चिए। उनले केही नसुने झैं गरे।

आफ्नो श्रीमतीले यति भनेपछि कान्छा छोराले तुरुन्तै बाउलाई कान्छी छोरीकोमा ल्याइपुराएका थिए।

बितेका दिन सम्झेर आँखा आँसुले भरिन्छ। आफ्ना छोराले पनि बोझ सम्झन थालेपछि बाँच्ने इच्छाशक्ति हराएर गयो उसको। आफ्नो सन्तानमाथि कति भरोसा थियो उसलाई। त्यसैले श्रीमतीको निधन हुँदा पनि उसले अर्को बिहे गरेन। ऊ सोच्थ्यो– ''अर्को श्रीमती ल्याउँदा छोरा–छोरीलाई हेला गर्ने छ'' भनी। त्यसैले सारा दुःख एक्लै सहेर उसले आफ्नो दुई छोरा र एक छोरीलाई हुर्काई बढ़ाई गऱ्यो। राम्रा राम्रा पाठशाला पठायो। उसले सके जति सबै गरिदियो। तर आफू थला परेपछि छोराहरूको व्यवहारले साह्रै मन दुखायो उसको।


अब 'किन बाँच्नु' भन्ने प्रश्न मनभित्र उठ्न थाल्यो। अब बाँच्नुको कुनै अर्थ रहेन उसलाई। फेरि कान्छी छोरीको बोझ भएर बाँच्ने इच्छा भएन उसको आत्मा मऱ्यो।

भौतिक संसारको कुनै माया मोह रहेन अब उसको हृदयमा। क्षितिज पारीको पहेँलो घाम बनिसकेको छ ऊ। त्यसैले ईश्वरप्रति दिनरात मृत्युको कामना गर्दै दिन बिताउँदै छ ऊ। ❐

छन्द उपासना र पाठकीय प्रतिक्रिया



जीविका अश्रु
गान्तोक, सिक्किम



छन्द कविता भनेको निश्चित नियम, लय, मात्रा वा वर्णको आधारमा लेखिने कविता हो। छन्दले कवितालाई लयात्मक प्रस्तुति माधुर्य बनाउँछ। साथै व्यवस्थित बनाउँछ। नेपाली साहित्यमा शार्दूलविक्रीड़ित, वसन्ततिलका, मन्दाक्रान्ता, अनुष्टुप आदि विभिन्न छन्दहरूको प्रयोग हुँदै आएको छ। छन्दमा लेखिएको कविता पढ़दा वा वाचन गर्दा विशेष प्रकारको सङ्गीतात्मक अनुभूति हुन्छ, त्यसैले यसको साहित्यिक महत्त्व धेरै छ।

काव्यमा छन्द अनिवार्य हुन्छ कि हुँदैन भन्ने विषयमा समय समयमा चर्चा परिचर्चा नभएको भने हैन, तर समयसँगै धारणा परिवर्तन भएको छ। परम्परागत रूपमा छन्दलाई कविताको प्रमुख आधार मानिन्थ्यो। त्यसबेला अधिकांश कविताहरू छन्दका नियम पालना गरेर लेखिन्थे। तर आधुनिक साहित्यमा मुक्तछन्दको विकास भएपछि छन्द अनिवार्य मानिँदैन। आजका धेरै कविहरू भावना, विचार, कल्पना र सन्देशलाई प्राथमिकता दिँदै छन्दको बन्धनबिना पनि उत्कृष्ट कविता सिर्जना गरिरहेका छन्।

यसैले काव्यमा छन्दको महत्त्व अत्यन्त ठूलो भए पनि आजको सन्दर्भमा छन्द अनिवार्य भने होइन। छन्दयुक्त कविता र मुक्तछन्द दुवैका आफ्नै विशेषता र सौन्दर्य छन्। कविले आफ्नो उद्देश्य, विषयवस्तु र अभिव्यक्तिको शैलीअनुसार छन्दयुक्त वा मुक्तछन्द जुनसुकै माध्यम रोज्न सक्छ। मुख्य कुरा कविताले पाठकको मन छुने, प्रभावकारी सन्देश दिने र कलात्मक अभिव्यक्ति प्रस्तुत गर्न सक्नु हो।

आज म छन्द उपासना नामक कविता सङ्ग्रहको कुरा गर्दैछु। यस पुस्तकका लेखक हुन् विराटनगर निवासी कवि रोहिणी रसिक। कवि छन्दमा अब्बल मानिन्छन्। साँच्चै भन्नुपर्दा म छन्द लेख्न नजान्ने तर छन्द वाचन सुन्न र छन्द कविता लय हालेर पढ़न मन पराउने मान्छे चाहिँ हुँ। प्रत्येक कवितामा यति, गति, लय आदि कहाँ भङ्ग भएको छ? भन्ने छुट्याउन सक्दिन। तर कविताको भाव र विषयवस्तु भने बुझ्न सक्छु भन्ने लाग्छ।

यो कविता सङ्ग्रहमा प्रा.डा. देवी नेपाल, हरि कट्टेल, जीवन काश्यप, प्रिन्स प्रमोदकुमार ढकाल्को शुभकामना सदेश छ भने बाबुराम पोखरेलले भूमिका लेख्नुभएको छ। कविले लेखकीय मन्तव्य राखेपछि कविताक्रम छ। उनन्साठीवटा कविताक्रम पछि कविता शुरु भएका छन्। कम्तिमा पाँच श्लोकदेखि नौ दश श्लोकसम्मका मीठा र मर्मस्पर्शी कविताहरू छन्।

नारा उच्च लगाउने जति सबै हुन् क्रान्तिकारी भनी
आग्ला यी घरमा हुने जति सबै हुन् भ्रष्टचारी भनी
बोल्ने बोल्न लगाउने नबुझियोस् हुन् सर्वहारा जन
हौवाका पछि दौड़िई दिनदिनै चल्दैन यो जीवन।

यो कवितामा समाजमा देखिने राजनीतिक नारा, आन्दोलन, बन्द–हड़ताल, झूटा आश्वासन, धम्की, प्रलोभन र छलकपटको चित्रण गरिएको छ। कविले यस्ता गतिविधिबाट मानिसहरू केही समय प्रभावित भए पनि अन्ततः सत्य बुझेर फेरि आफ्नो दैनिक जीवनतर्फ फर्किने यथार्थ प्रस्तुत गरेका छन्। भाषण र नाराभन्दा कर्म नै ठूलो हुने सन्देश कविताले दिन्छ। क्षणिक उत्तेजना र भ्रममा नपरी विवेकका साथ जीवन अघि बढ़ाउनुपर्ने भाव यस कविताको मुख्य सार हो। यो कविता यथार्थवादी हो। यसमा समाज र राजनीतिको वास्तविक अवस्था, नेताहरूको खोक्रो आश्वासन, आन्दोलन, बन्द–हड़ताल तथा जनजीवनमा पर्ने प्रभावलाई यथार्थ रूपमा चित्रण गरिएको छ।

उदाउँदो प्रभातमा म खोज्छु मुस्कुराउन
म दिन्न भन्छ रातले निमग्न चल्मलाउन
म लाग्छु भन्छु कर्ममा हुदैन भन्छ राहुले
तनावमा छ जिन्दगी नबस्नु भन्छ घाउले

पञ्चचामर छन्दमा लेखिएको माथि उल्लेखित कवितांश हालत शीर्षक कविताबाट राखेकी हुँ। सिङ्गो कविताले समाज र देशको वर्तमान अवस्थाप्रति कविको असन्तुष्टि र चिन्ता व्यक्त गरेको छ। कवितामा मानिसहरू सत्य बोल्न डराउने, भ्रष्टाचार र अन्याय बढ़दै जाने, योग्य व्यक्तिको उपेक्षा हुने तथा समाजमा गलत प्रवृत्ति हावी भएको यथार्थ चित्रण गरिएको छ। यस्ता विकृतिका कारण कविको मन दुःखी र चिन्तित बनेको छ। अन्ततः कविले समाजमा सत्य, न्याय र नैतिकताको स्थापना हुनुपर्ने सन्देश दिएका छन्। प्रगतिवादी कविता भन्न मिल्छ झै महसुस गरेकी छु।

अन्त्यमा,

'छन्द उपासना' सङ्ग्रहमा विभिन्न छन्दमा लेखिएका कविता छन्। कवितामार्फत समाज, राष्ट्र, राजनीति, संस्कृति, नैतिकता, मानवीय जीवन, प्रेम, प्रकृति र समसामयिक विकृतिहरूलाई यथार्थ र कलात्मक रूपमा प्रस्तुत गरिएको छ। कविताहरूले सत्य, न्याय, मानवता, कर्तव्य, अनुशासन र सकारात्मक परिवर्तनको सन्देश दिन्छन् भने भ्रष्टाचार, अन्याय, विसङ्गति र सामाजिक विकृतिप्रति तीव्र असन्तुष्टि व्यक्त गर्छन्। छन्दको शास्त्रीय नियमलाई पालना गर्दै सरल, प्रभावकारी र सन्देशमूलक शैलीमा रचिएको यो सङ्ग्रहले पाठकलाई नैतिक, सामाजिक र राष्ट्रप्रेमी चेतना जगाउँदै आदर्श जीवनतर्फ प्रेरित गर्दछ। ❐



खतरामा पृथ्वी सम्हालिनु नै समाधान!



हावा–पानीको कुरा गर्नु हो भने पानीमा फोहोर रहेको अनि हावा दूषित बनेको कुरामाथि चर्चा कम नै हुने गर्छ। सबैले भन्छन् – पानी शुद्ध छ पिउँदा हुन्छ तर त्यो पानी प्रतिदिन प्रदूषित भएर सम्पूर्ण प्राणीमाथि पर्दैगएको असरबारे हामी कम्ति नै सोच्छौं। प्रतिदिन पर्यावरणको अवस्था बिग्रिँदै गइरहेको छ जसलाई सम्हाल्नु धेरै आवश्यक भइसकेको छ।

हामी कुरा निकै गम्भीर गर्छौं, जस्तो कि पृथ्वीबाट प्रदूषण उखेलेर नै फ्याकिँ दिन्छौं जस्तो। हामी जसरी पर्यावरणको संरक्षण सम्बन्धमा जसरी हामी जोसिएर कुरा गर्छौं वास्तवमा त्यसरी नै काम गर्ने उत्साह हामीमा हुँदैन। पर्यावरण संरक्षण भन्दै आज एउटा बिरुवा रोपिदिन्छौं अनि छोड़िदिन्छौं, भोलिदेखि उता त्यसपट्टि फर्केर हेर्ने हामीमा समय हुँदैन।

हो, हामी सबैलाई थाहा भएको कुरा हो कि राम्रोसँग श्वास लिन पनि नसक्ने गरी अहिले हाम्रो पर्यावरण प्रदूषित भइरहेको छ। हावा–पानीको कुरा गर्नु हो भने पानीमा फोहोर रहेको अनि हावा दुषित बनेको कुरामाथि चर्चा कम नै हुने गर्छ। सबैले भन्छन् पानी शुद्ध छ पिउँदा हुन्छ तर त्यो पानी प्रतिदिन प्रदूषित भएर सम्पूर्ण प्राणीमाथि पर्दैगएको असरबारे हामी कम्ति नै सोच्छौं। प्रतिदिन पर्यावरणको अवस्था बिग्रिँदै गइरहेको छ जसलाई सम्हाल्नु धेरै आवश्यक भइसकेको छ।

२०१५ को एउटा रिपोर्टअनुसार विश्वमा प्रदूषणबाट ज्यान गुमाउनेहरूको सङ्ख्या सबैभन्दा धेरै रहेको छ। यस मामिलामा भारतले चीनलाई धेरै अघि नै जितेको थियो।

वायु प्रदूषणको कारण नै हावा प्राणघातक बनेको अनि त्यसैले ज्यान लिने गरेको धेरै रिपोर्टहरूमा सामुन्ने आएको अनि धेरै पर्यावरणविद्ले स्वीकार गरेको कुरा हो। सड़कमा बढ़्दो वाहनहरूको सङ्ख्याको कारण पनि वायु प्रदूषित भइरहेको छ। त्यसरी नै बढ़्दो उद्योग–कारखानाका कारण पनि यस्तो भइरहेको छ। हावामा यसरी प्रदूषित कणहरू बढ़्नाले स्थिति खराब भइरहेको छ। यसरी पर्यावरणीय स्थिति बिग्रनुअघि नै हामीले यसको बचाउमा पाइला चाल्नुपर्ने हो अनि प्रदूषित पर्यावरणलाई स्वच्छ पार्नमा पहल गर्नुपर्ने हो।

जैविक खेतीतर्फ अग्रसर हुनु जरुरीः

अन्नको समस्या एउटा ठूलो मुद्दा बनेर अघि आएको छ। यसका लागि हामीले नै कुनै समाधान निकाल्नुपर्छ। यसका लागि अजैव बीजलाई हामीले प्रयोगमा ल्याउन छोड़नुपर्छ। रसायनिक खेतीका कारण पृथ्वीलाई नोक्सान पुगिरहेको कुरालाई हामीले स्वीकार गर्नुपर्छ। रसायनको प्रयोगकै कारण अहिले उब्जनीमा प्रतिदिन ह्रास आइरहेको कुरा हामीलाई थाहा भएकै कुरा हो। यस कुरालाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ अनि जतिसक्दो जैविक खेतीतर्फ हामीले ध्यान दिनुपर्छ। यसो गर्नाले उब्जनीको मात्रा बढ़्नसक्छ।

स्वच्छता आवश्यकः

पोहोर–मैला को कुरा गर्नु हो भने हाम्रा नदी–नाला यति धेरै प्रदुषित बन्दै गइरहेका छन् कि त्यहाँ नुहाउन पनि झट्ट मन लागिहाल्दैन। यहाँका नदी–नालाको कुरा मात्र होइन पृथ्वीको कोख मानिने समुद्र पनि यस्तै आक्रमणको शिकार बन्न पुगेको छ। एक तिहाई समुद्रमा फोहोर–मैला र प्लाष्टिकहरूले प्रदूषित पारिरहेको कुरा हामीले देख्दै अनि सुन्दै आइरहेको कुरा हो।

सकिँदैछन् समुद्री जीवः

यदि समुद्रमा रहने जीवहरूको कुरा गर्नु हो भने प्रदूषणकै कारण यहाँका जीवहरू क्रमषः लोप हुने अवस्थामा छन्। समुद्र प्रदुषित भएको कारण आउने समयमा समुद्री माछा नरहलान् भन्ने कुरालाई ध्यानमा राखेर समुद्रबाट माछा निकाल्न थालिएको छ। एउटा आँकड़ाले बताएअनुसार प्रत्येक वर्ष १३ करोड़ टन माछा समुद्रबाट निकालिने गरिन्छ, जसमा चार करोड़ टन मृत अवस्थामा समुद्रमै फ्याँकिन्छ। यदि यस्तै अवस्था हो भने आउने २०–२२ वर्षपछि समुद्रमा माछा भेट्न नसकिने अनुमान लगाउन सकिन्छ।

अमूल्य सम्पदालाई संरक्षित–संवर्धित गर्न आवश्यक

– कुलभूषण उपमन्यु

वन जस्तो अद्भुत अमूल्य सम्पदालाई जुन गम्भीरतापूर्वक संरक्षित र संवर्धित गर्न आवश्यकता छ हामीकहाँ त्योअनुरूप व्यवस्थाहरू छैनन्। यस्तो हुनुमा विशेष गरी समुदाय, सरकार र विभागबीच वाञ्छित तालमेलको अभावले एउटा ठूलो बाधा सृष्टि गरेको छ। कैयौं आवश्यक व्यवहारिक निर्णय केन्द्रीकरणको कारण चल्न पाउँदैन। यदि हरेक गाउँको वन क्षेत्रका केही भागलाई गाउँ–वन बनाएर स्थायी वन प्रबन्धन समितिहरू गठन गरेर त्यसमार्फत् वन प्रबन्धको कार्य आरम्भ गरिए वनप्रति समुदायको दृष्टि, सामुदायिक उत्तरदायित्व भावना र समुदायहरू र वन विभागको सम्बन्धमा गुणात्मक सकारात्मक परिवर्तन सम्भव छ। देशको अर्थव्यवस्थामा वन बहुआयामी महत्त्वपूर्ण प्राकृतिक संसाधन हो। हिमाचल प्रदेशको ६७ प्रतिशत भाग वनले ढाकेको छ जसमा २३ प्रतिशतदेखि २७ प्रतिशतबीच वास्तविक जङ्गल छ। परिस्थितिकीय सन्तुलन, जल संरक्षण, जैव विविधता, मृद निर्माण, भूदृश्य सौन्दर्य र जलवायु नियन्त्रणको रूपमा वनले यस्तो भूमिका निर्वाह गर्दैछ, त्योबिना न त जीवन सम्भव छ न त विकास नै। दुर्भाग्यले यस संसाधनको प्रबन्धन अङ्ग्रेजकालदेखि नै वनहरूको उपरोक्त भूमिकाहरूलाई ध्यानमा नराखी केवल व्यापारिक दृष्टिबाट नै गरिँदैछ। व्यापारिक प्रजातिहरूको एकल रोपणलाई नै प्रोत्साहित गरियो। यसको निम्ति प्राकृतिक वनहरूको विनाशको कार्य सुधार–वन विभागको नामबाट गरिँदै आएको छ।

यो क्रम १८५० देखि १९८१–सम्म निर्बाध गतिमा चल्दै आएको छ। त्यसपछि वैश्विक चेतना र चिपको जस्ता सामाजिक आन्दोलनपछि दृष्टिकोणमा विस्तारै केही परिवर्तन आएको छ। सामाजिक वन विभाग र साझा वन प्रबन्ध प्रयोग हुन थालेपछि मिश्रित प्राकृतिक वन विभागको दिशामा पनि केही प्रगति आरम्भ हुन थाल्यो। वनमा यदि फल, चारो, इन्धन, खाद, रेशा र औषधि प्रदान गर्ने वृक्ष, झाड़ि र घासहरूको रोपण र संवर्धन छ भने वन, वृक्षहरू नकाटी नै दिगो आय र रोजगारको स्रोत बन्नसक्छ। समाज र सरकारले उक्त विषय जतिसक्दो चाँड़ै बुझेको राम्रो हो। वनमाथि वर्णित योगदानद्वारा अर्थव्यवस्थामा जल संरक्षण आधारित आर्थिक एवं जीवनदायी गतिविधि, पशुहरूको निम्ति सस्तो चारो उपलब्ध गराउन, फलहरूको औषधिमाथि आधारित आर्थिक गतिविधि, भू सौन्दर्यबाट विभिन्न प्रकारको पर्यटनलाई विकसित र आकर्षित गरेर अर्थव्यवस्थाको रीढ बन्नसक्छ। प्रदेशबाहेक सम्पूर्ण देशको निम्ति विशेष गरी यहाँका नदीहरूको



जलागमको मैदानी भागहरूसम्म वनले पर्यावरणीय लाभ पुऱ्याउँदछ। तर वृक्षहरूलाई दाउरा र इन्धनको दृष्टिबाटै हेर्ने मानसिकतादेखि हामी बाहिर निस्किनसकेका छैनौं। दाउरा त वृक्षको मृत उत्पादन हो। यदि वनहरूको घनत्वलाई कायम राख्यौं भने लड्नु आटेको र प्राकृतिक रूपमा सूक्खा वा भाँच्चिएका रुखबाट पनि इन्धनका अधिकांश आवश्यकता पूरा गर्नसकिन्छ। डा.तारकमोहन दासअनुसार ५० टन ओजन भएको एउटा रुखले ५० वर्षको जीवनकालमा १९८०–को दशकको मूल्यको स्तरमा १५ लाख ७० हजार रुपियाँको सेवा वायु शुद्धीकरण, जलवायु नियन्त्रण, जल संरक्षण, मृद निर्माण, फल, फूल र छायाँ आदिको रूपमा दिँदछ। केन्द्र सरकारले पनि पर्वतीय राज्यहरूमा ग्रीन बोनस दिएर यस कार्यमा योगदान दिए वनहरूको स्थितिमा पर्यावरणीय दृष्टिबाट लाभकारी र रोजगार सर्जकमा ठूलो परिवर्तन ल्याउनसकिन्छ। वन विभागको शिर त ठूलो हुँदै गइरहेको छ तर खुट्टाहरू भने कमजोर हुँदै गइरहेका छन्, यस स्थितिलाई पनि परिवर्तन गर्न आवश्यक छ।

(लेखक हिमालय नीति अभियानका अध्यक्ष हुन्।)

विविध

जिन्दगीका गोप्य कुराहरू

– अविरल थापा

अक्सर नजिकका साथीलाई गोप्य कुरा सुनाइन्छ तर अरूलाई जति सुनाए पनि आफ्नो कमजोरीको केही अंश भने जो कसैले लुकाएरै सुनाएको हुन्छ। सहानुभूति खोज्नु मानिसको स्वभाव नै हो। अरूलाई दोषी देखाएर पानीमाथिको ओभानो बन्न गोप्यता कायम गरिन्छ। मानिस आफू तल परेको कुरा देखाउन अथवा भन्न चाहँदैन। गोप्य कुरा सुनाउन नपाउँदाको सकस बेग्लै हुन्छ।

कसैलाई नसुनाउनु है भनेर विश्वास गरेर सुनाउने जो कोहीको एउटा न एउटा साथी त भैहाल्छ। उसले पनि उसको त्यस्तै विश्वासिलो पात्रलाई त्यही भनेर सुनाउँछ। यसरी सबै विश्वास पात्रलाई सुनाउँदा–सुनाउँदा गोप्य कुरा एककान मैदान हुँदै गाउँ शहरभरि फैलिसक्छ। ए तैंले थाहा पाइस् त्यस्तो भएछ नि, त्यसले त्यस्तो गरेछ नि भनेर जानीजानी थाहा दिने हामी आफैं हुन्छौं। आफू ठगिएको कुरा अक्सर गोप्य राख्न खोजिन्छ भने पनि संशोधित र आफ्नो कुरा माथि पारेर भनिन्छ। आफूले गरेका उट्पट्याङ कामहरू, अरूलाई दोषी ठहराएर आफू जोगिएका कुराहरू मानिसले कहिल्यै सुनाउँदैन। खासै असर नपर्ने खालको छ भने केही समयपछि सुनाउँछ तर गम्भीर प्रकृतिको कुरा जीवनभर आफैंसँग गोप्य रहन्छ। सम्बन्धमा प्रेमीलाई वा श्रीमान्–श्रीमतीलाई छल गरेका, ढाँटेका कुरा गोप्य रहन्छन्। कतैबाट कुरा चुहिए पनि आफू चोखो बनेर अरूलाई नै दोषी देखाइन्छ। कतिपय लाजमर्दा कुरा सुनाउनै सकिँदैन। कसै समक्ष प्रेम प्रस्ताव राख्दा अस्वीकार गरेको कुरा, झापड खाएको कुरा कसैले थाहा नपाए हुन्थ्यो जस्तो लाग्छ। आफ्नो कारणले अरूको ज्यान गएको, घरवार बिग्रिएको कुराले मनमा पश्चाताप वा दु:ख लागे पनि मानिस बरु आफैं पिल्सिएर बस्छ तर म दोषी थिएँ सजाए पाऊँ भनेर भन्न सक्दैन।

कहिलेकाहीं आफू बच्न अरूलाई फसाइएको हुन्छ। कहिलेकाहीं साथीहरूको लहैलहैमा लागेर अपराध गरिएको हुन्छ तर सकेसम्म कसैले थाहा नपाओस् भनेर लुकाइएको हुन्छ। कति कुरा साथीहरूलाई मात्र थाहा हुन्छ घरका मानिसलाई थाहा हुँदैन। कति कुरा घरकालाई थाहा हुन्छ साथीहरूलाई हुँदैन। यौवनकालमा साथीहरूसँग गरेको रमाइलो र बदमाशीले बुढेसकालसम्मै मानिसलाई रोमाञ्चक बनाउँछ। आफ्नो गोप्य कुरा अरुलाई थाहा हुन्छ अर्काको आफूलाई थाहा हुन्छ। दुवै तैं चुप मैं चुप भएर आ–आफ्नो बचाऊ गर्छन्। कहिलेकाहीं त्यस्ता साथीको सम्बन्ध बिग्रिएर पोल खोलाखोल भई दुवै जना फसेका पनि कैंयन उदाहरण छन्। कुराहरू मनमा गोप्य त राखिन्छ तर त्यसले भित्रभित्रै खाइरहेको हुन्छ। अरूको गोप्य कुरा पत्तो लगाएर फसाउन पाए हुन्थ्यो भनेर पछि परेका शत्रु पनि हुन्छन्। व्यक्तिदेखि लिएर एउटा देश अर्को देशको गोप्य सूचना चुहाउन लागि परेको हुन्छ। कसले कति पैसा कमायो के गरेर कमायो, नयाँ के आविष्कार गऱ्यो, नयाँ रणनीति के बनाउँदैछ थाहा पाउन जो कोही लागि परेकै हुन्छन्। कुन कलाकार वा खेलाडीको कोसँग चक्कर चलिरहेको छ थाहा पाउन पछि परेका हुन्छन्। अर्काको गोप्यता भङ्ग गरेर भङ्खालोमा हाल्न खोज्नेहरू र अरूको गोप्यता फुस्किएको थाहा पाएर खुच्चिङ भन्न मानिसहरू पर्खिएर बसेका हुन्छन्। कतिको घूस खाएर पैसा कमाएको कुरा बाहिर आउँछ कतिले कान्छी श्रीमती बाहिर राखेको वा अर्कै केटासँग सम्बन्ध राखेको कुरा फुस्किन्छ। गोप्य कुरा भङ्ग हुँदा अरूलाई रमाइलो होला तर पर्ने मानिसलाई सहन कति गाह्रो हुन्छ त्यो पर्नेलाई मात्र थाहा हुन्छ। कहिलेकाहीं




यहाँ त कसले थाहा पाउला र? कसले नै देख्ला र भनेर घुम्न गयो कसै न कसैले देखेर घरमा कुरा लाउन भ्याइसकेको हुन्छ। तिम्रो छोरा वा छोरी त फलानोसँग फलानो ठाउँमा डुल्दै थियो बेलैमा होस गर्नु है मैले त बेलैमा भन्देको छु क्यारे भनेर कान भर्न भ्याइसकेका हुन्छन्। सानो छँदा घरमा वा स्कूलमा ढाँटेर फिल्म हेर्न खेल्न गएको कुरा कसैले देखेर घरमा कुरा लाइदिँदा कतिले गालीखाई सही बाटो पनि समातेका हुनसक्छन्। सबै गोप्य कुरा भङ्ग भएर हानी मात्र हुँदैन। कहिलेकाहीं डुब्न लागेको पैसा जोगिन्छ। गोप्य कुरा भङ्ग भएर सम्बन्धविच्छेद हुनेदेखि लिएर बोलचाल बन्दसम्म हुन्छ। आफ्नो गोप्य कुरा भङ्ग नगर भनेर डर धाकधम्की दिएर कतिले शोषण पनि गरिरहेका हुन्छन्। कतिले गोप्यता भङ्ग गर्दिन लाग्दा आवेशमा आएर हत्यासम्म गर्न पुग्छन्। कतिले घरमै बाल यौनशोषण वा कार्यालयमा शोषण गरिरहेका हुन्छन्। अफिसमै त्यस्तो गोप्यता भङ्ग भएर कतिले जागिरबाट हात धुनुपर्छ।

ध्यानले बढाउँछ खुशी : अमेरिकी वैज्ञानिक

मानिस केले खुशी हुन्छ? खुशीका मापन अनि सीमा के–के हुन्? लामो समयदेखि यी दार्शनिक जिज्ञासामाथि बहस अनि घोल्त्याइँ जारी छ। पछिल्लो समय विज्ञानले खुशीका आयामबारे अनुसन्धान व्यापक बनाउँदै लगेको छ अमेरिकी न्युरोवैज्ञानिक डा. रिचर्ड डेभिड्सनले ध्यानको माध्यमबाट मस्तिष्क (ब्रेन) लाई तालिम दिएर मानिसमा खुशी सञ्चार गर्न सकिने बताएका छन्। 'आफूलाई खुशी राख्नसक्नु एक प्रकारको कला हो,' अध्ययनका क्रममा युनिभर्सिटी अफ् विस्कन्सिन–म्याडिसनको 'सेन्टर फर हेल्दी माइन्ड' का संस्थापक तथा निर्देशक डेभिड्सनले खुशी तथा स्वस्थ रहनका लागि मस्तिष्कलाई दिइने तालिम अन्य आधुनिक अभ्यासभन्दा फरक नभएको बताए। त्यसका लागि ध्यान महत्वपूर्ण औजार हो। जुन व्यक्तिले यसको नियमित अभ्यास गर्छ, उसले नगर्दाभन्दा पक्कै बढी खुशी अनुभव गर्छ। डेभिड्सनका अनुसार मानिस खुशी रहन चार तत्व आवश्यक पर्छन्। ती हुन्– मानसिक लचक (रिजिलियन्स), सकारात्मक दृष्टिकोण (पोजेटिभ आउटलुक), सचेतना (अटेन्सन) र उदारमन (जेनरोसिटी)। यी तत्व जागृत गराउन ध्यानको महत्वपूर्ण भूमिका हुने उनको बुझाइ छ। ध्यान तथा सूक्ष्म व्यायामको नियमित अभ्यासले स्नायु प्रणालीको 'न्युरल सर्किट' लाई सक्रिय बनाउँछ, जसले गर्दा 'ब्रेन' को 'प्लास्टिसिटी' (नरमपना) वृद्धि भई यसले सिर्जनशीलतासमेत बढाउँछ। प्रसन्न र स्वस्थ व्यक्तिको 'न्युरल सर्किट' चुस्त हुने भएकाले अप्ठ्यारो परिस्थितिसँग जुध्ने क्षमता बढ़्नसक्छ। ''रिजिलियन्स' यस्तो सामर्थ्य हो, जसले चुनौती छिचोल्दै जीवनलाई गतिशील बनाउँछ,' उनले भने। मानिसमा सकारात्मक सोच बढाउन प्रेम–दया (लभिङ काइन्डनेस) र करुणा–ध्यान (कम्प्यासन मेडिटेसन) ले महत्वपूर्ण भूमिका खेल्ने वैज्ञानिक अनुसन्धानले पुष्टि गरिसकेको छ। 'दुई सातासम्म नियमित दैनिक आधा घन्टा ध्यान व्यक्तिको मस्तिष्कमा क्रमिक रूपमा परिवर्तन देखिन थाल्छ, जति बढी अभ्यास गऱ्यो, जीवन रुपान्तरणतर्फ अगाडि बढ़छ,' अनुसन्धानको निचोड छ। खुशीका लागि नभई नहुने सचेतना (अटेन्सन) को विकास गर्न व्यावहारिक अभ्यास थालिएको छ। जब कुनै व्यक्तिले करुणा र मैत्रीपूर्ण व्यवहार गर्छ, त्यसले 'न्युरल सर्किट' सक्रिय बनाउँछ, जुन खुशी हुनका लागि अनिवार्य शर्त हो। ध्यानको निरन्तर अभ्यासपछि मस्तिष्कले नयाँ 'ट्रयाक' लिने र यसले जीवनमा उच्चतम खुशी ल्याउने डेभिड्सनको निष्कर्ष छ।

युनिभर्सिटी अफ विस्कन्सिन, म्याडिसनको प्रयोगशालामा गरिएको अनुसन्धानअनुसार साधारण माइन्डफुलनेस ध्यानको नियमित अभ्यासले मस्तिष्कको 'सर्किट' मा परिवर्तन देखिएको थियो। 'जीवनमा साँच्चिकै सुख, शान्ति र खुशी महसुस गर्न भने लामो अवधि ध्यानको अभ्यास गर्नुपर्छ,' उनले भने। साइकोलोजी तथा साइकियाट्रीका प्राध्यापक डेभिड्सनका 'द इमोसनल लाइफ अफ योर ब्रेन', 'द माइन्डस् ओन फिजिसियन' जस्ता चर्चित किताब प्रकाशित छन्। लामो समयदेखि न्युरोसाइन्स र 'मेडिटेसन'सम्बन्धी अनुसन्धान गर्दै आएका उनले चार दशकदेखि ध्यानको अभ्याससमेत गर्दै आएका छन्। आफू



'न्युरोसाइन्टिस्ट' भए पनि ध्यानले मस्तिष्कमा कस्तो असर गर्छ भन्ने विषयप्रति चासो भएकाले प्रत्यक्ष अनुभवका लागि ध्यान गरेको उनको दाबी छ। 'ध्यानबाट प्राप्त हुने अनुभवले मलाई वैज्ञानिक खोजलाई अझै गहिराइमा पुआयाउन मद्दत गरेको छ,' उनले अनुभव बाँडे। दलाई लामाको प्रेरणाले 'न्युरोसाइन्स' र ध्यानसम्बन्धी अनुसन्धान अगाडि बढाएको डेभिड्सनले बताए। सात वर्षअघि डेभिड्सन र उनको टिमले ध्यान अवस्थामा बौद्ध भिक्षुको मस्तिष्कको अवस्था कस्तो हुन्छ भनी अनुसन्धान गरेको थियो। इइजी, एमआरआई र एफएमआरआईको सहायताबाट 'ब्रेन स्क्यान' गर्दा अन्य साधारण व्यक्तिको भन्दा ध्यान गर्ने व्यक्तिको मस्तिष्कको तरंग फरक पाइएको थियो। सतिध्यान (माइन्डफुलनेस), करुणा (कम्प्यासन) र संज्ञानात्मक उपचार (कोग्न्याटिक थेरापी) लगायत विषयमा उनका दर्जनौं अनुसन्धानमूलक लेख विभिन्न अन्तरराष्ट्रिय जर्नलमा छापिएका छन्।

साउदी अरबका विमानस्थल र तेल केन्द्रमा ६ वटा आक्रमण गरेको हुथी समूहको दाबी

तेहरान, ३१ अक्टोबरः इरान समर्थित यमनको हुथी विद्रोही समूहले साउदी अरबका विभिन्न विमानस्थल तथा तेल केन्द्रलाई लक्षित गरी ६ वटा आक्रमण गरेको दाबी गरेको छ। हुथी सैन्य प्रवक्ता याह्या सारीले बिहीवार सामाजिक सञ्जाल एक्समार्फत आक्रमणमा रास तनुरा तेल प्रशोधन केन्द्र, अरामकोको अब्काइकस्थित केन्द्र, रियादको किङ खालिद अन्तरराष्ट्रिय विमानस्थल, दमामको किङ फहद अन्तरराष्ट्रिय विमानस्थल र राबिग तेल प्रशोधन केन्द्रलाई निशाना बनाइएको बताएका छन्।

समूहले नज्रान क्षेत्रस्थित साउदी सैन्य मुख्यालयमा पनि आक्रमण गरेको दाबी गरेको छ। तर, हुथीको दाबी स्वतन्त्र रूपमा पुष्टि भएको छैन। हुथीको यो घोषणा इरान, साउदी अरब, टर्की र पाकिस्तानका उच्च अधिकारीहरूबिच तेहरानमा क्षेत्रीय तनाव कम गर्ने विषयमा छलफल भएको केही दिनपछि आएको हो। सोमवार भएको बैठकमा चार देशले संवाद र सहकार्य जारी राख्ने सहमति गरेका थिए। यसैबिच, साउदी नेतृत्वको गठबन्धनले हुथीले राजधानी रियादतर्फ प्रहार गरेका दुई ब्यालिस्टिक क्षेप्यास्त्र आफ्नो हवाई प्रतिरक्षा प्रणालीले नष्ट गरेको जनाएको छ। क्षेप्यास्त्रका अवशेष खस्दा एक साउदी नागरिक घाइते भएका छन् भने एउटा घर र सवारी साधनमा क्षति पुगेको साउदी नागरिक सुरक्षा निकायले जनाएको छ।

उत्तर कोरियाद्वारा एआईयुक्त ड्रोन र र केट प्रदर्शन

वोनसान, ३१ अक्टोबरः उत्तर कोरियाले कृत्रिम बौद्धिकता (एआई) प्रविधिमा आधारित ड्रोन र पहिलोपटक ६०० मिलिमिटर क्षमताको 'स्नाइपर' बहुप्रक्षेपक रकेट प्रणाली सार्वजनिक गरेको छ। नेता किम जोङ उनले ड्रोन प्रविधिमा पूर्ण श्रेष्ठता हासिल गर्न निर्देशन दिए। सरकारी समाचार संस्था केसीएनएका अनुसार बिहीवार किमको उपस्थितिमा आयोजित सैन्य प्रदर्शनीमा आत्मघाती ड्रोन, क्रुज क्षेप्यास्त्र र बहुउद्देश्यीय मानवरहित विमान प्रस्तुत गरिएका थिए। ती हतियारले टापुका लक्ष्यमा शतप्रतिशत सटीकताका साथ प्रहार गरेको उत्तर कोरियाको दाबी छ।

प्रदर्शनीका क्रममा ६०० मिलिमिटरका रकेट तथा ड्रोनबाट दक्षिण कोरियाली सैनिक चौकी र अमेरिकी एम१ अब्राम्स ट्याङ्कका नमूना लक्ष्यमा आक्रमण गरिएको तस्बिर सार्वजनिक गरिएको छ। किमले आणविक हतियार सम्पन्न राष्ट्रका रूपमा उत्तर कोरियाले परम्परागत हतियारको आधुनिकीकरणसँगै कृत्रिम बौद्धिकता र ड्रोन प्रविधिको विकासलाई तीव्रता दिनुपर्ने बताए। यसैबीच, दक्षिण कोरियाली सेनाले उत्तर कोरियाको वोनसान क्षेत्रबाट पूर्वी सागरतर्फ प्रहार गरिएका करिब १० वटा छोटो दूरीका ब्यालेस्टिक क्षेप्यास्त्र पत्ता लगाएको जनाएको छ। ती क्षेप्यास्त्र करिब २५० किलोमिटर टाढासम्म पुगेका थिए। यस वर्ष उत्तर कोरियाले गरेको यो १७औँ क्षेप्यास्त्र परीक्षण हो।

जुकरबर्गद्रिख बिल गेट्ससम्मः प्रलयको डरले अरबपतिहरू बनाउँदैछन् विलासी भूमिगत बङ्कर

न्यूयोर्क, ३१ अक्टोबरः सम्भावित प्राकृतिक विपत्ति, युद्ध र विश्वव्यापी सङ्कटबाट बच्न विश्वका अरबपति तथा चर्चित व्यक्तिहरूले भूमिगत विलासी बङ्कर निर्माण गर्न थालेका छन्। सामान्य आपत्कालीन आश्रयस्थलभन्दा फरक यी बङ्करमा स्विमिङ पुल, जिम, आधुनिक स्वास्थ्य सुविधा र अन्य विलासी संरचना निर्माण गरिँदैछ। लन्डनस्थित एक वास्तुकला कम्पनीका अनुसार पछिल्ला वर्षमा यस्ता बङ्कर निर्माणबारे सोधपुछ १२ गुणाले बढ्को छ। फेसबुकका संस्थापक मार्क जुकरबर्ग, अमेरिकी अरबपति बिल गेट्स, हलिउड अभिनेता टम क्रुज तथा पूर्वबास्केटबल खेलाडी शाकिल ओ'निलजस्ता चर्चित व्यक्तिहरूले भूमिगत सुरक्षित आश्रयस्थल निर्माण गर्ने वा त्यसको सम्भावना खोज्ने गरेको चर्चा छ।



जुकरबर्गले प्रशान्त महासागरको हवाईस्थित आफ्नो विशाल सम्पत्तिमा ५ हजार वर्गफिटको भूमिगत बङ्कर बनाइरहेको बताइएको छ। करिब १ हजार ४०० एकड क्षेत्रफलमा फैलिएको उनको कम्पाउन्डमा एक दर्जनभन्दा बढ़ी भवन छन्। उक्त सम्पत्तिको मूल्य कम्तीमा २ अरब ४३० करोड़ रुपियाँ रहेको उल्लेख गरिएको छ। त्यहाँ ३० भन्दा बढ़ी शयनकक्ष र स्नानघर भएका भवन, कार्यालय, सम्मेलन कक्ष, औद्योगिक आकारका भान्सा तथा अत्याधुनिक मनोरञ्जन सुविधाहरू छन्। एउटा भवनमा पूर्ण आकारको जिम, पौड़ी पोखरी, साउना, तातोपानीको टब र टेनिस कोर्टसमेत रहेको बताइएको छ। यसैगरी, अमेरिकी सञ्चारकर्मी तथा व्यवसायी काइली जेनरले लस एन्जलसस्थित आफ्नो ३० हजार वर्गफिटको आधुनिक फार्महाउसमा भूमिगत बङ्कर निर्माण गरिरहेको समाचारमा उल्लेख छ। उनले आफ्नो निजी सुरक्षा र गोपनीयताका लागि ठूलो रकम खर्च गरिरहेकी छन्।

६२५ अरबपतिका लागि ि वशेष बङ्कर

अमेरिकाको भर्जिनियामा 'सेफ' नामक कम्पनीले 'एरी' नामको विलासी बङ्कर निर्माण गरिरहेको छ। गत वर्ष सार्वजनिक विवरणअनुसार, यसमा विश्वका ६२५ जना धनी व्यक्तिका लागि आवासको व्यवस्था हुनेछ। यसको सदस्य बन्न प्रत्येक व्यक्तिले करिब १ करोड़ ५० लाख पाउण्ड अर्थात् १६२ करोड़ रुपियाँ तिर्नुपर्नेछ। बङ्करमा मेमोरी फोमका गद्दा, सङ्गमरमरका भुइँ, कृत्रिम बुद्धिमत्तामा आधारित स्वास्थ्य सेवा, भित्री पौड़ी पोखरी र चिसो पानीमा डुब्ने सुविधा हुने बताइएको छ। लन्डनको वास्तुकला कम्पनी 'जानिन स्टोन एन्ड कम्पनी'का अनुसार, यस्ता सुरक्षित संरचनाको माग अभूतपूर्व रूपमा बढ़ेको छ। कम्पनीले विलासी भूमिगत बङ्करको डिजाइनमा सम्भावना असीमित रहेको जनाएको छ।

सामान्यतः विपत्तिको तयारी गर्दा खानेकुरा, पानी र प्राथमिक उपचार सामग्री भण्डारण गर्ने गरिन्छ। तर अरबपतिहरूका लागि यस्तो तयारीको अर्थ आधुनिक सुविधा सम्पन्न सुरक्षित आवास निर्माण गर्नु बनेको छ। यद्यपि, सबै चर्चित व्यक्तिहरूले भूमिगत आश्रयस्थल रोजिरहेका छैनन्। ब्रिटेनी पप गायिका हन्ना स्पिरिटले भने सहरको चकाचौंध छाडेर प्रकृतिनजिकको जीवन रोजेकी छन्। उनले गत वर्ष ब्रिटेन छाड़ेर कोस्टारिकामा बस्न थालेकी थिइन्।

रूसी आक्रमणका कारण मध्य युक्रेनमा दुई लाखभन्दा बढ़ी मानिस विद्युतविहीनः अधिकारी

मस्को, ३१ अक्टोबरः रूसी आक्रमणपछि युक्रेनको मध्य डिप्रोपेट्रोभ्स्क क्षेत्रमा दुई लाखभन्दा बढ़ी मानिस अझै बिजुलीविहीन अवस्थामा रहेका अधिकारीहरूले शुक्रवार बताएका छन्। यो क्षेत्रको एउटा रेलवे स्टेसनमा घातक रूसी ड्रोन आक्रमण भएको भोलिपल्ट यस्तो अवस्था आएको हो। यसैबिच, रूसको रक्षा मन्त्रालयले आफ्ना हवाई रक्षा प्रणालीले रातभर रूसी क्षेत्रहरूमा एक हजारभन्दा बढ़ी युक्रेनी ड्रोन खसालिएको दाबी गरेको छ।



युक्रेनको वायु सेनाका अनुसार रूसले रातभर ब्यालेस्टिक मिसाइल र ड्रोन प्रयोग गरी डिप्रोपेट्रोभ्स्कसहित धेरै क्षेत्रमा आक्रमण गरेको थियो। यसले डिप्रो शहरमा व्यापक विद्युत् अवरोध निम्त्याएको छ। विद्युत् कम्पनी डीटीईकेले ग्रिड सञ्चालक उक्रेनेर्गोले शहरभरि, छिमेकी जिल्लाहरू र पावलोग्राड जिल्लाका केही भागमा आपतकालीन बिजुली कटौतीको आदेश दिएको बताएको छ। ''शत्रुको आक्रमणका कारण क्षेत्रको विद्युत् उपकरणमा गम्भीर क्षति पुगेको कारण अझै ठुलो क्षेत्रमा विद्युत् आपूर्तिमा अवरोध भइरहेको छ'', कम्पनीले भनेको छ। ऊर्जाकर्मीहरू रातभर काम गरेर अझै 'महत्त्वपूर्ण पूर्वाधार सुविधाहरूमा विद्युत् सेवा पुनर्स्थापना' गर्न व्यस्त रहेको पनि कम्पनीले जनाएको छ।

डिप्रोपेट्रोभ्स्क क्षेत्रका गभर्नर ओलेक्सान्द्र गान्जाले टेलिग्राममा भनेका छन्, ''क्षेत्रका विद्युत् इन्जिनियरहरूले 'रूसी आक्रमणका कारण विद्युत् काटिएका अधिकांश उपभोक्तालाई आपूर्ति पुनर्स्थापना गरिसकेका छन्।'' उनले ''दुई लाखभन्दा बढ़ी ग्राहक अझै बिजुलीविहीन अवस्थामा रहेको'' बताए। डिप्रोका मेयर बोरिस फिलातोभले पनि मानिसहरूलाई 'कम्तीमा एक-दुई दिनको पानीको भण्डार घरमा राख्न' आग्रह गरेका छन्। रूसले युद्धभर युक्रेनको ऊर्जा पूर्वाधारलाई निशाना बनाएको छ। युक्रेनले आक्रमणलाई युद्ध अपराध बताएको छ। युक्रेनमा सरकार विरोधी जनमत सिर्जना गराउन रूसले प्रायः जाड़ो अघि विद्युत् पूर्वाधारमा आक्रमण गर्ने गरेको छ। आक्रमणले लाखौँ मानिसलाई चिसो तापक्रममा ताप र बिजुलीबाट वञ्चित गर्छ। बिहीवार एउटा व्यस्त रेलवे प्लेटफर्ममा रूसी ड्रोन खसेको डिप्रोमा विद्युत् आपूर्तिमा अवरोध आएको हो। बिहीवारको आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु भएको र एक दर्जनभन्दा बढ़ी घाइते भएका थिए। राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यसलाई 'भयानक' आक्रमण भनेका थिए।

बाइन्यान्समा इतिहासकै ठूलो साइबर आक्रमण

न्यूयोर्क, ३१ अक्टोबरः विश्वको सबैभन्दा ठुलो क्रिप्टोकरेन्सी एक्सचेन्ज 'बाइन्यान्स' हालसम्मकै सबैभन्दा ठुलो र घातक साइबर आक्रमणको शिकार बनेको छ। बाइन्यान्सले दिएको जानकारी अनुसार करिब ६.३ अरब अमेरिकी डलर बराबरको डिजिटल सम्पत्ति ह्याक भएको छ। वित्तीय र डिजिटल प्रविधिको इतिहासमै यसलाई अहिलेसम्मकै सबैभन्दा ठुलो साइबर चोरीका रूपमा हेरिएको छ। कम्पनीले सम्भावित प्रभावित रकममध्ये करिब आधा रकम रोक्का गर्न सफल भएको जनाए तापनि बाँकी ठुलो हिस्सा अझै पनि ह्याकरहरूको नियन्त्रणमा रहेको छ।

आक्रमणको प्रकृति र बाइन्यान्सको आधिकारिक प्रतिक्रिया

घटना सार्वजनिक भएपछि बाइन्यान्सका सह-प्रमुख कार्यकारी अधिकृत रिचर्ड टेङले प्रयोगकर्ताहरूलाई आश्वस्त पार्दै पूँजी पूर्ण रूपमा सुरक्षित रहेको बताएका छन्। उनले बाइन्यान्सको आकस्मिक कोष 'सेक्युर एसेट फण्ड फर युजर' (एसएएफयु) तथा कम्पनीको आफ्नै स्रोतबाट ग्राहकहरूको सम्पूर्ण क्षतिपूर्ति बेहोरिने स्पष्ट पारेका छन्। प्रारम्भिक अनुसन्धानका अनुसार यो सुरक्षा आक्रमण कम्पनीका एक 'डेभअप्स' इञ्जीनियरको ल्यापटपका माध्ययमबाट शुरु भएको थियो। त्यसबाट आक्रमणकारीले सर्भिस कन्टेनरमा अनधिकृत पहुँच बनाई रकम निकाल्ने कारोबारहरू गरेका थिए। टेङका अनुसार यो कुनै सामान्य वा 'एक-क्लिक' आक्रमण नभई अत्यन्तै जटिल र योजनाबद्ध प्रक्रिया थियो। साथै, कुनै पनि वालेटको प्राइभेट 'की' लिक भएको प्रमाण नभेटिएको र सुरक्षा सुदृढ़ीकरणका लागि 'विथड्रल सर्भिस' अस्थायी रूपमा बन्द गरिएको उनले जानकारी दिएका छन्।

उत्तर कोरियाली समूहमाथि आशङ्का

यस आक्रमणको औपचारिक जिम्मेवारी कसैले नलिए पनि दुई प्रमुख ब्लकचेन एनालिटिक्स फर्महरू (टीआरएम ल्याब्स र चेनालिसिस)ले यस पछाड़ि उत्तर कोरियाली राज्य-समर्थित ह्याकिङ समूह 'ट्रेडरट्रेडर' वा 'लाजारस ग्रुप'को हात रहेको आशङ्का गरेका छन्। विश्लेषकहरूका अनुसार यस आक्रमणको तरिका सन् २०२५ मा अर्को क्रिप्टो एक्सचेन्ज 'बाइबिट'मा भएको १.५ अरब डलरको ऐतिहासिक ह्याकसँग निकै मिल्दोजुल्दो छ। बाइन्यान्सले उत्तर कोरियासँगको प्रत्यक्ष सम्बन्धबारे कुनै ठोस टिप्पणी नगरे पनि अपराधीहरूलाई कानुनी दायरामा ल्याउन अन्तरराष्ट्रिय अनुसन्धान निकायहरूसँग नजिकबाट काम गरिरहेको बताएको छ।



सम्पत्ति रोक्का र बजारको पहल

आक्रमण लगत्तै ब्लकचेन साझेदारहरूको सहयोगमा अन-चेन प्रणालीमार्फत करिब ३ अरब डलर बराबरको सम्पत्ति रोक्का गरिएको छ। यसैगरी, प्रमुख स्टेबलकाइन जारीकर्ताहरू 'टिथर' र 'सर्कल'ले पनि थप २.४ अरब डलर बराबरका सम्पत्तिहरू रोक्का गरिदिएका छन्। बाइन्यान्सको विश्वव्यापी प्लेटफर्म (बाइन्यान्सडटकम) प्रभावित भए तापनि अमेरिकी प्रयोगकर्ताका लागि छुट्टै सञ्चालित 'बाइन्यान्सडटयुएस' भने सुरक्षित रहेको बताइएको छ।

विज्ञहरूको चिन्ता र बजार प्रभाव

साइबर सुरक्षा संस्था 'ग्लोबल सिग्नल एक्सचेन्ज'की सह-संस्थापक एमिली टेलरका अनुसार यो हमला गति र परिमाणका हिसाबले 'आश्चर्यजनक' हो। उनले उच्च प्राविधिक पहुँच भएका इञ्जीनियरहरूलाई नक्कली रोजगारीको विज्ञापन देखाएर झुक्याउने र उनीहरूको उपकरणमा मालवेयर प्रवेश गराउने रणनीति ह्याकरहरूले अपनाउने गरेको उल्लेख गरिन्। यस घटनापछि लगानीकर्ताहरूमा त्रास फैलिँदा बिटक्वाइनको मूल्य ४ प्रतिशतभन्दा बढ़ीले गिरावट आएको छ।

विश्वभर करोड़ौँ प्रयोगकर्ता र १६० अरब डलरभन्दा बढ़ीको सम्पत्ति व्यवस्थापन गर्ने बाइन्यान्समा भएको यो घटनाले डिजिटल अर्थतन्त्र प्रविधिमाथि कति धेरै निर्भर छ र राज्य-समर्थित साइबर अपराध कति शक्तिशाली बन्दै गएको छ भन्ने पुष्टि गरेको छ। बाइन्यान्सले क्षतिपूर्ति दिने प्रतिबद्धता जनाए पनि यसले समग्र क्रिप्टो बजारको दीर्घकालीन सुरक्षा र विश्वसनीयतामाथि गम्भीर प्रश्न खड़ा गरिदिएको छ।

क्युबामाथिको अमेरिकी प्रतिबन्ध हटाउन राष्ट्रसङ्घको माग

न्यूयोर्क, ३१ अक्टोबरः संयुक्त राष्ट्रसङ्घको महासभाले क्युबामाथि अमेरिकाले लगाएको आर्थिक, व्यापारिक तथा वित्तीय प्रतिबन्ध अन्त्य गर्न लगातार ३४औँ वर्ष प्रस्ताव पारित गरेको छ। बुधवार पारित प्रस्तावको पक्षमा १३० राष्ट्रले मतदान गरे भने १७ राष्ट्र विपक्षमा उभिए। २५ राष्ट्र मतदानमा अनुपस्थित रहे। दशकौँदेखि जारी प्रतिबन्धलाई अन्तरराष्ट्रिय कानूनविपरीत भन्दै आलोचना भइरहेका बेला प्रस्तावले अमेरिकामाथि प्रतिबन्ध हटाउन दबाब बढ़ाएको छ। प्रस्तावमा सन् १९९६ को अमेरिकी हेल्म्स-बर्टन ऐनजस्ता कानूनले अन्य राष्ट्रको सार्वभौमिकता, तिनको क्षेत्राधिकार भित्रका संस्था तथा व्यक्तिको वैध हित र व्यापार एवं जलयात्राको स्वतन्त्रतामा असर पारेको भन्दै चिन्ता व्यक्त गरिएको छ।

महासभाले यस्ता कानून लागू नगर्न सबै राष्ट्रलाई आग्रह गर्दै कार्यान्वयनमा रहेका कानून खारेज वा निष्प्रभावी बनाउन सम्बन्धित राष्ट्रलाई आह्वान गरेको छ। दुई दिनसम्म चलेको बहसमा अधिकांश सदस्य राष्ट्रले अमेरिकी प्रतिबन्धको विरोध गर्दै त्यसलाई अन्त्य गर्न माग गरेका थिए। दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) का तर्फबाट बोल्दै सिङ्गापुरका प्रतिनिधिले क्युबामा आवश्यक औषधिको अभाव र खाद्य उत्पादनमा आएको गिरावटले त्यहाँको सामाजिक तथा आर्थिक अवस्था चिन्ताजनक बनेको बताएका थिए। संयुक्त राष्ट्रसङ्घको बड़ापत्रको रक्षाका लागि गठित मित्र समूहका तर्फबाट बोल्दै इरिट्रियाका प्रतिनिधिले प्रतिबन्धलाई अन्तरराष्ट्रिय कानूनको गम्भीर र लामो समयदेखिको उल्लङ्घन बताएका थिए। उनले क्युबाली जनतालाई बाह्य हस्तक्षेप र दबाबबिना आफ्नो भविष्य निर्माण गर्ने अधिकार रहेको बताएका थिए।

असंलग्न आन्दोलनका तर्फबाट बोल्दै युगाण्डाका प्रतिनिधिले अमेरिकी प्रतिबन्धलाई सामूहिक सजायको एक रूप भनेका थिए। उनका अनुसार लामो विद्युत् कटौतीले अस्पताल, विद्यालय, पानी वितरण र खाद्य पदार्थको संरक्षणमा बाधा पुऱ्याएको छ। अन्तरराष्ट्रिय शान्ति तथा सुरक्षामा खतरा नरहेको क्युबामाथिको प्रतिबन्ध अन्त्य गर्न उनले आग्रह गरेका थिए। अफ्रिकी समूहका तर्फबाट बोल्दै नामिबियाका प्रतिनिधिले अफ्रिकी सङ्घले लगातार १७औँ वर्ष क्युबामाथिको प्रतिबन्ध हटाउन माग गरेको उल्लेख गरेका थिए। समूह ७७ र चीनका तर्फबाट बोल्दै उरुग्वेका प्रतिनिधिले अमेरिकी प्रतिबन्धले तेस्रो मुलुकसँगको व्यापार, लगानी तथा वित्तीय कारोबारमा समेत असर पार्ने र क्युबाको दिगो विकासको सम्भावना कमजोर बनाउने बतएका थिए।

यसैबिच, महासभामा मङ्गलवार अमेरिकी र क्युबाली प्रतिनिधिमण्डलबीच चर्काचर्की भएको थियो। संयुक्त राष्ट्रसङ्घका लागि अमेरिकी स्थायी प्रतिनिधि माइक वाल्ट्जले क्युबामा भ्रष्टाचार भएको दाबी पुष्टि गर्ने भन्दै तस्बिर देखाउन थालेपछि क्युबाली प्रतिनिधिमण्डलका सदस्यले टेबुल ठटाउँदै आपत्ति जनाएका थिए। त्यसपछि क्युबाका विदेशमन्त्री ब्रुनो रोड्रिगेज प्रतिनिधिमण्डलका सदस्यसँगै पोडियमतर्फ गएका थिए। उनले वाल्ट्जमाथि झूट बोलेको आरोप लगाएका थिए भने वाल्ट्जले क्युबाली प्रतिनिधिमण्डलसँग आफ्नो भनाइ फिर्ता लिन माग गरेका थिए। विवाद बढ़ेपछि महासभाका अध्यक्षले बैठक केही समयका लागि स्थगित गरेका थिए।

नाइजेरियामा ४८ जना आईएसडब्ल्यूएपी लडाकु मारिएको सेनाको दाबी

अबुजा, ३१ अक्टोबरः नाइजेरियाली सेनाले उत्तरपूर्वी राज्य बोर्नो र योबेमा रहेका सैन्य अखड़ामा भएका दुईवटा आक्रमण विफल पारेको र त्यस क्रममा इस्लामिक स्टेट वेस्ट अफ्रिका प्रोभिन्स (आईएसडब्ल्यूएपी) का कम्तीमा ४८ जना संदिग्ध लड़ाकु मारिएको जनाएको छ। उत्तरपूर्वी क्षेत्रमा सञ्चालित 'अपरेसन हादिन काई' का संयुक्त कार्यदलका प्रवक्ता मोहम्मद गोनीले शुक्रवार जारी गरेको विज्ञप्तिअनुसार बिहीवार राति र शुक्रवार बिहान बोर्नो राज्यको ग्वाजा स्थानीय सरकारी क्षेत्रअन्तर्गत बिट्टा तथा योबे राज्यको बुनी यादीस्थित सैन्य अखड़ामा आक्रमण भएको थियो। सेनाले दुवै आक्रमण विफल पारेको जनाएको छ। गोनीका अनुसार बोर्नोको बिट्टामा बिहीवार राति भएको आक्रमणलाई सेनाले हवाई सहयोगसहितको जवाफी कारबाहीमार्फत विफल पारेको थियो। त्यस्तै, योबे राज्यको बुनी यादीमा बिहीवार रातिदेखि शुक्रवार बिहानसम्म आक्रमण गर्ने लड़ाकुविरुद्ध सेनाले जवाफी कारबाही गरेको थियो।

कारबाहीका क्रममा एक सैनिकको मृत्यु भएको र अन्य दुई जना घाइते भएको गोनीले बताउनुभयो। सेनाले लडाकुबाट ५२ थान हतियारसमेत बरामद गरेको जनाएको छ। नाइजेरियाली सेनाले सशस्त्र समूहहरूको गतिविधि र परिचालन क्षमता कमजोर पार्न तथा उनीहरूको सदस्य भर्ती, प्रचारप्रसार र आक्रमणको समन्वय गर्ने क्षमतामा अङ्कुश लगाउन सुरक्षा कारबाहीलाई निरन्तरता दिने जनाएको छ। आईएसडब्ल्यूएपी उत्तरपूर्वी नाइजेरियामा सक्रिय सशस्त्र समूह हो। यसले बोको हरामसँगै उक्त क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्दै आएको छ। यी समूहले लेक चाड़ क्षेत्रका अन्य देशमा समेत आक्रमण गर्दै आएका छन्।

जी-२० बैठकमा सहभागी हुन लाभरोभ एटलान्टामा

मस्को, ३१ अक्टोबरः रूसी विदेशमन्त्री सेर्गेई लाभरोभ जी-२० विदेशमन्त्रीस्तरीय बैठकमा सहभागी हुन शुक्रवार अमेरिकाको एटलान्टा पुगेका छन्। अक्टोबर ३० र ३१ मा हुने बैठकमा विश्वव्यापी अर्थतन्त्र, भू-राजनीतिक तनाव र सुरक्षा चुनौतीबारे छलफल हुनेछ। स्पुतनिकका अनुसार लाभरोभले अमेरिकी विदेशमन्त्री मार्को रुबियो, युरोपेली सङ्घ (इयु) की विदेश नीति प्रमुख काजा कालास र चीनलगायत देशका प्रतिनिधिसँग भेटवार्ता गर्नेछन्। बैठकमा आपूर्ति शृङ्खलाको अवरोध, समुद्री आवागमनको स्वतन्त्रता तथा ऊर्जा र खाद्य सुरक्षाका विषयमा छलफल हुने अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। भारतका विदेशमन्त्री एस जयशङ्करले पनि बैठकमा सहभागी भई क्वाड विदेशमन्त्रीस्तरीय बैठक तथा द्विपक्षीय छलफलमा भाग लिनेछन्। त्यसपछि उनले नोभेम्बर १ देखि ४ सम्म एन्टिगुवा र बारबुडामा हुने राष्ट्रमण्डल सरकार प्रमुखहरूको बैठकमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नेछन्।

बोस्नियामा ईयू फोर्सको हेलिकोप्टर दुर्घटना

बोस्निया, ३१ अक्टोबरः हर्जगोभिनामा युरोपेली सङ्घको शान्ति मिसन (ईयूफोर) मा आबद्ध इटालियन सैन्य हेलिकोप्टर दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्। बिहीवार बोस्नियाको ब्रचको क्षेत्रमा नियमित सैन्य अभ्यासका क्रममा सीएच-४७ चिनुक हेलिकोप्टर दुर्घटनामा परेको ईयूफोरले जनाएको छ। दुर्घटनास्थल राजधानी सारायेभोबाट करिब १८० किलोमिटर उत्तरमा पर्छ। इटालीको रक्षा मन्त्रालयका अनुसार मृत्यु हुनेमा दुई सैनिक र रेडक्रसका दुई स्वयंसेवक छन्। हेलिकोप्टरमा सवार सबै इटालियन नागरिक रहेको इटाली सरकारले जनाएको छ। दुर्घटनामा शुरुमा तीन जनाको मृत्यु भएको थियो। घाइते १२ जनालाई अस्पताल पुऱ्याइएकोमा उपचारका क्रममा थप एक जनाको मृत्यु भएको ब्रच्को अस्पतालका प्रवक्ताले बताएका छन्। अन्य ११ जना घाइतेको अवस्था स्थिर रहेको र उपचार भइरहेको ईयूफोरले जनाएको छ। दुर्घटनाको कारण खुल्न सकेको छैन। ईयूफोरले घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जनाएको छ।

अमेरिकाले युक्रेनलाई ५०० प्याट्रियट क्षेप्यास्त्र बिक्री गर्ने

न्यूयोर्क, ३१ अक्टोबरः अमेरिकाले युक्रेनलाई ५०० वटा प्याट्रियट हवाई प्रतिरक्षा क्षेप्यास्त्र बिक्री गर्न स्वीकृति दिएको छ। रूसको बढ्दो हवाई आक्रमणबाट बच्न युक्रेनलाई अत्यावश्यक मानिएका यी क्षेप्यास्त्रको मूल्य २.१ अरब अमेरिकी डलर (करिब १.६ अरब पाउन्ड) रहेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। अमेरिकी विदेश मन्त्रालयका अनुसार, उन्नत पीएसी-३ इन्टरसेप्टर क्षेप्यास्त्रको खरिदका लागि क्यानडा र युरोपेली सहयोगी राष्ट्रहरूले पूर्ण रूपमा आर्थिक सहयोग गर्नेछन्। यसमा अमेरिकाको कुनै सरकारी रकम खर्च हुने छैन। अमेरिकी कम्पनी लकहिड मार्टिनले क्षेप्यास्त्र निर्माण गर्नेछ।



युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले अमेरिकी निर्णयको स्वागत गर्दै युक्रेनलाई क्षेप्यास्त्र तत्काल आवश्यक रहेको बताएका छन्। तर, क्षेप्यास्त्र आपूर्ति हुन 'केही वर्ष' लाग्न सक्ने उनको चेतावनी छ। रूसले आगामी हिउँदअघि युक्रेनको ऊर्जा पूर्वाधारमा आक्रमण तीव्र बनाएको छ। पछिल्लो दुई सातामा युक्रेनको विद्युत् प्रणालीका महत्त्वपूर्ण संरचनामा ३० भन्दा बढ़ी रूसी आक्रमण भएको जेलेन्स्कीले बताएका छन्। विश्वव्यापी रूपमा प्याट्रियट क्षेप्यास्त्रको अभाव रहेकाले युक्रेनलाई तत्काल आपूर्ति गर्न कठिन हुने बताइएको छ। अमेरिकी रक्षा मन्त्रालयका अनुसार, अमेरिकाले वार्षिक करिब ६०० वटा प्याट्रियट क्षेप्यास्त्र उत्पादन गर्छ।

सीएपीको संयुक्त जिल्ला कार्यकारी परिषद् बैठक सम्पन्न

पाकिम, ३१ अक्टोबरः सिटिजन एक्सन पार्टी–सिक्किमको संयुक्त जिल्ला कार्यकारी परिषद् (डीईसी) बैठक शनिवार सम्पन्न भयो। बैठकमा पार्टीको साङ्गठनिक अवस्था, विभिन्न जिल्लामा भइरहेका राजनीतिक गतिविधि, क्षेत्रस्तरीय कार्यसम्पादन तथा आगामी कार्ययोजनाका विषयमा विस्तृत चर्चा गरियो।

बैठकको प्रारम्भमा उपस्थित पदाधिकारी तथा सदस्यहरूलाई स्वागत गर्दै पार्टीको सङ्गठनलाई थप सुदृढ, सक्रिय र जनमुखी बनाउने आवश्यकतामाथि जोड़ दिइयो। आजको सभामा पूर्ण सिंह राईले स्वागत जनाए। पार्टीकी उपाध्यक्ष सुमति छेत्रीले सभाध्यक्षको पदभार लिइन्।

बैठकमा पाकिम, गान्तोक, तथा मङ्गन जिल्लाका प्रतिनिधिहरूले आ–आफ्ना जिल्लाको साङ्गठनिक प्रगति, क्षेत्रीय गतिविधि र मासिक कार्यसम्पादनसम्बन्धी प्रतिवेदन प्रस्तुत गरे। प्रस्तुत प्रतिवेदनमाथि चर्चा गर्दै पार्टीको जनसम्पर्क अभियानलाई प्रभावकारी बनाउने, जमिनी स्तरसम्म सङ्गठन विस्तार गर्ने तथा नागरिकका समस्या र गुनासोलाई प्राथमिकताका साथ उठाउने विषयमा जोड़ दिइयो।

यसैगरी, पाकिम जिलाका महासचिव योगेश खतिवड़ा र पार्टीका विभिन्न क्षेत्रीय निर्वाचन क्षेत्र परिषद्का प्रतिनिधिहरूले मासिक प्रतिवेदन प्रस्तुत गर्दै तुमिन–लिङ्गी निर्वाचन क्षेत्रका क्षेत्र अध्यक्ष रामकुमार कटुवाल, सिङ्ताम–खाम्दोङ क्षेत्र अध्यक्ष कर्मा वाङ्गेल, रुम्तेक–मार्ताम क्षेत्रका अध्यक्ष भाइचुङ लेप्चा, मङ्गनबाट निम्गे लेप्चाले सङ्गठनको वर्तमान अवस्था, कार्यकर्ताहरूको सक्रियता र आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमबारे जानकारी गराए। बैठकले जिल्लादेखि क्षेत्रीय तहसम्म आपसी समन्वय कायम राख्दै सङ्गठनात्मक जिम्मेवारीलाई प्रभावकारी ढङ्गले निर्वाह गर्नुपर्ने आवश्यकतालाई विशेष महत्त्व दियो।

आजको सभाको विशेष मुख्य एजेण्डा कोष योगदान कार्ड, आगामी २०२७ को पार्टी स्थापना दिवस साथै पार्टीका हरेक गतिविधिलाई सम्पूर्ण नेताहरूले गाउँको जमिनी तहसम्म इमानदारी अनुशासनका साथ सहभागिता जनाउने विषयमा गहन विचार विमर्श गरियो। आजको सभामा पार्टीका उपाध्यक्ष जर्बु छिरिङ लेप्चा, उपाध्यक्ष दीपेन्द्र राई, कर्मा छिरिङ भोटिया, उपाध्यक्ष अनिल नेपाल, कोषाध्यक्ष विष्णु चामलिङ, रिफम कोर्डिनेटर मणि छेत्रीले मन्तव्य राखे। बैठकमा पार्टीको सुधार अभियानलाई थप प्रभावकारी बनाउने, नागरिकसँग प्रत्यक्ष संवाद बढ़ाउने, युवा तथा महिलाको सहभागिता अभिवृद्धि गर्ने र पार्टीका नीति तथा विचारलाई जनस्तरसम्म पुऱ्याउने विषयमा समेत चर्चा भयो। पार्टीको साङ्गठनिक आधारलाई बलियो बनाउँदै जनताको विश्वास जित्ने दिशामा सबै पदाधिकारी, कार्यकर्ता तथा समर्थकहरूले जिम्मेवारीपूर्वक काम गर्नुपर्ने निष्कर्ष बैठकले निकालेको छ।

सिटिजन एक्सन पार्टी–सिक्किमले सुशासन, पारदर्शिता, जवाफदेहिता र नागरिकको हितलाई केन्द्रमा राखेर आफ्नो राजनीतिक तथा साङ्गठनिक गतिविधिलाई निरन्तर अगाड़ि बढ़ाउने प्रतिबद्धता व्यक्त गरेको छ। अन्तमा सभाध्यक्ष सुमति छेत्रीले सबै वक्ताको बयानलाई समेट्दै आफ्नो पक्षबाट पार्टीको हरेक गतिविधिलाई वर्तमान परिस्थितिको निचोड़ निष्कर्ष अभिव्यक्ति नेताहरूको काम हेरेर विचार व्यक्त गरिन्। सभामा उत्तर सिक्किम महिला परिषद् अध्यक्ष साङ्मित लेप्चाले धन्यवाद ज्ञापन गरेको जिल्ला महासचिव योगेश खतिवड़ाद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

शेरेथाङ पुलिस थानामा राष्ट्रिय एकता दिवस पालन

गान्तोक, ३१ अक्टोबर (हिस): गान्तोक जिल्लाअन्तर्गत शेरेथाङ पुलिस थानामा राष्ट्रिय एकता दिवस विभिन्न कार्यक्रमका साथ पालन गरिएको छ। यस अवसरमा पुलिस थाना परिसरमा राष्ट्रिय एकताको शपथ ग्रहण कार्यक्रम आयोजन गरियो। शपथ ग्रहणपछि परेड तथा राष्ट्रिय सलामी कार्यक्रम सम्पन्न गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

कार्यक्रममा शेरेथाङ पुलिस थानाका प्रभारी (एसएचओ) योगेन्द्र गुरुङसहित पुलिस अधिकारी तथा जवानहरूको उपस्थिति रहेको थियो। कार्यक्रमले राष्ट्रिय एकता, अखण्डता तथा पारस्परिक सद्भावका मूल्य–मान्यतालाई कायम राख्ने पुलिस कर्मचारीहरूको सामूहिक प्रतिबद्धतालाई पुष्टि गरेको बताइएको छ।

नाम्चीमा राष्ट्रिय एकता दिवस पालन



नाम्ची, ३१ अक्टोबर (आईपीआर): भारतका 'लौहपुरुष' भनेर चिनिने सरदार वल्लभभाइ पटेलको जन्मजयन्तीको अवसरमा शनिवार बिहान नाम्चीस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी) परिसरमा राष्ट्रिय एकता दिवस पालन गरिएको छ। नाम्चीस्थित जिल्ला प्रशासनिक केन्द्रमा मात्र नभएर नाम्ची जिल्लाअन्तर्गत विभिन्न विभाग र महकुमा कार्यालयहरूमा पनि राष्ट्रिय एकता दिवस पालन गरियो।

राष्ट्रको एकता र अखण्डताका लागि सरदार पटेलले पुऱ्याएको योगदानको सम्मान गर्न तथा राष्ट्रिय एकता, अखण्डता र ऐक्यबद्धताका मूल्यमान्यताहरूलाई पुनः पुष्टि गर्न यो दिवस मनाइएको हो।

यस अवसरमा महकुमा अधिकारी (मुख्यालय) निम पिञ्छो भोटियाले उपस्थित सबैलाई राष्ट्रिय एकता दिवसको शपथ ग्रहण गराए। शपथमार्फत सरदार वल्लभभाइ पटेलको दूरदृष्टि र आदर्शहरूको सम्मान गर्दै राष्ट्रको एकता, अखण्डता र सुरक्षा कायम राख्ने प्रतिबद्धता दोहोऱ्याइयो। उक्त कार्यक्रममा नाम्चीका महकुमा अधिकारी वाङ्गेल शेर्पा, विभिन्न विभागीय कार्यालयका प्रमुख तथा विभिन्न विभागका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

कुपुप पुलिस थानामा राष्ट्रिय एकता दिवस पालन, पुलिसद्वारा एकताको शपथ ग्रहण

गान्तोक, ३१ अक्टोबर (हिस): गान्तोक जिल्लाअन्तर्गत कुपुप पुलिस थानामा राष्ट्रिय एकता दिवस विभिन्न कार्यक्रमका साथ पालन गरियो। यस अवसरमा पुलिस थाना परिसरमा राष्ट्रिय एकताको शपथ ग्रहण गरिनुका साथै राष्ट्रिय गान र राष्ट्रिय सलामी कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा कुपुप पुलिस थानाका प्रभारी निरीक्षक रोसन तामाङसहित पुलिस अधिकारी तथा जवानहरूको उपस्थिति रहेको थियो। कार्यक्रमले राष्ट्रिय एकता, अखण्डता र सामूहिक सद्भावका मूल्य–मान्यतालाई कायम राख्ने पुलिस कर्मचारीहरूको सामूहिक प्रतिबद्धतालाई पुष्टि गरेको छ।



खरसाङ रेलवे स्टेशनमा 'स्टेशन महोत्सव' आयोजन हुने

खरसाङ, ३१ अक्टोबर (हिस): युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत दार्जीलिङ हिमालयन रेलवेद्वारा सामुदायिक कल्याण र सांस्कृतिक सम्पदाको प्रवर्द्धन गर्ने उद्देश्यले खरसाङ रेलवे स्टेशनमा 'स्टेशन महोत्सव' आयोजन गरिने भएको छ।

दार्जीलिङ हिमालयन रेलवेले दिएको जानकारीअनुसार, बहुदिवसीय यस महोत्सवमा सामुदायिक कल्याण, राष्ट्रिय एकता र क्षेत्रको समृद्ध सांस्कृतिक सम्पदालाई विशेष प्राथमिकता दिइनेछ। लौहपुरुष सरदार वल्लभभाइ पटेलको १५०औँ जयन्ती तथा राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा राष्ट्रिय एकतासम्बन्धी कार्यक्रमका साथ महोत्सवको शुभारम्भ गरिनेछ।

महोत्सवअन्तर्गत भोलि खरसाङ रेलवे स्टेशन परिसरमा निःशुल्क स्वास्थ्य परीक्षण तथा स्वैच्छिक रक्तदान शिविर आयोजन गरिनेछ। यसैगरी, आगामी ६ नोभेम्बरमा सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण समारोह आयोजन हुनेछ। कार्यक्रममा क्षेत्रको समृद्ध सांस्कृतिक सम्पदा, लोककला तथा स्थानीय कलाकारहरूको प्रतिभा प्रस्तुत गरिनेछ। साथै, उत्कृष्ट योगदान, सामुदायिक सेवा तथा रेलवे क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्तिहरूलाई सम्मान तथा पुरस्कृत गरिने आयोजक पक्षले जनाएको छ।

टिस्टा–V पावर स्टेशन र टिस्टा–VI जलविद्युत् परियोजनाले संयुक्त रूपमा 'रन फर युनिटी' र 'फिट इण्डिया फ्रिडम रन ७.०' आयोजित

सिङ्ताम, ३१ अक्टोबरः एनएचपीसी लिमिटेडको टिस्टा–V पावर स्टेशन र टिस्टा–VI जलविद्युत् परियोजनाले राष्ट्रिय एकता दिवस २०२६ को अवसरमा ३१ अक्टोबरमा 'रन फर युनिटी' र 'फिट इण्डिया फ्रिडम रन ७.०' आयोजन गरे। यो कार्यक्रम लौहपुरुष सरदार वल्लभभाइ पटेलको जन्मजयन्तीको सम्झनामा आयोजन गरिएको थियो।



यस अवसरमा सिलगढ़ीको क्षेत्रीय कार्यालयका कार्यकारी निर्देशक र टिस्टा–V पावर स्टेशनका प्रमुख जितेन्द्र कुमारले उपस्थित अधिकारी र कर्मचारीहरूलाई राष्ट्रिय एकता दिवसको प्रतिज्ञा गराए।

यसपछि दुवै परियोजनाका अधिकारी र कर्मचारीहरूले 'रन फर युनिटी':मा उत्साहपूर्वक भाग लिए। यस अवसरमा जितेन्द्र कुमारले सहभागीहरूलाई पदक प्रदान गरे र उनीहरूको उत्साह र सहभागिताको कदर गरे। यस कार्यक्रममार्फत, स्वस्थ र सक्रिय जीवनशैली अपनाउनुका साथै राष्ट्रिय एकता, अखण्डता र पारस्परिक सद्भावको सन्देश दिइएको थियो।

सिङ्ताम पुलिस थानामा विभिन्न कार्यक्रमका साथ राष्ट्रिय एकता दिवस पालन



सिङ्ताम, ३१ अक्टोबर (हिस): भारतका लौहपुरुषका रूपमा परिचित सरदार वल्लभभाइ पटेलको जयन्तीको अवसरमा सिङ्ताम पुलिस थानाले ३१ अक्टोबरमा विभिन्न कार्यक्रमका साथ राष्ट्रिय एकता दिवस पालन गरेको छ। कार्यक्रमको उद्देश्य राष्ट्रिय एकता, अखण्डता र सद्भावको भावनालाई प्रवर्द्धन गर्नु रहेको थियो।

कार्यक्रमको शुरुआत परेडबाट गरिएको थियो। त्यसपछि पुलिस अधिकारी तथा जवानहरूले राष्ट्रको एकता, अखण्डता र सुरक्षाको संरक्षण गर्ने प्रतिबद्धतासहित राष्ट्रिय एकताको शपथ ग्रहण गरे।

कार्यक्रममा इन्टर–युनिट प्रश्नोत्तरी प्रतियोगिताका साथै बालकबालिकालाई यौन अपराधबाट संरक्षण गर्ने ऐन (पोक्सो) सम्बन्धी जनचेतनामूलक सत्र पनि सञ्चालन गरिएको थियो। उक्त सत्रमा बाल संरक्षणसम्बन्धी कानुनी प्रावधान तथा बालकबालिकाको अधिकार र मर्यादाको रक्षा गर्ने पुलिसको जिम्मेवारीबारे जानकारी प्रदान गरिएको थियो।

सिङ्तामस्थित नगर पञ्चायत भवनमा आयोजित कार्यक्रममा सिङ्ताम पुलिस थाना, साङ पुलिस चौकी तथा माखा पुलिस चौकीका पुलिस कर्मचारीहरूको उत्साहजनक सहभागिता रहेको थियो। कार्यक्रमले सहभागी पुलिस एकाइहरूबीच ज्ञान आदान–प्रदान र आपसी अन्तरक्रियाको अवसर प्रदान गर्नुका साथै कार्यसम्पादनमा सामूहिक भावना, अनुशासन र एकताको महत्त्वलाई थप बलियो बनाएको थियो।

आज रोहतकमा 'लोकतन्त्र बचाऔं, अराजकता हटाऔं' पदयात्रा

नयाँ दिल्ली, ३१ अक्टोबर (हिस): भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय अध्यक्ष नितिन नवीनले आइतवार हरियाणाको रोहतकमा विपक्षीको कथित झूट, दुष्प्रचार र अराजकताविरुद्ध पार्टीको राष्ट्रव्यापी अभियान 'लोकतन्त्र बचाऔं, अराजकता हटाऔं' अन्तर्गत विशाल पदयात्राको नेतृत्व गर्नेछन्। यस पदयात्रामा पार्टीका वरिष्ठ नेता, प्रदेश भाजपा अध्यक्ष, कार्यकर्ता तथा सर्वसाधारण सहभागी हुने सम्भावना छ। भाजपाद्वारा जारी जानकारी अनुसार, पदयात्रा बिहान ११ बजी रोहतकको छोटुराम पोलिटेक्निक मैदानबाट शुरु भई मोडल टाउन स्थित डी–पार्कसम्म पुग्नेछ। पदयात्राको समापनपछि भाजपा राष्ट्रिय अध्यक्षले डी–पार्कमा राष्ट्रपिता महात्मा गान्धीको प्रतिमामा माल्यार्पण गर्नेछन्।

खरसाङमा गोर्खा सांस्कृतिक संस्थानको ३४औँ स्थापना दिवस समारोह सम्पन्न

खरसाङ, ३१ अक्टोबर (हिस): गोर्खा जातीय अस्मिता र जातीय संस्कृतिको संरक्षण गर्ने उद्देश्यले १९९४ मा स्थापित गोर्खा सांस्कृतिक संस्थान, खरसाङको ३४औँ स्थापना दिवस समारोह संस्थानकी अध्यक्षा आशा मुखिया लामाको अध्यक्षता तथा मूल सचिव प्रणिता मुखिया घिसिङको सञ्चालनमा खरसाङको बस बिसौनीस्थित चिन्तन भवनमा सम्पन्न भएको छ। समारोहमा संस्थानका संरक्षक पारस लामा, संस्थापक तथा वरिष्ठ सदस्यहरू रतन गुरुङ, पुरण थापा, वरिष्ठ सल्लाहकार मोहन योञ्जनलगायत संस्थानका अग्रज तथा अनुज सदस्यहरूको उपस्थिति रहेको थियो।

समारोहको प्रारम्भ अध्यक्षा आशा मुखिया लामा, संस्थानका संरक्षक तथा वरिष्ठ संस्थापक सदस्यहरूका बाहुलीबाट पञ्चदीप प्रज्ज्वलन गरी गरिएको थियो। त्यसपछि दीप प्रज्ज्वलनसँगै दिवङ्गत सदस्यहरूको स्मृतिमा मौन धारण गरियो। यसै क्रममा अध्यक्षा आशा मुखिया लामाका बाहुलीबाट संस्थानको झण्डोत्तोलन गरियो। त्यसपछि संस्थानको उद्बोधन गीत 'पहाड़ समतल मायाले जोड्ने संस्कृति मुख्य हो' गाउनुका साथै संस्कृतिसम्बन्धी नाराहरू लगाइयो।

कार्यक्रममा संस्थानकी कोषाध्यक्ष मिना मोक्तानले स्वागत सम्बोधन राख्दै संस्थानसँग सम्बन्धित विभिन्न संस्मरणहरू साझा गरेकी थिइन्। यसैगरी, संस्कृति विषयमा आधारित मनोरञ्जनात्मक खेल पनि आयोजन गरियो। 'पर्चा निकालौँ, संस्कृतिलाई माया गरौँ' नाम दिइएको उक्त गतिविधिमार्फत सहभागीहरूलाई संस्कृति संरक्षणप्रति जागरूक गराउने प्रयास गरियो।

कार्यक्रममा संस्थानकी मूल सचिव प्रणिता मुखिया घिसिङले आफ्नो सम्बोधनमा गोर्खा सांस्कृतिक संस्थान, खरसाङको ३३ वर्षको इतिहास तथा सांस्कृतिक संरक्षणको क्षेत्रमा संस्थानले तय गरेको यात्राबारे प्रकाश पारिन्। कार्यक्रममा संस्थापक सदस्यहरू रतन गुरुङ, पुरण थापा, सहदेव चामलिङ, हेमन्त दर्नाललगायतले सम्बोधन गर्दै संस्थानसँग सम्बन्धित विभिन्न संस्मरणात्मक विवरण प्रस्तुत गरे।

अध्यक्षीय सम्बोधनमा अध्यक्षा आशा मुखिया लामाले संस्थानको सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै गोर्खा जातीय अस्मिता र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले विभिन्न परिस्थितिमा संस्थानको स्थापना गरिएको बताइन्। उनले स्थापना कालदेखि हालसम्म संस्थानले जातीय संस्कृति संरक्षणका लागि गर्दै आएका कार्यहरूबारे पनि प्रकाश पारिन्।

विषम परिस्थितिका बावजुद जातीय अस्मिता र संस्कृतिको संरक्षण गर्ने महत्त्वलाई आत्मसात् गर्दै संस्थानको स्थापना गरिएको उल्लेख गर्दै उनले सबैको सामूहिक प्रयासबाट संस्थानलाई निरन्तर अघि बढ़ाइँदै आएको बताइन्। संस्थानको अतीततदेखि वर्तमानसम्मको यात्राबारे उनले आफ्ना विचार व्यक्त गर्दा कार्यक्रममा उपस्थित सदस्यहरू भावविह्वल बने। कार्यक्रमको अन्त्यमा अध्यक्षा आशा मुखिया लामाले धन्यवाद ज्ञापन गरेकी थिइन्।

चक्रवातको प्रभान कमजोर

कोलकाता, ३१ अक्टोबर (हिस): पश्चिम बङ्गालमा मौसमबाट राहतको खबर छ। चक्रवातको प्रभाव राज्यबाट कमजोर भएर मध्य भारततिर गएको छ। अलिपुर मौसम विभाग (आरएमसी कोलकाता) अनुसार शनिवारदेखि कोलकातासहित दक्षिण बङ्गालका विभिन्न जिल्लाहरूमा मौसम सफा हुन थाल्नेछ। यसको साथै वर्षाको गतिविधिमा पनि उल्लेखनीय कमी आउने सम्भावना छ। मौसमविद्हरू अनुसार चक्रवातको मुख्य प्रभाव अहिले समाप्त भएको छ। बङ्गालको खाड़ीमा हल्का मौसम प्रणाली बनिरहेको भए पनि पश्चिम बङ्गालको लागि मौसम विभागले अहिलेसम्म कुनै गम्भीर मौसम चेतावनी जारी गरेको छैन। दक्षिण बङ्गालको कोलकाता, हावडा, हुगली, उत्तर र दक्षिण २४ परगना एवं पूर्व र पश्चिम मेदिनीपुरमा बादलले ढाकेको अनुभव हुनेछ। दिन घमाइलो हुने सम्भावना छ। तर कतिपय क्षेत्रहरूमा हल्का वर्षा हुन सक्छ। दिउँसो वा साँझमा केही क्षेत्रहरूमा हल्कादेखि मध्यम वर्षा वा गर्जन हुने सम्भावना छ।

योकसममा आयोजित बलिहाङ...

बोर्डका सल्लाहकार एनबी लिम्बू, योकसमका महकुमा अधिकारी जिग्मी भोटिया र रिम्बी–टिम्ब्रोङ जीपीयूका पञ्चायत सभापति मङ्गल राईलगायतको उपस्थिति रहेको थियो। उत्सवको दोस्रो दिन सिक्किमका विभिन्न समुदायजस्तै भोटिया, लेप्चा, नेपाली, राई र लिम्बूको प्रतिनिधित्व गर्ने सांस्कृतिक प्रस्तुति आयोजन गरिएको थियो, जसले राज्यको विविध सांस्कृतिक परम्परालाई झल्कायो। कार्यक्रममा तुमेहाङ सामलो', याराक र के–लाङजस्ता परम्परागत लिम्बू सांस्कृतिक प्रस्तुतिहरू मुख्य आकर्षणका रूपमा रहेका थिए। कार्यक्रमको क्रममा विभिन्न व्यक्ति र विभिन्न सङ्घ–संस्थाका प्रतिनिधिहरूलाई प्रशंसा–पत्र प्रदान गरी सम्मान गरियो।

उपस्थित जनसमूहलाई सम्बोधन गर्दै विधायक सुब्बाले बलिहाङ तोङ्नामको अवसरमा सम्पूर्ण जनता, विशेष गरी लिम्बू समुदायलाई शुभकामना व्यक्त गरे। उनले उत्सवलाई भव्य रूपमा आयोजना गरेकोमा आयोजक समितिको प्रशंसा गरे र राज्य सरकारद्वारा जनताको कल्याण तथा उत्थानका लागि चालिएका विभिन्न पहलबारे प्रकाश पारे। यसअघि मुख्य अतिथिले माङहिमको भ्रमण गरी प्रार्थना गरे र आशीर्वाद ग्रहण गरे। उनले उत्सव स्थलमा राखिएका परम्परागत प्रदर्शनी कक्षहरूको पनि अवलोकन गरे।

तीनदिने ब्लुमिङ याङ्गाङ...

विस्तार गर्ने बाटोहरू खोज्ने अवसर प्रदान गऱ्यो।

सिक्किम सरकारको कृषि तथा बागवानी विकास विभाग र खाद्य प्रशोधन विभागको सहकार्यमा वाईटीडीसीद्वारा आयोजित यस महोत्सवको मुख्य उद्देश्य पुष्प खेतीलाई प्रोत्साहन गर्नु, स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्नु, दिगो जीविकोपार्जनका अवसर सिर्जना गर्नु र याङ्गाङलाई उदीयमान पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्नु थियो।

तीन दिनसम्म चलेको ब्लुमिङ याङ्गाङ २०२६ ले यस क्षेत्रको पुष्प विविधताको उत्सव मनाउन, कृषि उद्यमशीलतालाई बढ़ावा दिन र जीविकोपार्जनको वैकल्पिक स्रोतका रूपमा पुष्प खेतीको सम्भावनालाई उजागर गर्न एक मञ्चको काम गऱ्यो। यसले याङ्गाङको प्राकृतिक सौन्दर्य, स्थानीय परम्परा र सांस्कृतिक पहिचानलाई अझ फराकिलो दर्शकमाझ चिनाउने अवसर पनि जुटायो।

यस महोत्सवको दोस्रो संस्करणको सफल समापनले वाईटीडीसीको निरन्तर प्रयासमा अर्को महत्त्वपूर्ण कदम थपेको छ। यसले सामुदायिक पर्यटन, पुष्प खेती र दिगो ग्रामीण विकासलाई प्रवर्द्धन गर्नुका साथै यस क्षेत्रका मानिसहरूका लागि अर्थपूर्ण आर्थिक अवसर सिर्जना गर्न मद्दत पुऱ्याएको छ।

सिक्किम आइडलको अन्तरराष्ट्रिय...

मा अधिकतम दुई मिनटको भिडियोसहित आफ्नो सम्पर्क नम्बर र अडिशन गर्ने स्थानको जानकारी दिनुपर्नेछ। उनीहरूले +९१ ६२९६५२९८१३, +९१ ९४७५३७१००२ नम्बरमा ह्वाट्सएपमा पनि सोही विवरण पठाउन सक्नेछन्। डा. राईले भने, ''अनलाइन अडिशन गर्दा ट्रयाकमा गीत गाएर पठाउन मनाही छ। उनीहरूले विशुद्ध आफ्नो मौलिक स्वरमा गीत गाएर पठाउनुपर्नेछ। उनीहरूले चाहे केवल एउटा वाद्ययन्त्र बनाएर गीत गाएको भिडियो पठाउन सक्नेछन्।'' कनिष्ठ वर्गका विजेताले २ लाख, पहिलो उपविजेताले १.५ लाख र दोस्रो उपविजेताले एक लाख पाउनेछन्। उनीहरूलाई सरकारको तर्फबाट सङ्गीत र शिक्षाका लागि छात्रावृत्ति पनि प्रदान गरिनेछ। वरिष्ठ वर्गका विजेताले १० लाख, पहिलो उपविजेताले ५ लाख र दोस्रो उपविजेताले ३ लाख प्राप्त गर्नेछन्। सिक्किम आइडल तेस्रो संस्करणका संरक्षण सञ्जय दिलपाली राईले भने, ''मुख्यमन्त्री पीएस गोलेले तेस्रो संस्करण अन्तरराष्ट्रियस्तरको आयोजन गर्नुपर्ने भनेका थिए। उनले हाम्रा कलाकारहरू अन्य ठाउँमा अन्तरराष्ट्रियस्तरीय प्रतियोगितामा सहभागिता जनाउन जाने गरेको बताउँदै प्रतियोगिताका लागि सिक्किममै अन्तरराष्ट्रियस्तरका पारिस्थितिकीतन्त्र रहेको र सिक्किममै अन्तरराष्ट्रियस्तरको प्रतियोगिता आयोजन गर्नुपर्ने र गर्न सकिने बताएका थिए। सिक्किममा २०१९ यता कलाकारहरूले धेरै न्याय, वृद्धि र योग्य बन्ने परिवेश पाएका छन्। अब सिक्किमका प्रतियोगीहरू अन्तरराष्ट्रियस्तरका कलाकारहरूसँग जुझ्न योग्य रहेको परिकल्पनाका साथ सिक्किम आइडललाई अन्तरराष्ट्रियस्तरमा आयोजन गरिएको हो। यो मुख्यमन्त्री पीएस गोलेको मार्गदर्शन र सहयोगले सफल भएको हो।'' उनले जेत्शेन डोना लामाको दृष्टान्त प्रस्तुत गरे। उनले लामा, हिस्से शेर्पा र ओजस्वी गुरुङजस्ता कलाकारहरूको सफलताका लागि सरकारले दिएको टेवामाथि प्रकाश पारे। ''कलाकारहरूलाई समयमै सही बाटो देखायौँ भने उनीहरूले सिक्किमलाई विश्व मञ्चमा चिनाउने छन्''–राईले भने।

गान्तोकमा कम्प्युटेशनल म्याथम्याटिक्स...

कठोर प्रमाण आवश्यक रहेको अवलोकन गरे।

आफ्नो टिप्पणीमा एनआईटी सिक्किमका निर्देशक प्राध्यापक महेश चन्द्र गोविलले जटिल समकालीन चुनौतीहरूलाई सम्बोधन गर्न गणितीय मोडेलिङ, सङ्ख्यात्मक विधि, वैज्ञानिक कम्प्युटिङ र डेटा–सञ्चालित प्रविधिहरूको बढ़्दो महत्त्वलाई प्रकाश पारे। उनले कम्प्युटेशनल नतिजा सही, स्थिर र भरपर्दो हुनुपर्ने आवश्यकतामा जोड़ दिँदै गणित, इञ्जिनियरिङ, कम्प्युटर विज्ञान र अन्य सम्बन्धित क्षेत्रहरू सामेल गर्ने बृहत् अन्तरविषय अनुसन्धानको लागि आह्वान गरे।

यस अवसरमा आईसीसीएमए २०२६ को सारांश पुस्तक औपचारिक रूपमा मुख्य अतिथि राजु बस्नेतद्वारा विशिष्ट विशिष्ट व्यक्ति र सहभागीहरूको उपस्थितिमा विमोचन गरियो।

यस सम्मेलनमा कम्प्युटेशनल गणित र यसका प्रयोगहरूसँग सम्बन्धित समसामयिक विषयहरूमा केन्द्रित विभिन्न प्राज्ञिक तथा प्राविधिक सत्रहरू सञ्चालन गरिएका थिए। यी सत्रहरूले अनुसन्धानकर्ता, प्राध्यापक र विद्यार्थीहरूलाई आफ्ना कार्य प्रस्तुत गर्न, विचारहरूको आदान–प्रदान गर्न तथा अर्थपूर्ण प्राज्ञिक विमर्शमा संलग्न हुन एक महत्त्वपूर्ण मञ्च प्रदान गरे।

दुई दिनसम्म चलेको यस सम्मेलनमा भारत र विदेशका प्राज्ञ तथा अनुसन्धानकर्ताहरूद्वारा कुल १०१ वटा अनुसन्धान पत्र प्रस्तुत गरिए। तीमध्ये उत्कृष्ट १७ वटा अनुसन्धान पत्रलाई तिनको महत्त्वपूर्ण प्राज्ञिक योगदान र अनुसन्धानको गुणस्तरका लागि 'सर्वोत्कृष्ट अनुसन्धान पत्र पुरस्कार' प्रदान गरी सम्मान जनाइयो।

सम्मेलनको समापन समारोह ३० अक्टोबरमा नेशनल इन्स्टिट्युट अफ् टेक्नोलोजी सिलचरका निर्देशक प्राध्यापक दिलीप कुमार वैद्यको प्रमुख उपस्थितिमा सम्पन्न भयो। सहभागीहरूलाई सम्बोधन गर्दै प्राध्यापक वैद्यले आधुनिक विश्वका तीव्र रूपमा परिवर्तन भइरहेका आवश्यकता र चुनौतीहरूलाई सम्बोधन गर्न कम्प्युटेशनल गणितको बढ़्दो महत्त्वमाथि जोड़ दिए। उनले कम्प्युटेशनल विधि र नतिजाहरू सटीक, स्थिर र विश्वसनीय हुनुपर्ने आवश्यकता औँल्याए। साथै, वास्तविक विश्वका जटिल समस्याहरू समाधान गर्न गणित, इञ्जिनियरिङ, कम्प्युटर विज्ञान र अन्य वैज्ञानिक विषयहरूका बीच अन्तर–विषयक अनुसन्धान र सहकार्यको महत्त्वमाथि प्रकाश पारे।

आईसीसीएमए २०२६ को सफल समापनले सहभागी संस्थाहरूबीच प्राज्ञिक सहकार्य र अनुसन्धान साझेदारीलाई सुदृढ़ पार्ने दिशामा अर्को महत्त्वपूर्ण कदम अघि बढ़ाएको छ। यस सम्मेलनले कम्प्युटेशनल गणित र यसका प्रयोगहरूको तीव्र रूपमा विकसित भइरहेको क्षेत्रमा ज्ञानको आदान–प्रदान गर्न, अनुसन्धानलाई प्रवर्द्धन गर्न र सहकार्यलाई प्रोत्साहन दिन एक बहुमूल्य अन्तरराष्ट्रिय मञ्च प्रदान गऱ्यो।

आयोजकहरूले आईसीसीएमए २०२६ लाई सफलतापूर्वक सम्पन्न गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने सम्पूर्ण विशिष्ट अतिथि, वक्ता, अनुसन्धानकर्ता, सहभागी, प्रायोजक संस्था र आयोजक समितिका सदस्यहरूप्रति आभार व्यक्त गरेका छन्।

जनसङ्ख्या गणनाका प्रभारी र अतिरिक्त प्रभारी अधिकारीहरूको प्रशिक्षण कार्यशाला सम्पन्न

गान्तोक, ३१ अक्टोबर (आईपीआर): जनगणनाको दोस्रो चरण (जनसङ्ख्या गणना) सम्बन्धी प्रभारी अधिकारी र अतिरिक्त प्रभारी अधिकारीहरूका लागि एकदिने जिल्लास्तरीय सम्मेलन तथा प्रशिक्षण कार्यशाला शनिवार गान्तोकस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी)-को सम्मेलन कक्षमा सम्पन्न भएको छ।



सिक्किमका जनगणना सञ्चालन निर्देशक (डीसीओ) कर्मा आर बन्पोको उपस्थितिमा आयोजित यस कार्यक्रमको अध्यक्षता जिल्लापाल तथा मुख्य जनगणना अधिकारी अगवाने रोहन रमेशले गरेका थिए। कार्यक्रममा अतिरिक्त जिल्लापाल सिसुम वाङ्चुक भोटियाका साथै गान्तोक जिल्लाअन्तर्गत् प्रभारी अधिकारी, अतिरिक्त प्रभारी अधिकारी तथा प्राविधिक र स्थलगत अधिकारीहरूको सहभागिता रहेको थियो। सहभागीहरूलाई सम्बोधन गर्दै निर्देशक कर्मा आर बन्पोले जनगणना ऐनअन्तर्गत कानुनी जिम्मेवारीहरूबारे प्रकाश पारे। उनले यस राष्ट्रिय अभियानमा पूर्ण सार्वजनिक कवरेज, तोकिएको समयसीमाको कड़ाइका साथ पालना र तथाङ्कको प्रामाणिकता सबैभन्दा महत्त्वपूर्ण पक्ष रहेको विषयमा जोड़ दिए। उनले सबै प्रभारी अधिकारीलाई आ-आफ्नो कार्यक्षेत्रमा प्रभावकारी स्थलगत सुपरिवेक्षण सुनिश्चित गर्न र त्रुटिरहित ढङ्गले गणना कार्य सम्पन्न गर्न निर्देशन दिए।

जिल्लापाल अगवाने रोहन रमेशले सामाजिक-आर्थिक योजना तर्जुमा र नीति कार्यान्वयनका लागि जनसङ्ख्यासम्बन्धी तथ्याङ्क आधारस्तम्भ हुने विषयमा जोड़ दिए। उनले ग्रामीण र शहरी दुवै क्षेत्रका प्रशासनिक प्रमुखहरूलाई आपसी समन्वयमा काम गर्न, स्थलमा आउने समस्याहरूलाई तत्काल सम्बोधन गर्न र गणनाका क्रममा कोही पनि नछुटेको सुनिश्चित गर्न निर्देशन दिए। यसैगरी, सिक्किम डीसीओ कार्यालयका तथ्याङ्क अन्वेषक विमलेश कुमारले कार्यक्षेत्र निर्धारण, सुपरिवेक्षण संयन्त्र र डिजिटल तथ्याङ्क प्रमाणीकरण विधिबारे व्यावहारिक प्राविधिक प्रशिक्षण प्रदान गरे। यस कार्यशालामा मुख्य प्रभारी अधिकारी र अतिरिक्त प्रभारी अधिकारीहरूको उपस्थिति रहेको थियो, जसमा संयुक्त आयुक्त पेमा डब्ल्यू भोटिया (जीएमसी), महकुमा अधिकारी महेन्द्र छेत्री, नाण्डोकका खण्ड विकास अधिकारी (आरडीडी) टीटी गेन्सापा, राङ्काका खण्ड विकास अधिकारी छेवाङ दोर्जी भोटिया, तिन्तेकका खण्ड विकास अधिकारी पुरण राईसहित अन्य रहेका थिए।

गान्तोक जिल्लाभरि स्थलमा काम गर्दा कुनै बाधा नआओस् भन्ने सुनिश्चित गर्न कार्यक्षेत्रको सीमा निर्धारण र कार्य सञ्चालन प्रक्रियाहरूबारे स्पष्ट पार्दै अन्तरक्रियात्मक चर्चाका साथ यो कार्यशाला सम्पन्न भयो।

कार्थोक जीपीकेमा खेत बचाओ अभियान अन्तर्गत कार्यक्रम आयोजित

सोरेङ, ३१ अक्टोबरः खेत बचाओ अभियानअन्तर्गत, सोरेङ ब्लकको आत्माले सम्बन्धित सरकारी विभागहरूको सहकार्यमा शनिवार कार्थोक जीपीकेमा एक विशेष कार्यक्रम आयोजन गर्यो। माटोको स्वास्थ्य र पोषक तत्त्व प्रबन्धन विषयमा केन्द्रित यस कार्यक्रममा किसान र वैज्ञानिकहरूबीच अन्तरक्रिया तथा किसान गोष्ठीको आयोजन गरियो। यसको मुख्य उद्देश्य किसानहरूलाई दिगो कृषि अभ्यास, वैज्ञानिक फसल प्रबन्धन र उन्नत खेती प्रविधिहरूबारे सचेत गराउनु थियो।



कार्यक्रममा पञ्चायत सभापति तुलाराम छेत्री, उपसभापति फुङ हाङ्मा सुब्बा, पञ्चायत सदस्य पासाङ डिकी लेप्चा, कृषि विज्ञान केन्द्र (केभीके) गेजिङका प्रमुख तथा वरिष्ठ वैज्ञानिक भिषण प्रधान, बागवानी विभाग सोरेङका उपनिर्देशक भानु कुमार छेत्री, आत्मा सोरेङका उप परियोजना निर्देशक तथा कृषि उपनिर्देशक मनीष प्रधान, वन विभागका ब्लक अधिकारी रामबहादुर सुब्बा र कार्थोक जीपीयूका भीएलडब्ल्यू प्रभारी नवीन गुरुङलगायतका विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो।

कार्यक्रमको शुरुआत आत्मा सोरेङका उप-परियोजना निर्देशक मनीष प्रधानको स्वागत मन्तव्यबाट भयो। आफ्नो मन्तव्यमा उनले राष्ट्रव्यापी खेत बचाओ अभियानको महत्त्व र जमिनी स्तरमा कृषि अभ्यासलाई मजबुत पार्ने यसका उद्देश्यहरूबारे प्रकाश पारे। उनले किसानहरूलाई प्रधानमन्त्री किसान सम्मान निधि (पीएम-किसान), किसान क्रेडिट कार्ड (केसीसी) र प्रधानमन्त्री फसल बीमा योजना (पीएमएफबीवाई) लगायतका विभिन्न सरकारी पहलहरूबारे जानकारी दिए। साथै, उनले राज्यभरि र विशेष गरी सोरेङ ब्लकमा आत्माका उद्देश्य, गतिविधि र कार्यान्वयन प्रक्रियाबारे विस्तृत रूपमा बताउँदै किसानहरूलाई विभिन्न कृषि कार्यक्रमहरूमा सक्रिय रूपमा सहभागी हुन र उपलब्ध सुविधाहरूको लाभ लिन प्रोत्साहित गरे।

बागवानी विभाग सोरेङका उपनिर्देशक भानु कुमार छेत्रीले विभागद्वारा सञ्चालित विभिन्न योजनाहरूबारे जानकारी दिनुका साथै किसानहरूलाई ती योजनामार्फत प्रदान गरिने लाभ तथा सहयोग लिन आग्रह गरे।

वन विभागका ब्लक अधिकारी रामबहादुर सुब्बाले किसानहरूलाई आफ्नो कृषि कार्य निरन्तर अघि बढ़ाउन प्रोत्साहन दिए। साथै, उनले जङ्गली जनावरहरूका कारण फसलनालीमा हुने क्षतिलाई सम्बोधन गर्न आवश्यक मार्गदर्शन र सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे। केभीके गेजिङका प्रमुख तथा वरिष्ठ वैज्ञानिक भिषण प्रधानले उपस्थित सहभागीहरूलाई केभीकेको कार्यक्षेत्र र गतिविधि, विशेष गरी खेतबारीमा गरिने परीक्षण (ओएफटी), फसलका विभिन्न जातको प्रदर्शन र उन्नत कृषि प्रविधिको प्रसारबारे जानकारी गराए। उनले राष्ट्रव्यापी खेत बचाओ अभियानको महत्त्वमाथि जोड़ दिँदै यस्ता सचेतनामूलक कार्यक्रमहरू ब्लक (प्रखण्ड) स्तरमा सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए। उनले केभीकेको पहलमा उन्नत जातका पशुधन र बढ़ी उत्पादन दिने फसलका जातहरू वितरण गरिनेबारे पनि किसानहरूलाई जानकारी दिए। उनले किसानहरूलाई उत्पादकत्व बढ़ाउन र दिगो जीविकोपार्जन सुनिश्चित गर्न आधुनिक, उन्नत तथा वैज्ञानिक कृषि अभ्यास अपनाउन आग्रह गरे।

अन्तरक्रिया सत्रका क्रममा, किसानहरूले कीरा-फटेङ्ग्रा, रोग र जङ्गली जनावरहरूका कारण फसलमा हुने नोक्सानीबारे विभिन्न चिन्ता व्यक्त गरे। सम्बन्धित विभागका विशेषज्ञहरूले उनीहरूका समस्या समाधानका लागि बहुमूल्य सुझाउ र प्राविधिक मार्गदर्शन प्रदान गरे।

केभीके प्रमुखले कीरा र रोगका कारण हुने फसल नोक्सानी कम गर्न उचित बीउ छनोट, वैज्ञानिक तथा स्वच्छ नर्सरी प्रबन्धन र बीउ तथा बिरुवाको उपयुक्त उपचार विधि अपनाउन विशेष जोड़ दिए। उनले डल्ले खोर्सानीमा लाग्ने प्रमुख दुसीजन्य रोगहरूको पहिचान गरी समयमै रोकथाम तथा प्रबन्धनका उपाय अपनाउनुपर्ने महत्त्वबारे पनि प्रकाश पारे। यसका साथै, उनले किसानहरूलाई दिगो र उन्नत कृषि अभ्यास अपनाउन प्रोत्साहित गरे, जसमा भर्मिकम्पोस्ट (गन्यौंलो मल), भर्मिवास, जलकुण्ड, एजोला खेती, पञ्चगव्य, बीजामृत, वनस्पतिबाट बनाइएका झोल मल र एकीकृत जैविक कृषि प्रणाली सामेल छन्। उनले फसल नोक्सानी कम गर्न नियमित रूपमा खेतबारीको अनुगमन गर्ने, फसलमा देखिने समस्या समयमै पहिचान गर्ने र उचित रोकथामका उपाय अपनाउने कुरामा जोड़ दिए।

कार्यक्रमलाई सम्बोधन गर्दै पञ्चायत सभापति तुलाराम छेत्रीले किसानहरूलाई आफ्ना बाँझो र खाली जमिनलाई उत्पादनशील कृषि भूमिमा परिणत गर्न प्रोत्साहित गर्नुभयो। उनले कीरा-फटेङ्ग्रा, रोग, जङ्गली जनावर र प्राकृतिक प्रकोपका कारण हुने फसल नोक्सानीलाई प्रभावकारी रूपमा सम्बोधन गर्न सम्बन्धित विभागका विशेषज्ञहरूबाट प्राविधिक ज्ञान र मार्गदर्शन लिन पनि किसानहरूलाई आग्रह गरे। कार्यक्रमको एक भागको रूपमा अतिथि र पञ्चायत सदस्यहरूले प्रदर्शनी कक्षहरूको अवलोकन गरे, जहाँ पाँचवटा स्वयं सहायता समूह (एसएचजी)-ले आफूले घरमै तयार पारेका र जैविक विधिबाट उत्पादन गरेका सामग्रीहरू प्रदर्शन गरेका थिए। आफ्ना उत्पादहरूको गुणस्तर र प्रस्तुतीकरणका आधारमा रोज एसएचजी र सनफ्लावर एसएचजी नामक दुईवटा स्वयं सहायता समूहलाई नोभेम्बर महिनाको पहिलो हप्तातिर मङ्गलवारे महकुमामा आयोजन हुन गइरहेको जिल्ला किसान मेलामा सहभागी हुनका लागि छनोट गरिएको छ। आत्मा सोरेङ ब्लककी कृषि प्रविधि प्रबन्धक (एटीएम) ललिता राईले धन्यवाद ज्ञापन गरेपछि कार्यक्रम समाप्त भयो।

एसडीएफ टोलीद्वारा रिनाक क्षेत्रका विभिन्न गाउँको भ्रमण

गान्तोक, ३१ अक्टोबरः एसडीएफ मुख्यालय टोलीले शनिवार पाकिम जिल्लाअन्तर्गत रिनाक क्षेत्रका विभिन्न गाउँमा स्थलगत भ्रमण गरेको छ। गाउँ-गाउँका मानिसहरूसँग प्रत्यक्ष भेटघाट गर्दै टोलीले गाउँघरका हालखबरबारे जानकारी लियो। अहिले सिक्किमको अवस्था बिग्रेर गएको हुँदा कतिपय गाउँलेले दशैँमा पनि फर्सी र इस्कुसले छाक टार्ने अवस्थामा पुगेको गुनासो पोख्दै टोलीसँग अन्तरङ्ग कुराकानी गरे।

स्थानीयवासीले टोलीलाई 'सरकार मात्र भनेर नहुँदो रहेछ, सरकार त नेता र पार्टी अनुसारको हुँदो रहेछ' भन्दै आफ्ना दुःख साझा गरेको बताइएको छ। 'पवन चामलिङको पालामा सरकार यस्तो अबुझ थिएन। जनताका सारा गुनासा सुनिन्थ्यो। जनताका दुःख बुझिन्थ्यो। दशैँमा सबैका घर रङ्गिन्थे। सबैका घरमा खुशियाली आउँथ्यो। सबैका लागि दशैँ एकाम्य हुन्थ्यो। तर अहिले त त्यस्तो छैन। कसैका भागमा मासु छ त कसैका भागमा आँसु छ' भन्दै गाउँलेहरूले टोलीलाई दुःख बिसाएको एसडीएफका वरिष्ठ उपाध्यक्ष (प्रचार-प्रसार) अम्बर राईद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ।

टोलीले गाउँलेका परिवारमा परिआएका यी सबै दुःखका कारण आफैंले चिन्ने र सही निर्णय लिने सुझाउ राख्दै एसडीएफ पार्टी तथा पवन चामलिङलाई जनताका यी मर्महरूबारे राम्ररी थाहा रहेको कुरा बताएको छ। एसडीएफ पार्टी सिक्किमे जनताको यो दुःख देखेर चिन्तित छ। पवन चामलिङ हिजो पनि दुःखी-निमुखा सिक्किमे जनताकाका साथमा थिए भने आज पनि छन्। धेरै दुःखी नबन्ने चाँड़ै यस दुःखको निवारण गर्न पवन चामलिङ जनतामाझ आउने टोलीले स्थानीय जनगणलाई भरोसा दिलायो। भ्रमणकै क्रममा टोलीले कतिपय गाउँमा दुःखद निधन भएका शोकाकुल परिवारहरूसँग भेटघाट गर्दै शोक समवेदना प्रकट गऱ्यो। मृतकको आत्मशान्तिका निम्ति प्रार्थना गर्दै यस दुःखद परिस्थितिलाई सामना गर्ने क्षमता शोक सन्तप्त परिवारजनले प्राप्त गरोस् भनी कामना गरेको विज्ञप्तिमा उल्लेख छ।

सिक्किम लोक भवनमा जम्मू-कश्मीर र लद्दाखको स्थापना दिवस पालन



गान्तोक, ३१ अक्टोबर (हि.स.): सिक्किमस्थित लोक भवनमा शनिवार केन्द्रशासित प्रदेश जम्मू-कश्मीर र लद्दाखको स्थापना दिवस मनाइयो। ३१ अक्टोबर, २०१९ मा जम्मू-कश्मीरलाई पुनर्गठन गरी जम्मू-कश्मीर र लद्दाखलाई छुट्टाछुट्टै केन्द्रशासित प्रदेशका रूपमा औपचारिक मान्यता दिइएको थियो।

लोक भवनका अनुसार, भारत सरकारको 'एक भारत श्रेष्ठ भारत' कार्यक्रमअन्तर्गत उक्त समारोह आयोजन गरिएको हो। देशको एकता र अखण्डतालाई मजबुत बनाउनुका साथै विविधतामा एकताको भावनालाई उत्सवका रूपमा प्रवर्द्धन गर्नु यस अभियानको मुख्य उद्देश्य रहेको छ। यसै अभियानअन्तर्गत सिक्किम लोक भवनले विभिन्न राज्य तथा केन्द्रशासित प्रदेशहरूको स्थापना दिवस मनाउँदै आएको छ।

कार्यक्रमको शुरुआत संयुक्त सचिव दिवस गौतमको स्वागत मन्तव्यबाट भएको थियो। आफ्नो सम्बोधनमा उनले जम्मू-कश्मीर र लद्दाखको ऐतिहासिक महत्त्व, समृद्ध संस्कृति तथा विकास यात्राबारे प्रकाश पारे। समारोहमा लोकभवन परिवारका सदस्यहरूका साथै विभिन्न विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।

सोरेङको डनबस्को स्कूलमा विधायक गोलेद्वारा क्षेत्रीय अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उद्घाटन



सोरेङ, ३१ अक्टोबरः डनबस्को स्कूल र पूर्वविद्यार्थी सङ्घको संयुक्त तत्परतामा क्षेत्रीय अन्तरविद्यालय बास्केटबल प्रतियोगिता शनिवारदेखि शुरु भएको छ। सोरेङ-च्याखुङ निर्वाचन क्षेत्रका विधायक आदित्य गोलेले प्रतियोगिताको औपचारिक उद्घाटन गरे। प्रतियोगितामा सिक्किमका विभिन्न विद्यालय साथै दार्जीलिङ, कालेबुङ र सिलगढ़ीका विद्यालयका विद्यार्थीहरूले सहभागिता जनाएका छन्। प्रतियोगितामा छात्र-छात्रा दुवै वर्गका टोलीहरू सहभागी छन्। यसले विभिन्न क्षेत्रका युवा खेलाड़ीहरूलाई आफ्नो खेलकुद प्रतिभा, सामूहिक भावना र प्रतिस्पर्धात्मक क्षमताको प्रदर्शन गर्ने साझा मञ्च प्रदान गरेको छ। प्रतियोगिताको फाइनल खेल तथा समापन समारोह आगामी २ नोभेम्बरमा आयोजन गरिनेछ। यस अवसरमा विद्यालय परिसरमा विभिन्न सङ्घ-संस्था, विद्यार्थी तथा स्वयं सहायता समूह (एसएचजी)-द्वारा प्रदर्शनी एवं बिक्री कक्षहरू पनि स्थापना गरिएका छन्, जसको विधायक गोलेले रिबन काटेर उद्घाटन गरे। त्यसपछि उनले विभिन्न कक्षको भ्रमण गर्दै सहभागी सङ्घ-संस्था तथा समूहहरूले प्रदर्शनमा राखेका उत्पाद, सामग्री र गतिविधिहरूबारे जानकारी लिए।

कार्यक्रममा सोरेङका अतिरिक्त जिल्ला अधिकारी दयाराम विष्ट, अतिरिक्त जिल्लापाल (विकास) वाङ्दी शेर्पा, विभिन्न विभागका एसओडी तथा अधिकारी, जिल्ला पञ्चायत सदस्य, ग्राम पञ्चायत सभापति र सदस्यका साथै सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम) पार्टीका विभिन्न सङ्गठनात्मक जिम्मेवारीमा रहेका प्रतिनिधि तथा कार्यकर्ताहरूको उपस्थिति थियो।

भूटानमा परेको पानीले तोर्सा नदीको जलस्तर बढ़ायो, अहिले बाढ़ीको कुनै खतरा छैन

कोचबिहार, ३१ अक्टोबर (हिस): भूटानको पहाड़मा निरन्तर भइरहेको वर्षाको कारणले तोर्सा नदीको जलस्तर फेरि बढ्न थालेको छ। शनिवार बिहान लगभग ५ बजी नदीमा पानीको बहाव अचानक बढ़्यो। लामो समयदेखि लगभग सुक्खा रहेको नदीको जल स्तरले गर्दा स्थानीय मानिसहरूमा चिन्ता देखिएको छ, यद्यपि प्रशासनले हाल बाढ़ीको कुनै ठूलो खतरालाई अस्वीकार गरेको छ।

स्थानीय सूत्र अनुसार कोचबिहार शहर संलग्न ऐतिहासिक फाँसीघाट क्षेत्रमा नदीको बीचमा देखा परेको बालुवाका टापुहरूको केही भाग पानीमा डुबेका छ। दिउँसोसम्म पानीको सतह अझ बढ्न सक्ने अनुमान गरिएको छ। तर वर्तमान अवस्था एवं नदीको जलधारण क्षमतालाई ध्यानमा राख्दै प्रशासनले मानिसहरूलाई आतङ्कित नहुन आग्रह गरेको छ।

परिस्थितिलाई ध्यानमा राख्दै जिल्ला प्रशासन तथा सिँचाइ विभागले सतर्कता बढ़ाएको छ। सिँचाइ विभागले विशेष नियन्त्रण कक्ष खोलेको छ जहाँ नदीको जल स्तर चौबीसै घण्टा निगरानी भइरहेको छ। प्रशासनले नदीको किनारमा बसोबास गर्ने मानिसहरूलाई शान्त रहन र कुनै पनि प्रकारको अफवाहमा ध्यान नदिन अपील गरेको छ।

योकसममा बालिहाङ तोङ्नाम उत्सवको दोस्रो दिन विविध कार्यक्रम आयोजित

गेजिङ, ३१ अक्टोबर (आईपीआर): योकसमस्थित बलिहाङ तोङ्नाम समारोह समितिद्वारा आयोजित राज्यस्तरीय बलिहाङ तोङ्नाम २०२६ सांस्कृतिक पर्यटन महोत्सवको दोस्रो दिनको साँझको कार्यक्रममा गेजिङका जिल्लापाल तेञ्जिङ डी डेञ्जोङ्पा मुख्य अतिथिका रूपमा उपस्थित रहेका थिए। कार्यक्रम स्थलमा आइपुग्दा समारोह समितिका अध्यक्ष सङ्हाङ लिम्बू र समितिका अन्य सदस्यहरूले मुख्य अतिथिलाई परम्परागत शैलीमा न्यानो स्वागत जनाए। त्यसपछि, परम्परागत विधिअनुसार उनले माङ्हिममा प्रार्थना गरे र पेली-फाङ्शाम तथा तुम्येहाङबाट आशीर्वाद ग्रहण गरे।



यस कार्यक्रमको एक मुख्य आकर्षण समारोह समितिद्वारा गेजिङका जिल्लापाल तेञ्जिङ डी डेञ्जोङ्पालाई गरिएको सम्मान थियो। उदाहरणीय सेवा, परम्परागत पहिरनको प्रवर्द्धनमा पुऱ्याएको योगदान तथा यस क्षेत्र र जिल्लामा आइपर्ने आपदाका समयमा तत्काल र निरन्तर रूपमा देखाएको सक्रियताको कदर गर्दै सम्मान गरिएको हो। कार्यक्रमको क्रममा मुख्य अतिथिले त्यहाँ राखिएका परम्परागत स्थलहरूको पनि अवलोकन गरे, जसमा समुदायका परम्परागत उत्पादन, सांस्कृतिक अभ्यास र सम्पदा प्रदर्शन गरिएको थियो।

कार्यक्रममा नजिकैका विद्यालयका विद्यार्थीहरूद्वारा प्रस्तुत परम्परागत नृत्यहरूले समुदायको सांस्कृतिक सम्पदा र परम्परालाई झल्काएका थिए। यी प्रस्तुतिहरूले उत्सवको माहोललाई अझ जीवन्त बनाउनुका साथै युवा पुस्तामाझ रैथाने सांस्कृतिक अभ्यासहरूको संरक्षण र प्रवर्द्धनको महत्त्वलाई उजागर गरे। सिक्किम कञ्ज्युमर कोअपरेटिभ सोसाइटीकी अध्यक्ष शान्ति लिम्बूले धन्यवाद ज्ञापन गरेसँगै कार्यक्रमको औपचारिक सत्र सम्पन्न भयो। औपचारिक कार्यक्रमपछि परम्परागत धान नाच र गायन प्रस्तुतिहरूसहित उत्सव जारी रह्यो, जसले उत्सवको उत्साहलाई थप बढ़ायो र समुदायको समृद्ध सांस्कृतिक सम्पदालाई उजागर गऱ्यो।

मङ्गन जिल्लाका सबै पुलिस थानामा राष्ट्रिय एकता दिवसको शपथ ग्रहण कार्यक्रम

मङ्गन, ३१ अक्टोबर (हिस): राष्ट्रिय एकता दिवसको अवसरमा सिक्किमको मङ्गन जिल्लाअन्तर्गतका सबै पुलिस थानामा पुलिस अधिकारी तथा जवानहरूले राष्ट्रिय एकता दिवसको शपथ ग्रहण गरेका छन्। यस अवसरमा पुलिस कर्मचारीहरूले राष्ट्रको एकता, अखण्डता तथा सुरक्षाको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरे।



शपथमा राष्ट्रिय एकताको भावना सुदृढ़ बनाउने, राष्ट्रिय सद्भाव कायम राख्ने तथा सरदार वल्लभभाइ पटेलका आदर्शहरूलाई आत्मसात् गर्ने विषयमा जोड़ दिइएको थियो। भारतको एकीकरणमा सरदार वल्लभभाइ पटेलले पुऱ्याएको योगदानलाई स्मरण गर्दै उनको आदर्श र राष्ट्रप्रतिको समर्पणबाट प्रेरणा लिनुपर्ने सन्देश पनि कार्यक्रममा दिइयो।

मङ्गन जिल्ला पुलिसको यस कार्यक्रमले जनताको सेवामा समर्पित रहँदै राष्ट्रिय एकता, सद्भाव र नागरिकप्रतिको उत्तरदायित्व कायम राख्ने पुलिस सङ्गठनको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको बताइएको छ।

राष्ट्रिय एकता दिवस समारोहमा सिक्किमको सांस्कृतिक धरोहर र पर्यटन सम्भावना प्रस्तुत

गान्तोक, ३१ अक्टोबर (हिस): राष्ट्रिय एकता दिवसको अवसरमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ३० अक्टोबरमा गुजरातको एकता नगरस्थित सिक्किम पर्यटन विभागको प्रदर्शनी स्टलको अवलोकन गरे।

समारोहको उद्घाटनका क्रममा प्रधानमन्त्री मोदीले सिक्किमको प्रदर्शनी स्टलको भ्रमण गर्दै राज्यका प्रमुख पर्यटकीय गन्तव्य तथा समृद्ध सांस्कृतिक सम्पदाबारे जानकारी लिएका थिए। यस अवसरमा सिक्किमका परम्परागत हस्तकला, हातले बुनिएका कपड़ा तथा स्थानीय उत्पादलाई विशेष प्राथमिकताका साथ प्रस्तुत गरिएको थियो।

भ्रमणटो क्रममा सहायक निर्देशक पेडेन भोटियाले प्रधानमन्त्रीको भोकल फर लोकल अभियानको परिकल्पनाबारे प्रकाश पार्दै स्थानीय उत्पादको प्रवर्द्धन, परम्परागत कौशलको संरक्षण तथा स्थानीय कारिगरलाई राष्ट्रिय स्तरमा पहिचान दिलाउने राज्य सरकारको प्रतिबद्धता व्यक्त गरिन्। उनले मुख्यमन्त्री पीएस गोलेको मार्गदर्शनमा सिक्किमको पर्यटन क्षेत्रलाई थप उँचाइमा पुऱ्याउन राज्य सरकारले काम गरिरहेको बताइन्। यस राष्ट्रिय स्तरको समारोहमा सिक्किम पर्यटन विभागको सहभागिताले राज्यको विशिष्ट पहिचान, सांस्कृतिक सम्पदा र पर्यटन सम्भावनालाई देशभरका आगन्तुकमाझ परिचित गराउने अवसर प्रदान गरेको बताइएको छ। साथै, यसले दिगो पर्यटन, सांस्कृतिक संरक्षण तथा स्थानीय उद्यमशीलताको प्रवर्द्धनप्रति सिक्किम सरकारको प्रतिबद्धतालाई पनि प्रतिबिम्बित गरेको छ।



१ देखि १५ नोभेम्बरसम्म सञ्चालन हुने उक्त समारोहले देशका विभिन्न भागबाट आउने आगन्तुकलाई सिक्किमको सांस्कृतिक विविधता र पर्यटकीय आकर्षणबारे जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ। यस सहभागितामार्फत सिक्किमले 'एक भारत, श्रेष्ठ भारत'-को भावनालाई आत्मसात् गर्दै विविधतामा एकताको सन्देश प्रवाह गर्नुका साथै आफ्नो स्थानीय सम्पदा, हस्तकला र पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा परिचित गराउने प्रतिबद्धता व्यक्त गरेको छ।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक-737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक-737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386